# सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा

## कक्षा ६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७८

मुद्रण :

ISBN : 978-9937-601-56-6

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

विद्यार्थीमा देशप्रेम, राष्ट्रिय एकताको भावना, लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास एवम् विविधताप्रतिको सम्मानको भावना जगाई व्यावहारिक रूपले भाषिक तथा सञ्चार सिपको विकास गराउनु आवश्यक छ । यसै गरी विद्यार्थीमा सूचना र विचारको आदानप्रदान, सूचना प्रविधिको प्रयोग एवम् तार्किक शिल्पका माध्यमले सकारात्मक भावनाको विकास गरी वैज्ञानिक अवधारणालाई व्यवहारमा प्रयोग गर्ने दक्षता अभिवृद्धि पनि विशेष पक्षका रूपमा रहेको छ । विद्यार्थीमा नैतिकता, अनुशासन, सामाजिक र मानवमूल्यबोध तथा चारित्रिक र नागरिक गुण तथा बोधगम्य भाषाको विकास एवम् वातावरण संरक्षण र दिगो विकासप्रतिको सजगता अपेक्षित छ । कक्षाकोठाको सिकाइले विद्यार्थीमा शारीरिक तन्दुरुस्ती, स्वस्थ्यकर जीवनशैली, जीवयोपयोगी सिप, पेसा र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप विकास गर्न सक्नुपर्छ । विद्यार्थीहरूले नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण गरी सिर्जनात्मक प्रयोग गर्न सक्नुपर्छ । उनीहरूमा सामाजिक र भौगोलिक परिवेश बोध र सद्भाव एवम् सहअस्तित्वबोधका माध्यमले दैनिक जीवनमा आइपर्ने समस्याको समाधान गर्ने शिल्प पनि विकास हुन आवश्यक छ । यस पक्षलाई दृष्टिगत गरी आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६) अनुसार तयार गरिएको यस पाठ्यपुस्तकलाई देशका विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त सुझावसमेत समायोजन गरी देशव्यापी रूपमा प्रयोग गर्ने उद्देश्यले यस रूपमा विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखन श्री गोविन्द भण्डारी र श्री माधवप्रसाद दाहालबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा यस केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, पूर्व महानिर्देशक श्री केशवप्रसाद दाहाल, प्रा.डा विनयकुमार कुशियैत, प्रा.डा. भवेश्वर पंगेनी, प्रा.डा. कृष्णप्रसाद पौडेल, श्री रोहितराम रेग्मी, श्री ध्रुवराज थापा र श्री रेनुका पाण्डे भुसालको योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन श्री हेमराज खतिवडा र श्री सरस्वती भट्टराईबाट, भाषा सम्पादन श्री गणेशप्रसाद भट्टराई र श्री चिनाकुमारी निरौलाबाट भएको हो । यसको लेआउट डिजाइन श्री सन्तोषकुमार दाहाल, चित्राङ्कन श्री देव कोइमीबाट भएको हो । उहाँहरूलगायत यसको विकासमा संलग्न सम्पूर्णप्रति केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यस पाठ्यपुस्तकको प्रयोगबाट पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न विद्यार्थीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यस पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७८ | पाठ्यक्रम विकास केन्द्र

## विषयसूची


| इकाइ | विषयवस्तु | पृष्ठसङ्ख्या |
| --- | --- | --- |
| **एकाइ-एक** | **हामी र हाम्रो समाज** | **१-१९** |
| पाठ १ | समाज र समुदाय | २ |
| पाठ २ | समाज निर्माणका आधारहरू | ५ |
| पाठ ३ | गाउँपालिका र यसले प्रदान गर्ने सेवाहरू | ८ |
| पाठ ४ | नगरपालिका र यसले प्रदान गर्ने सेवाहरू | ११ |
| पाठ ५ | स्थानीय तहमा विकास कार्यहरू | १४ |
| पाठ ६ | विकासका पूर्वाधारहरू | १७ |
| **एकाइ-दुई** | **हाम्रा मानव मूल्य मान्यता** | **२०-४९** |
| पाठ १ | आत्मअनुशासन | २१ |
| पाठ २ | सामाजिक व्यवहार | २४ |
| पाठ ३ | हाम्रा चाडपर्वहरू | २९ |
| पाठ ४ | हाम्रो राष्ट्रिय गौरव | ३४ |
| पाठ ५ | हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदा | ३९ |
| पाठ ६ | बालक्लब र स्काउट | ४३ |
| पाठ ७ | राष्ट्रिय व्यक्तित्व | ४७ |
| **एकाइ-तीन** | **नागरिक चेतना, कर्तव्य र अधिकार** | **५०-७२** |
| पाठ १ | हामी नागरिक | ५१ |
| पाठ २ | हामी नागरिक : हाम्रा अधिकार | ५३ |
| पाठ ३ | हाम्रा कर्तव्य | ५६ |
| पाठ ४ | लोकतान्त्रिक मूल्य र मान्यता | ५९ |

| | | |
|---|---|---|
| पाठ ५ | हामी बालबालिका : हाम्रा अधिकार र कर्तव्य | ६१ |
| पाठ ६ | हाम्रा सामाजिक नियम | ६४ |
| पाठ ७ | हाम्रो सुरक्षा | ६७ |
| पाठ ८ | ट्राफिक नियमको पालना गरौं | ७० |
| **एकाइ-चार** | **सामाजिक समस्या र समाधान** | **७३-८७** |
| पाठ १ | सामाजिक समस्या र विकृति | ७४ |
| पाठ २ | सामाजिक समस्या र विकृतिको समाधान | ७७ |
| पाठ ३ | सामाजिक समस्या र विकृति समाधानमा व्यक्ति, परिवार र सङ्घसंस्थाको भूमिका | ८० |
| पाठ ४ | विवाद | ८३ |
| पाठ ५ | विवाद समाधान | ८६ |
| **एकाइ-पाँच** | **हाम्रो विगत** | **८८-१११** |
| पाठ १ | नेपालको एकीकरण : जनसहभागिता | ८९ |
| पाठ २ | नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मी र बहादुर शाह | ९३ |
| पाठ ३ | नेपाल अङ्ग्रेज युद्ध | ९५ |
| पाठ ४ | राणा शासन : राजनीतिक, सामाजिक र आर्थिक अवस्था | ९९ |
| पाठ ५ | वि.सं. २००७ देखि हालसम्मका राजनीतिक घटनाक्रम | १०२ |
| पाठ ६ | सामाजिक तथा आर्थिक उपलब्धि : वि.सं. २००७ देखि हालसम्म | १०५ |
| पाठ ७ | मिथिला सभ्यता | १०९ |
| **एकाइ- छ** | **नेपालका आर्थिक क्रियाकलापहरू** | **११२-१२८** |
| पाठ १ | हाम्रा आर्थिक क्रियाकलाप : परिचय र महत्त्व | ११३ |
| पाठ २ | हाम्रा आर्थिक क्रियाकलाप : कृषि र उद्योग | ११६ |

| | | |
|---|---|---|
| पाठ ३ | हाम्रा आर्थिक क्रियाकलाप : सेवा र व्यापार | ११९ |
| पाठ ४ | हाम्रो पर्यटन : हाम्रो गौरव | १२१ |
| पाठ ५ | हाम्रा आर्थिक स्रोत साधन : भूमि र जलस्रोत | १२४ |
| पाठ ६ | हाम्रा आर्थिक साधन : वन, खनिज र मानव संसाधन | १२६ |
| **एकाइ–सात** | **हाम्रो पृथ्वी** | **१२९–१७३** |
| पाठ १ | पृथ्वीको परिचय | १३० |
| पाठ २ | अक्षांश र देशान्तर | १३४ |
| पाठ ३ | पृथ्वीको बाहिरी तहको बनोट | १३७ |
| पाठ ४ | नेपालको भौगोलिक विवरण | १४६ |
| पाठ ५ | नेपालको हावापानी | १४९ |
| पाठ ६ | नदी, हिमनदी र तालहरू | १५३ |
| पाठ ७ | प्राकृतिक वनस्पति | १५६ |
| पाठ ८ | प्राकृतिक सम्पदा र मानव सम्बन्ध | १५९ |
| पाठ ९ | नेपालका प्राकृतिक स्रोतहरू | १६२ |
| पाठ १० | नक्सा अध्ययन | १६७ |
| पाठ ११ | विपद् व्यवस्थापन | १६९ |
| **एकाइ–आठ** | **जनसङ्ख्या र यसको व्यवस्थापन** | **१७४–१९०** |
| पाठ १ | जनसङ्ख्या र जनसाङ्ख्यिकी | १७५ |
| पाठ २ | जनगणना ऐतिहासिकता, परिचय र महत्त्व | १७८ |
| पाठ ३ | जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू | १८१ |
| पाठ ४ | नेपालको जनसङ्ख्याको अवस्था | १८३ |
| पाठ ५ | जनसङ्ख्या व्यवस्थापन | १८६ |
| पाठ ६ | जनसङ्ख्या व्यवस्थापन र स्थानीय निकायको भूमिका | १८८ |

| | | |
|---|---|---|
| **एकाइ–नौ** | **अन्तर्राष्ट्रिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि** | **१९१–२०६** |
| पाठ १ | नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध | १९२ |
| पाठ २ | नेपालको विकासमा अन्तर्राष्ट्रिय सहयोग | १९५ |
| पाठ ३ | सूचना प्रविधि | १९८ |
| पाठ ४ | सामाजिक सञ्जालको उचित प्रयोग | २०१ |
| पाठ ५ | समसामयिक गतिविधि | २०४ |

एकाइ
एक

# हामी र हाम्रो समाज

## सिकाइ उपलब्धि

- समाज र समुदायको अवधारणा र समाज निर्माणका आधार उल्लेख गर्न
- गाउँपालिका/नगरपालिकाको परिचय दिई यसका संरचना र सेवाहरू उल्लेख गर्न
- आफ्नो गाउँपालिका/नगरपालिकाभित्र भएका विकासका कार्यहरूको सूची तयार गर्न
- विकासका पूर्वाधारको परिचय र महत्त्व उल्लेख गरी मुख्य मुख्य विकासका पूर्वाधारहरू पहिचान गर्न






पाठ १

# समाज र समुदाय

कक्षामा समूहगत कार्यअन्तर्गत शिक्षकले कक्षालाई चार समूहमा विभाजन गर्नुभयो । विद्यार्थीहरूलाई पुस्तकालयमा गई वा जानकार व्यक्तिलाई भेटी अध्ययन र छलफल गर्न भनिएको थियो । भोलिपल्ट प्रत्येक समूहले आआफ्नो समूहको प्रस्तुति यसरी गरे :

### समूह : 'क'

नमस्कार, हाम्रो समूहलाई समाजको अवधारणासम्बन्धी खोजी गरेर प्रस्तुत गर्न भनिएको थियो । हामीले तयार पारेको प्रस्तुतीकरण यसप्रकार छ :

(क) मानिसहरूको समूहबिचको अन्तरक्रिया, सम्बन्ध र व्यवहार नै समाज हो ।

(ख) समाज भन्नाले मानिसहरूको समूह र घरबस्तीको संरचना हो ।

(ग) समाज व्यक्तिहरूको सम्बन्धमा आधारित हुन्छ ।

(घ) समाजका मानिसहरू एकअर्कामा निश्चित सम्बन्धमा जोडिएका हुन्छन् ।

(ङ) समाज सर्वव्यापी हुन्छ र संसारको जुनसुकै ठाउँमा समाजको अस्तित्व पाइन्छ ।

(च) समाज परिवर्तनशील हुन्छ र सामाजिक गतिविधिहरू चाडपर्व, रीतिरिवाज, संस्कार आदि समयसँगै परिवर्तन हुन्छन् ।

(छ) समाजमा सहयोग, सम्मान, माया, ममता तथा सङ्घर्ष पनि हुन्छ ।

(ज) समाजमा व्यक्ति, परिवार र जातजाति तथा विभिन्न सङ्घसंस्थाहरू हुन्छन् ।

### समूह : 'ख'

नमस्कार, हाम्रो समूहलाई समुदायको अवधारणा खोजी गरेर प्रस्तुत गर्न भनिएको थियो । हामीले समुदायसम्बन्धी निम्नलिखित अवधारणा पायौँ :

(क) एउटै भूभागमा बसोबास गर्ने, एकआपसमा आश्रित र सामूहिक पहिचान बोकेका मानिसहरूको समूहलाई समुदाय भनिन्छ ।

(ख) समुदायको उदाहरणका रूपमा क्षेत्री समुदाय, ब्राह्मण समुदाय, गुरुङ समुदाय, नेवार समुदाय, मगर समुदाय आदिलाई लिन सकिन्छ ।

(ग) समुदाय जात, पेसा, वर्ण, व्यवसाय आदिका आधारमा निर्माण हुन्छ ।

(घ) समुदाय समानतामा आधारित हुन्छ ।

(ङ) समुदाय स्थायी प्रकृतिको हुन्छ ।

(च) समुदायको भौगोलिक क्षेत्र निश्चित हुन्छ ।

(छ) समुदायमा सामूहिकताको भावना पाइन्छ ।

(ज) समुदायमा व्यक्तिको खास नाम र पहिचान हुन्छ ।

(झ) समुदायमा स्थानीयताको भावना हुन्छ ।

### समूह : 'ग'

नमस्कार, हाम्रो समूहलाई समुदाय र समाजबिचको समानता खोजी गरेर प्रस्तुत गर्न भनिएको थियो । हामीले समुदाय र समाजबिचको निम्नलिखित समानता पायौँ :

(क) समाज र समुदाय दुवैमा सामूहिकताको भावना हुन्छ ।

(ख) दुवैमा सदस्यहरूबिच सामाजिक जिम्मेवारी बाँडफाँड भएको हुन्छ ।

(ग) दुवैमा सुरक्षा र एकता पाइन्छ ।

(घ) दुवैमा आपसी सहकार्य र मेलमिलाप हुन्छ ।

### समूह : 'घ'

नमस्कार, हाम्रो समूहलाई समुदाय र समाजबिचका भिन्नता पहिचान गरी प्रस्तुत गर्न भनिएको थियो । हामीले समुदाय र समाजबिचका निम्नलिखित भिन्नता पायौँ :

| समाज | समुदाय |
|---|---|
| १. समाज सामाजिक सम्बन्धको जालो हो । | १. समुदायले निश्चित स्थानमा फैलिएर बसेका मानिसको समूहलाई जनाउँछ । |
| २. समाजका लागि स्पष्ट भौगोलिक क्षेत्र आवश्यक पर्दैन । | २. समुदायले स्पष्ट रूपमा एक निश्चित भौगोलिक क्षेत्र वा स्थानीयतालाई जनाउँछ । |

| | |
|---|---|
| ३. समाज बृहत् हुन्छ । | ३. समुदाय सापेक्षिक रूपमा सानो हुन्छ । |
| ४. समाजका रुचि र उद्देश्य बृहत् र भिन्न प्रकृतिका हुन्छन् । | ४. समुदायका रुचि र उद्देश्य सापेक्षिक रूपमा समान र साना हुन्छन् । |
| ५. समाजमा समानता र विविधता दुवै पाइन्छ । | ५. समुदायमा समानता बढी पाइन्छ । सामूहिक रुचि बढी हुन्छ । |
| ६. मानवीय सम्बन्ध रहे तापनि सबै मानिसबिच 'हामी' भन्ने भावना तुलनात्मक रूपमा कम हुन्छ । | ६. 'हामी' भन्ने भावना तुलनात्मक रूपमा बढी हुन्छ । |

## अभ्यास

१. समाज भनेको के हो ?

२. समुदाय भनेको के हो ?

३. समाजबाट हामीलाई के के फाइदा हुन्छ ?

४. समाज र समुदायमा के के समानता छन् ?

५. समाज र समुदायबिचका भिन्नता लेख्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको समाजमा के कस्ता विशेषताहरू पाइन्छन्, खोजी गरेर लेख्नुहोस् ।

२. तपाईं आफ्नो कक्षामा हुने समूह कार्य र कक्षा क्रियाकलापलाई कसरी समाजसँग तुलना गर्नुहुन्छ ? साथीसँग छलफल गरेर मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।

३. तलको चार्ट केसँग सम्बन्धित छ, छलफल गर्नुहोस् र त्यस्तै चार्ट निर्माण गर्नुहोस् :



पाठ
२

# समाज निर्माणका आधारहरू

समाज निर्माणमा सामाजिक परम्परा र संस्कारको भूमिका महत्त्वपूर्ण हुन्छ । एकआपसमा सहयोग र सद्भाव कायम राख्दा होस् वा कुनै सामूहिक काममा संलग्न रहँदा समाज निर्माणका आधारहरू तयार भइरहेका हुन्छन् । त्यस्तै विभिन्न आवश्यकता पूर्तिमा संलग्न रहँदा पनि यस्ता आधारहरू बनिरहेका हुन्छन् । यस पाठमा समाज निर्माणका विभिन्न आधारहरूको चर्चा गरिएको छ ।

१. **सुरक्षा :** आदिम समाजमा मानिसहरू खानेकुराको खोजीमा धेरै ठाउँमा डुल्नुपर्ने भयो । उनीहरूलाई जङ्गली जनावर र शत्रुका कारण असुरक्षाको स्थिति रह्यो । मानिसहरू शत्रुहरू र जङ्गली जनावरसँग बच्न झुन्ड झुन्ड बनाएर बस्न थाले । यसरी मानिसहरू झुन्डमा बस्ने क्रममा समाजको विकास भएको पाइन्छ ।



२. **आवश्यकता परिपूर्ति :** समाजको उत्पत्ति सामाजिक आवश्यकता पूरा गर्न भएको हो । समाजमा विद्यमान आवश्यकता एक जनाले मात्र पूरा गर्न सकिँदैन । यसका लागि सामूहिक रूपमा लाग्नुपर्दछ । यसैले समाजको आवश्यकता पूरा गर्न मानिसहरूले समाजको निर्माणमा लागेका हुन् । सो कारण आवश्यकताको परिपूर्ति समाज निर्माणको आधार बन्न पुग्यो ।

३. **सामूहिक कार्य** : व्यक्ति व्यक्ति मिलेर साझा उद्देश्य प्राप्त गर्न गरिने कार्यलाई सामूहिक कार्य भनिन्छ । मानिसहरू विकास निर्माण कार्य गर्दा, सामाजिक सांस्कृतिक चाडपर्व मनाउँदा सामूहिक रूपमा मनाउँछन् । समूहका सबै मानिसहरू भेला भएर एकअर्कालाई सहयोग गर्छन् । यसरी सामूहिक कार्यबाट पनि समाज विकासको आधार तयार भएको पाइन्छ ।



४. **जिम्मेवारी** : समाजमा बस्ने मानिसहरूबिच विभिन्न कामको जिम्मेवारी बाँडफाँड गरिएको हुन्छ । सबै काम एउटै व्यक्तिले गर्न सक्तैन । कसैले लुगा सिउने, कसैले जुत्ता सिलाउने, कसैले फलामको काम गर्ने जस्ता पेसा अपनाएका हुन्छन् । यी जिम्मेवारी पूरा गर्न विभिन्न पेसा भएका व्यक्तिहरू एउटै ठाउँमा बसोबास गर्छन् । यसरी नै भाषा संस्कृति रहनसहन आदिमा समानता कायम भई समाज बन्दछ । त्यसैले जिम्मेवारी पनि समाज निर्माणको आधार हो ।

५. **सहयोग र सद्भाव** : समाज हुनका लागि सदस्यहरूबिच आपसी सहयोग आवश्यक पर्छ । सद्भावले अरूको भावनाको कदर गर्ने बानीको विकास गराउँछ । सहयोग र सद्भावले मानिसलाई साझा उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ ।

६. **सामाजिक परम्परा र संस्कार** : परम्परा भन्नाले पहिलेदेखि चलिआएका रीतिथिति संस्कार र चालचलन भन्ने बुझिन्छ । मानिसहरूले जीवनयापन गर्ने क्रममा यस्ता चालचलन र संस्कारहरू विकास भएका पाइन्छन् । यी परम्परा र संस्कारहरू सामाजिक उद्देश्य वा आवश्यकता पूरा गर्न विकास गरिएका हुन्छन् । त्यसैले सामाजिक परम्परा र संस्कार समाज निर्माणका महत्त्वपूर्ण आधारहरू हुन् ।

७. रुचि : समाज निर्माणको अर्को महत्त्वपूर्ण आधार रुचि पनि हो । समान रुचि भएका मानिसहरू एक ठाउँमा बस्न, विचार व्यवहार आदि परस्पर साटासाट गर्न थाले ।

मानिसहरू समूहमा बस्न र अन्तरक्रिया गर्न थाले । त्यही क्रममा समाजको विकास भएको पाइन्छ ।

उल्लिखित कारणहरूले गर्दा समाज निर्माण हुने वातावरण तयार हुने भएकाले यिनीहरूलाई समाज निर्माणको आधार मानिन्छ ।

## अभ्यास

१. समाज निर्माणका आधार स्पष्ट रूपमा उल्लेख गर्नुहोस् ?

२. सामाजिक परम्पराले कसरी समाज निर्माणमा सहयोग पुग्छ ?

३. तपाईंको कक्षामा समाज निर्माणका कुन कुन आधारहरू पाउनुहुन्छ, उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. पाठमा दिइएका बाहेक समाज निर्माणका आधारहरू अन्य पनि हुनसक्छन् । यस्ता आधारहरू खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईं बस्ने समाज र तपाईंको साथी बस्ने समाजमा के कस्ता समानता वा भिन्नता पाइन्छन् ? जोडी जोडीमा छलफल गरी टिपोट गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समाजमा प्रचलित कुनै एउटा सामाजिक समारोह, त्यसमा मानिसहरूको संलग्नता वा मानिसले गर्ने गतिविधिहरू अवलोकन गरेर प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ३

# गाउँपालिका र यसले प्रदान गर्ने सेवाहरू




मेरो नाम रेन्जिन लामा हो । म बस्ने गाउँपालिकाको नाम डोल्पो बुद्ध गाउँपालिका हो । यो डोल्पा जिल्लामा पर्दछ । जनसङ्ख्या र निश्चित भौगोलिक अवस्थितिका आधारमा ग्रामीण क्षेत्रमा रहेका स्थानीय तहलाई गाउँपालिका भनिन्छ । नेपालमा हाल जम्मा ४६० गाउँपालिकाहरू छन् । हाम्रो गाउँपालिकामा गाउँसभा र गाउँकार्यपालिकाको गठन गरिएको छ जुन यसप्रकार छ :

| गाउँ सभाको गठन | | |
|---|---|---|
| (क) | गाउँपालिकाका अध्यक्ष | १ जना |
| (ख) | गाउँपालिकाका उपाध्यक्ष | १ जना |
| (ग) | प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष | ६ जना |
| (घ) | प्रत्येक वडाबाट निर्वाचित दुई महिला (दलित एक) सहित चार जना सदस्यहरू | २४ जना |
| (ङ) | गाउँपालिका भित्रका दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्यहरू | २ जना |

गाउँ सभाका सदस्यहरूको सङ्ख्या गाउँपालिकाको वडाको सङ्ख्यामा भर पर्दछ । हाम्रो गाउँपालिकामा जम्मा छओटा वडाहरू छन् । त्यसैले यस गाउँपालिकाको गाउँसभामा अध्यक्ष, उपाध्यक्ष्य, वडाध्यक्ष र सदस्यहरूसहित ३४ जना हुन्छन् ।

| हाम्रो गाउँ कार्यपालिकाको गठन | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | १ जना |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | १ जना |
| (ग) प्रत्येक वडाका वडाध्यक्षहरू | ६ जना |
| (घ) गाउँसभाले निर्वाचित गरेका महिला सदस्यहरू | ४ जना |
| (ङ) गाउँसभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका | २ जना |

कानुनअनुसार गाउँपालिकामा वडाको सङ्ख्या ५-२१ सम्म हुने व्यवस्था छ । त्यसैले हाम्रो गाउँ कार्यपालिकामा १४ जना सदस्यहरू छन् । गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरू निम्नानुसार छन् :

(क) गाउँपालिकाले स्थानीय जनताका लागि आवश्यक पर्ने सेवाहरूको व्यवस्था गर्दछ ।

(ख) स्थानीय स्तरका विकास आयोजनाहरू सञ्चालन गर्दछ ।

(ग) स्थानीय एफ.एम. सञ्चालन गर्दछ ।

(घ) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्ने कार्य गर्दछ ।

(ङ) विभिन्न प्रकारका करहरू सङ्कलन गर्ने कार्य गर्दछ ।

(च) सहकारीको रेखदेख गर्ने कार्य गर्दछ ।

(छ) आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, सामाजिक सुरक्षा र व्यवस्थापनसम्बन्धी कार्य पनि गर्दछ ।

## अभ्यास

१. गाउँपालिकामा कतिओटा वडा हुन्छन् ?

२. गाउँसभाको अध्यक्ष को हुन्छ ?

३. गाउँसभाको गठन विधि लेख्नुहोस् ।

४. गाउँकार्यपालिकाको गठन विधि उल्लेख गर्नुहोस् ।

५. गाउँपालिकाका कार्यहरू लेख्नुहोस् ।

## क्रियाकलाप

१. तपाईं आफू बस्ने स्थानीय पालिकाको संरचनाको खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईं बस्ने स्थानीय पालिकाले के कस्ता सेवा सुविधा प्रदान गरेका छन्, खोजी गरेर लेख्नुहोस् ।

## परियोजना कार्य

स्थानीय तहअन्तर्गतको सेवा प्रदान गर्ने कार्यालयको भ्रमण गरी त्यहाँबाट प्राप्त हुने सेवा, सेवाप्रदान गर्दा आइपरेका कठिनाइ सम्बन्धमा सोधखोज गरी प्राप्त उत्तरका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ४

# नगरपालिका र यसले प्रदान गर्ने सेवाहरू

जनसङ्ख्या, निश्चित भौगोलिक अवस्थिति र सहरी विकासका पूर्वाधारका आधारमा स्थापना भएका स्थानीय तहलाई नगरपालिका भनिन्छ । नगरपालिकामा न्यूनतम ९ देखि ३५ ओटासम्म वडाहरू हुन्छन् । नगरपालिकालाई जनसङ्ख्या, आयस्रोत र अन्य पूर्वाधारका आधारमा तीन प्रकारमा विभाजन गरिएको छ । सोही आधारमा नेपालमा हाल २७६ ओटा नगरपालिका, ११ ओटा उपमहानगरपालिका र छओटा महानगरपालिकाहरू छन् । प्रत्येक नगरपालिकामा नगरसभा, नगरकार्यपालिका र न्यायिक समिति हुन्छन् ।




## नगर सभाको गठन

(क) सम्बन्धित नगरपालिकाका अध्यक्ष (१ जना)

(ख) सम्बन्धित नगरपालिकाका उपाध्यक्ष (१ जना)

(ग) प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष (जति वडा त्यति नै जना)

(घ) प्रत्येक वडाबाट निर्वाचित एक महिला र एक दलित महिलासहित चार जना सदस्यहरू (वडा सङ्ख्याअनुसार हुने)

(घ) नगर कार्यपालिकाले दलित र अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका सदस्यहरू (३ जना)

## नगर कार्यपालिकाको गठन विधि

(क) प्रत्यक्ष निर्वाचित नगरपालिकाका प्रमुख (१ जना)

(ख) प्रत्यक्ष निर्वाचित नगरपालिकाका उपप्रमुख (१ जना)

(ग) प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्षहरू (वडाको सङ्ख्याअनुसार)

(घ) नगरसभाले निर्वाचित गरेका महिला सदस्य (५ जना)

(ङ) दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका सदस्य (३ जना)

## नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरू

(क) स्थानीय सडक निर्माण र मर्मत गर्ने

(ख) स्थानीय स्तरका खानेपानी, जलविद्युत् र ऊर्जासम्बन्धी कार्य गर्ने

(ग) स्थानीय स्तरमा एफ.एम. सञ्चालन गर्ने

(घ) तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन गर्ने

(ङ) सम्पत्ति कर, घरजग्गा रजिस्ट्रेसन, सवारी साधन कर जस्ता स्थानीय करहरू सङ्कलन गर्ने

(च) मालपोत सङ्कलन गर्ने

(छ) आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षासम्बन्धी कार्य गर्ने

(ज) कृषि र पशुपालनसम्बन्धी सहयोग तथा परामर्श प्रदान गर्ने

### अभ्यास

१. नगरपालिकाको परिचय दिनुहोस् ।

२. नेपालमा कतिओटा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका छन् ?

३. तपाईं बस्ने नगरपालिकाको नगर कार्यपालिकाको संरचना उल्लेख गर्नुहोस् ।

४. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाको सूची बनाउनुहोस् ।

५. नगरसभा र नगर कार्यपालिकाको समानता र भिन्नता तालिकामा देखाउनुहोस् ।

६. आफू बस्ने गाउँ वा नगरपालिकाको प्रमुख र उपप्रमुखको नाम लेख्नुहोस् ।

## क्रियाकलाप

१. तपाईं बस्ने नगरपालिकाभित्र भएका विद्यालय, धार्मिक महत्त्वका स्थल, नदीनाला, ताल, जङ्गल आदिको सूची बनाई छलफल गर्नुहोस् ।

२. तपाईं बस्ने गाउँ वा नगरपालिकाको स्थानीय न्यायिक समिति कसरी गठन भएको छ ? स्थानीय जानकार व्यक्तिलाई सोधी यस समितिका कार्यहरूसमेत खोजी गर्नुहोस् ।

पाठ ५

# स्थानीय तहमा विकास कार्यहरू

स्थानीय तहमा हुने विकासका गतिविधिले समग्र देशको विकासमा सहयोग पुऱ्याउँछ । गाउँपालिका, नगरपालिकाहरूले स्थानीय स्तरमा सडक निर्माण, खानेपानी जस्ता विकास निर्माणका कार्य गर्ने गरेका छन् । वनजङ्गल संरक्षण, विपद् व्यवस्थापनका लागि जनतालाई सुसूचित गर्ने कार्य गर्दछन् । वातावरण संरक्षण र सरसफाइका कार्य पनि सञ्चालन गरेका छन् । त्यसै गरी भूकम्प प्रतिरोधी घर निर्माण गरेर भविष्यमा सङ्कट आउन नदीन भूमिका खेलेको पाइन्छ । सामान्य प्रकारका झैझगडा लिएर अदालत जाने परिपाटीको अन्त्य भएको छ । सानातिना मुद्दाहरू उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समितिले छिनोफानो गर्ने व्यवस्था छ ।



स्थानीय तहमा शान्ति सुव्यवस्था कायम गर्न गाउँ, नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहमा आर्थिक विकासका लागि सहकारी संस्थासम्बन्धी व्यवस्था छ । स्थानीय तहहरूले विकास निर्माण, आयोजनाको छनोट प्रक्रियाहरूमा सबै जातजाति र समुदायलाई सहभागी गराएको पाइन्छ । स्थानीय तहले औपचारिक तथा अनौपचारिक शिक्षामार्फत् शिक्षा विकासमा योगदान दिएका छन् । आधारभूत तथा माध्यमिक शिक्षाको अनुगमन तथा व्यवस्थापनको जिम्मा पनि स्थानीय तहलाई दिइएको छ । त्यस्तै स्थानीय तहले आफ्ना छोराछोरीरूलाई

अनिवार्य विद्यालयमा पढाउनका लागि अभिभावकहरूलाई अभिप्रेरित गरेका छन् । कतिपय पालिकाहरूमा विद्यालयमा नपढाउने अभिभावकलाई सेवा सुविधाबाट कटौती गर्ने निर्णय पनि गरेका छन् । सार्वजनिक विद्यालयहरूको गुणस्तर सुधारमा पनि स्थानीय सरकारले चासो देखाएको पाइन्छ । सार्वजनिक जमिनको संरक्षण गरेको पाइन्छ । आफ्नो क्षेत्रभित्रका बजार पसल अनुगमन गर्ने र नियम विपरीत काम गर्नेलाई कारबाही गर्ने काम पनि स्थानीय निकायले गरेको पाइन्छ ।

## अभ्यास

१. विकास कार्य भनेको के हो ?

२. तपाईं बस्ने समुदायमा गाउँपालिका वा नगरपालिकाले गरेका विकासका कार्यको सूची बनाउनुहोस् ।

## क्रियाकलाप

विकास निर्माणमा गाउँपालिकाको अगुवाइ

गोरखापत्र समाचारदाता

काभ्रेपलाञ्चोक, २०७७ वैशाख ५ गते

काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिकाले गाउँपालिका स्तरीय विकास निर्माणसम्बन्धी छलफल आयोजना गऱ्यो । उक्त छलफलमा गाउँ सभाका सदस्यहरू तथा स्थानीय बुद्धिजीवीहरू उपस्थित थिए ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्षले आजभन्दा २० वर्ष अघि तेमाल कस्तो थियो र अहिले कस्तो भएको छ भनेर उदाहरण दिनुभयो । उहाँले पहिले बाटोघाटो र सञ्चारको सुविधा नभएको बताउनुभयो । गाउँमा आधारभूत विद्यालयहरू मात्र थिए र माध्यमिक शिक्षाका लागि अन्यत्र जानुपर्थ्यो । स्वास्थ्य केन्द्रहरू केही ठाउँमा थिए तर पर्याप्त सुविधा थिएन । सञ्चार सुविधा थिएन र यसका लागि घन्टौं हिँडेर जिल्ला सदरमुकाम पुग्नुपर्थ्यो । तर अहिले परिवर्तन भएको छ । बाटाघाटाको सुविधाको साथै स्वास्थ्य केन्द्रहरूमा न्यूनतम स्वास्थ्य सुविधा उपलब्ध हुने गरेको कुरा उहाँले

बताउनुभयो । शिक्षाका लागि टाढासम्म भौँतारिनु नपर्ने तथा बजार विकास भएको कुरा पनि उल्लेख गर्नुभयो ।

उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरूले आफ्नो गाउँपालिकाभित्रका महत्त्वपूर्ण सांस्कृतिक सम्पदाको संरक्षण, स्नातक तहसम्म पढाइ हुने क्याम्पस र कृषि विद्यालय स्थापनामा जोड दिनुभयो । केही बुद्धिजीवीहरूले वातावरण संरक्षण तथा घुम्ती स्वास्थ्य सेवाका लागि योजना तर्जुमा गर्न नगरपालिकालाई आग्रह गर्नुभयो । गाउँपालिकाभित्र विद्यमान सामाजिक समस्याको समाधान प्रभावकारी हुनुपर्ने कुरामा सहभागिहरूले जोड दिनुभयो ।

कार्यक्रमको समापन गर्दै गाउँपालिका उपप्रमुखले अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो । यहाँहरूको साथ र सहयोगले मात्र गाउँपालिकाले उन्नति प्रगति गर्न सक्ने भन्दै उपस्थितिका लागि सबैलाई धन्यवाद दिनुभयो ।

**माथिको समाचारका आधारमा निम्नलिखित प्रश्नको उत्तर दिनुहोस् :**

(क) तेमाल गाउँपालिकामा भएका विकासका मुख्य कार्यहरू के के हुन्, सूची बनाउनुहोस् ।

(ख) तपाईं बस्ने गाउँपालिका वा नगरपालिकाले विपद् व्यवस्थापनका लागि गरेका प्रयासहरू उल्लेख गर्नुहोस् ।

(ग) वातावरण संरक्षणमा जनसहभागिता शीर्षकमा समाचारको नमुना तयार पार्नुहोस् ।

(घ) स्थानीय निकायले पर्यटन प्रवर्धन गर्न के कस्ता गतिविधि गरेको पाइन्छ, खोजी गरेर लेख्नुहोस् ।

## समूह कार्य

कक्षाका साथीहरूको सङ्ख्या हेरी समूह बनाउनुहोस् । प्रत्येक समूह फरक फरक टोल वा गाउँमा गएर स्थानीय तहले गरेका विकास निर्माणले पुगेको फाइदा के हो भनेर सोध्नुहोस् । प्राप्त विवरण समेटी प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

पाठ ६

# विकासका पूर्वाधारहरू

विकास भनेको सकारात्मक परिवर्तन हो । कुनै पनि काम सम्पन्न गर्न आवश्यक स्रोत साधनलाई पूर्वाधार भनिन्छ । विकासका लागि पूर्वाधारको आवश्यकता पर्दछ । विकासका गतिविधिलाई अघि बढाउन आवश्यक स्रोतसाधनहरू विकासका पूर्वाधार हुन् । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि विकासका पूर्वाधार हुन् ।




देश विकासमा पूर्वाधार किन महत्त्वपूर्ण मानिन्छ भन्ने सम्बन्धमा तलको एउटा उदाहरण हेरौं :

आजभन्दा १० वर्ष पहिले काउले गाउँमा बिजुली थिएन । गाडी चढ्न एक दिन हिँड्नु पर्थ्यो । गाउँमा खानेपानीको अभाव थियो । पानी लिन मानिसहरू रातभरि ठुली कुवा धाउनुपर्थ्यो । गाउँघरमा स्वास्थ्य केन्द्र थिएनन् । मानिसहरू धामी झाँक्रीकहाँ धाउँथे । गाउँमा प्राथमिक विद्यालय मात्र थियो । कक्षा छ पढ्न दुई घण्टा हिँडेर जानुपर्थ्यो ।

अहिले गाउँको अवस्था फेरिएको छ । लघुविद्युत् परियोजनाले गाउँ उज्यालो भएको छ ।

गाउँघरमा नै सडक निर्माण भएका छन् । अहिले सहरबाट नियमित रूपमा सार्वजानिक बस सेवा सञ्चालन भएका छन् । तल नदीबाट लिफ्ट प्रविधि प्रयोग गरी पानी तानेर खानेपानी वितरण गरिएको छ । अहिले बिरामी हुँदा नजिकको स्वास्थ्य केन्द्रबाट सेवा पाइन्छ । स्थानीय विद्यालय माध्यमिक तहमा स्तरउन्नति भएको छ । अहिले १२ कक्षासम्म गाउँमा नै पढ्न पाइन्छ । स्थानीय बजारमा सबै सामानहरू पाइन्छ । नेपाल दूरसञ्चारले काउले डाँडामा टावर राखेको छ । देश विदेशमा भएका आफन्तसँग कुराकानी गर्न सजिलो भएको छ ।

## पूर्वाधारको महत्त्व

(क) विकास निर्माणमा सहयोग पुग्ने

(ख) स्थानीय स्रोतसाधनको उपयोग हुने

(ग) जनचेतनामा वृद्धि हुन सहयोग पुग्ने

(घ) स्थानीय उत्पादनको बजार बिस्तार हुने

(ङ) रोजगारीका अवसरहरू प्राप्त हुने

(च) कृषिमा आधुनिक प्रविधिको प्रयोग हुने ।

हाम्रो देशमा पूर्वाधारको विकास सोचेअनुरूप भएको छैन । त्यसैले विकास निर्माणमा अहिले पनि समस्या छ । पूर्वाधार विकास हुन नसक्नुमा विभिन्न कारणहरू हुन सक्छन् । उपलब्ध स्रोत साधनको उपयोग नहुँदा पनि विकासमा समस्या पर्दछ । प्राकृतिक प्रकोपले पूर्वाधारमा निरन्तर क्षति पुऱ्याउँछ । भौगोलिक जटिलताले गर्दा भौतिक पूर्वाधार निर्माणमा कठिनाइ हुने कारणले पनि विकासका पूर्वाधारमा प्रभाव पार्दछ । जनचेतनाको अभाव, जनसहभागिता वृद्धिमा समस्या, दक्ष जनशक्ति, प्रविधि र पुँजीको अभाव पूर्वाधार विकासका लागि मुख्य बाधाहरू हुन् ।

## अभ्यास

१. विकासका पूर्वाधार भनेको के हो ?

२. विकासका पूर्वाधारको विकास भएन भने हामीलाई के असर पर्छ ?

३. विकासका पूर्वाधार विकास हुन नसक्नाका कारणहरू खोजी गरेर सूची बनाउनुहोस् ।

४. विकासका पूर्वाधारको महत्त्व उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको स्थानीय स्तरमा पूर्वाधारको अवस्था पाँच वर्षअघि कस्तो थियो र अहिले कस्तो छ, तुलना गरी लेख्नुहोस् :

| पाँच वर्ष अघि | अहिले |
|---|---|
| १. | १. |
| २. | २. |

२. विकासका पूर्वाधारहरूलाई महत्त्वका आधारमा क्रमबद्ध सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा कुन कुन पूर्वाधार छन् र कुन कुन पूर्वाधारको अहिले पनि अभाव छ ? स्थानीय तहमा गएर खोजी गर्नुहोस् र प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## एकाइ दुई

# हाम्रा मानव मूल्य मान्यता

### सिकाइ उपलब्धि

- आत्मअनुशासन र सामाजिक व्यवहारको पालना गर्न
- विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व बोध गरी सम्मान गर्न
- राष्ट्रिय गौरवका आधारहरूको पहिचान गरी सोअनुरूप आचरण गर्न
- विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा स्थलहरूको पहिचान गरी यसको महत्त्व र संरक्षणका उपायहरू बताउन
- नेपालका प्रेरणादायक राष्ट्रिय व्यक्तित्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन
- चरित्र निर्माणमा बालक्लब, स्काउटको भूमिका पहिचान तथा अभ्यास गर्न





पाठ
१

# आत्मअनुशासन

विद्यालयमा आत्मअनुशासनसम्बन्धी प्रवचन दिन आउनुभएका गुरु श्री सरोज शर्माले आफ्नो विचार यसरी प्रस्तुत गर्नुभयो :

अनुशासन भनेको निश्चित नियममा बसेर गरिने व्यवहार हो । एउटा विद्यार्थी विद्यालयको नियमभित्र बसेर गतिविधि गरिरहेको हुन्छ । उसले घरपरिवार र समाजमा पनि नियमभित्र रही काम कर्तव्य पूरा गरिरहेको हुन्छ । त्यो अनुशासन हो । त्यसैले व्यक्तिले नियम कानुनभित्र रहेर मर्यादित व्यवहार गर्नुपर्छ । व्यक्ति स्वयम् अनुशासनमा रही आफ्नो व्यवहारलाई व्यवस्थित गर्नु आत्मअनुशासन हो । सोच विचार गरेर बोल्नु, अरूलाई संयमित र सम्मानजनक आचरण गर्नु आत्मअनुशासनका उदाहरण हुन् । त्यसैले आत्मअनुशासनका केही पक्षहरू सम्बन्धमा अब म बताउँदै छु :

सुरुमा म मर्यादित व्यवहार सम्बन्धमा केही बताउँछु । अरूलाई सम्मानपूर्वक गरिने व्यवहारलाई मर्यादित व्यवहार भनिन्छ । मर्यादित व्यवहारमा निश्चित नियमको पालना गर्ने गरिन्छ । हामीले जहिले पनि हाम्रा लागि बनाएका नियमहरू पालना गर्नुपर्छ । आफूभन्दा ठुला मान्यजन, आमाबुबा र गुरुलाई सम्मान गर्नु मर्यादित व्यवहार हो । आफूभन्दा ठुलाले भनेको मान्नु पनि मर्यादित व्यवहार हो । समाजले निश्चित नियमहरू बनाएको हुन्छ । ती नियमहरू हामीले पालना गर्नुपर्छ । अरूको इज्जत गर्ने, असल व्यवहार गर्ने, नियमको पालना गर्ने गर्नाले मर्यादित व्यवहार प्रदर्शन हुन्छ । हामीले यस्ता व्यवहार गर्नुपर्छ ।

सत्य र निष्ठा आत्मअनुशासनको अर्को महत्त्वपूर्ण पक्ष हो । साँचो कुरा बोल्नु र सामाजिक मान्यतामा आधारित क्रियाकलाप गर्ने बानी व्यवहारलाई सत्य निष्ठा भनिन्छ । यदि तपाईंहरू विद्यालयबाट साथीसँग खेल्न जानुहुन्छ तर घर किन ढिलो आएको भनेर अभिभावकले भन्दा अरू नै उत्तर दिनुहुन्छ भने त्यो बानी राम्रो होइन । हामीले सधैँ साँचो कुरा भन्नुपर्छ । बोली र व्यवहारले अरूको चित्त दुखाउनु हुँदैन । गौतम बुद्धले सत्य बोल्नुपर्छ भनेर आफ्ना उपदेशमा उल्लेख गर्नुभएको छ । गौतम बुद्धलाई सत्य बोल्ने हुँदा अहिले पनि हामी सम्मान गर्छौं । त्यसैले हामीहरूले सत्य बोल्नुपर्छ । समाजमा प्रचलित मूल्य मान्यतालाई निष्ठाका साथ पालना गर्नुपर्छ ।

अब म सत्कार्य सम्बन्धमा केही उल्लेख गर्छु । सबैको भलाई हुने काम गर्नु सत्कार्य हो । अप्ठेरामा परेकालाई सहयोग गर्नुपर्छ र कतिपय कामहरू एकआपसमा मिलेर गर्नुपर्छ । गरिब, दु:खी, आपत् विपद्मा परेका बेला अरूलाई सहयोग गर्नु सत्कार्यका उदाहरण हुन् । हामीले अरूको सेवा गर्ने, समस्यामा परेकालाई सहयोग गर्ने बानी बसाल्नु असल मानवीय व्यवहार हो । यो आत्मअनुशासन पनि हो । यस्ता व्यक्तिलाई आवश्यक परेको बेला अरूले पनि सहयोग गर्छन् । सहयोग र सहकार्यले आपसी सम्बन्ध राम्रो हुन्छ । समाजमा एकता कायम हुन्छ ।

संयमित र सभ्य आचरण आत्मअनुशासनको मुख्य पक्ष हो । कुनै काम राम्रोसँग बुझेर धैर्यका साथ गर्नु संयमता हो । हामीले कुनै काम गर्दा संयमित भएर गर्नुपर्छ । सभ्य भन्नाले समाजका लागि योग्य र शिष्ट भन्ने बुझिन्छ । त्यस्तो काम गर्दा हुने फाइदा र हानिलाई ख्याल गर्नुपर्छ । हामीलाई घरबाहिरका तयारी खानाहरू खान मन पर्छ । हामीले खाने खानेकुराहरू स्वास्थ्यलाई हानि नपुऱ्याउने खालको हुनुपर्छ । बाहिरका मन पर्ने खाना खाने बानीले हाम्रो स्वास्थ्यलाई नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले घरमा बनेका स्वस्थकर खानेकुरा मात्र खानुपर्छ । मद्यपान, धूमपान आदिले हामीलाई हानि पुऱ्याउँछ । त्यस्ता पदार्थको उपयोगबाट टाढै बस्नुपर्छ । समाजले खान हुने भनेका खानेकुराहरू मात्र खाने र समाजलाई सुहाउने व्यवहार गर्नुपर्दछ । आफूभन्दा मान्यजनले भनेका कुरालाई सुन्नुपर्छ । व्यक्तिको संयमित र सभ्य आचरणले परिवार र समाजमा शान्ति कायम गर्न मदत पुग्दछ ।

आत्मअनुशासनले हामीलाई कामप्रति सम्मान, आफूभन्दा ठुलाको आदर भाव, अरूप्रतिको विश्वासमा वृद्धि गर्छ । यसले सभ्य नागरिक बनाउन सघाउँछ अनि मात्र हामीलाई सबैले मन पराउँछन् । त्यसैले आत्म अनुशासन कायम गर्न आजैदेखि लागौँ । धन्यवाद !

## अभ्यास

१. अनुशासन भनेको के हो ?
२. आत्मअनुशासन किन आवश्यक हुन्छ ?
३. मर्यादित व्यवहारमा कुन कुन व्यवहार पर्दछन् ?
४. कक्षामा अनुशासित भएर बस्नु भयो भने तपाईँलाई के फाइदा हुन्छ ?
५. सहयोग, सहकार्यबाट हुने फाइदाहरू समावेश गरी साथीलाई चिठी लेख्नुहोस् ।
६. दैनिक व्यवहारमा तपाईँले पालना गर्ने आत्मअनुशासनका गतिविधिहरूको सूची बनाउनुहोस् ।

## क्रियाकलाप

१. तलको कथा पढी दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

एउटा गाउँमा कालु नाम गरेको गोठालो थियो । ऊ भेडा चराउन हरेक दिन जङ्गलमा जान्थ्यो । जङ्गलमा गएपछि ऊ ठुलो रुखमा चढेर बाघ आयो, बाघ आयो भनेर कराउँथ्यो । एक दुई पटक उसलाई सहयोग गर्न अरू गोठालाहरू आए । त्यहाँ बाघ आएको थिएन । अरूलाई यसरी मुर्ख बनाउन सकेकामा ऊ खुसी थियो । एक दिन साच्चै बाघ आयो र भेडालाई आक्रमण गऱ्यो । ऊ अरू दिन जस्तै रुखमा चढेर चिच्यायो तर सहयोग गर्न कोही आएनन् । उसका सबै भेडा बाघले माऱ्यो । ऊ रुँदै रुँदै घर फर्कियो । गाउँमा पुगी रुँदै आउनाको कारण बतायो । उसले गाउँलेहरूसँग माफी माग्यो । मेरो झुटो बोल्ने बानीले गर्दा यस्तो भयो, अब म कहिल्यै असत्य बोल्दिनँ भनेर प्रण गऱ्यो । गाउँले पनि खुसी भए । त्यसपछि उसलाई आपत् परेका बेला गाउँलेले सहयोग गर्न थाले ।

(क) माथि दिइएको कथाबाट तपाईँले के शिक्षा पाउनुभयो ?

(ख) 'साँचो बोल्नु र विचार गरेर बोल्नु' विषयमा आफ्ना विचार बुँदागत रूपमा लेख्नुहोस् ।

(ग) सत्य बोल्दाका फाइदाहरू सम्बन्धमा साथीहरूसँग छलफल गर्नुहोस् र निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

२. स्वमूल्याङ्कन गर्नुहोस् :

| क्रियाकलाप | गर्छु | गर्दिनँ |
|---|---|---|
| (क) मान्यजन, आमाबुबा र गुरुलाई मर्यादित व्यवहार | | |
| (ख) म अरूलाई इज्जत | | |
| (ग) सामाजिक मान्यतामा आधारित काम निष्ठापूर्वक | | |
| (घ) म सधैँ सत्य बोल्ने | | |
| (ङ) म अरूलाई आपत् परेका बेला सहयोग | | |
| (च) म बजारका भन्दा घरमै बनेका खानेकुरा खाने | | |
| (छ) म सबैसँग शिष्ट र सभ्य व्यवहार | | |

## सामुदायिक कार्य

तपाईंको समुदायमा सहयोग, सहकार्य भए/नभएको अवलोकन गर्नुहोस् र प्राप्त विवरणका आधारमा प्रतिवेदन लेख्नुहोस् ।

पाठ
२

# सामाजिक व्यवहार

(यस पाठमा सामाजिक व्यवहारसम्बन्धी एउटा परियोजना कार्यको उदाहरण प्रस्तुत गरिएको छ । विद्यालयमा विद्यार्थी सङ्ख्या र अवस्थाअनुसार यस्ता क्रियाकलापहरू गराउन सकिन्छ ।)

शिक्षकले सामाजिक व्यवहारबारे कक्षामा विद्यार्थीहरूलाई समूह बनाएर सूचना सङ्कलन गर्न लगाउनुभयो । प्रत्येक समूहलाई सामाजिक व्यवहारअन्तर्गत घुलमिल, भेटघाटमा आधारित भई सूचना सङ्कलन गर्न भनियो । त्यस्तै अनुभव आदानप्रदान र सामूहिक कार्य जस्ता सामाजिक व्यवहारका आधारमा पनि सूचना सङ्कलन गर्न लगाइयो । यसका लागि शिक्षकले ढाँचा तयार पार्न लगाउनुभयो । त्यही ढाँचाअनुसार विद्यार्थीहरूले समुदायमा मनाइने चाडपर्व, मेलापात, संस्कार आदि सम्बन्धमा सूचना सङ्कलनका लागि तयारी गरे । प्रत्येक समूहका विद्यार्थीहरूले समुदायका पाँच पाँचओटा घरमा गई अवलोकन, भ्रमण र अन्तरक्रिया गरे । प्राप्त सूचनालाई उनीहरूले यसरी कक्षामा प्रस्तुत गरे ।

### समूह 'क'

हाम्रो समूहका सदस्यले समुदायको पाँचओटा घरको भ्रमण गऱ्यौँ । हामीले ती घरका घरमुलीहरूलाई भेटेर अभिवादन गऱ्यौ र हामी आउनुको उद्देश्य बतायौँ । उहाँहरूले समाजका सदस्यको नाताले समाजमा घुलमिल हुनु राम्रो कुरा हो भन्नुभयो । उहाँहरूले हामीहरूलाई धन्यवाद पनि दिनुभयो । उहाँहरूबाट हामीले सामाजिक व्यवहार सम्बन्धमा निम्नलिखित जानकारी पायौँ :



(क) समाजमा व्यक्ति वा समूहले गर्ने व्यवहार सामाजिक व्यवहार हो ।

(ख) सामाजिक व्यवहारले हामीले अरूको विषयमा थाहा पाउन सक्छौँ ।

(ग) समाजमा विभिन्न कामहरू समूहमा मिलेर गर्न सकिन्छ ।

(घ) समाजका मानिसहरूका बिचमा अन्तरक्रिया हुन्छ ।

(ङ) सामाजिक व्यवहारले मेलमिलापमा वृद्धि गर्छ ।

(च) एकआपसमा सहयोगको आदान प्रदान हुन्छ ।

(छ) यसले सामाजिक सम्बन्ध बलियो हुन्छ ।

## समूह 'ख'

हाम्रो समूहले राई समुदायका पाँचओटा घरका घरमुलीहरूसँग अन्तरक्रिया गऱ्यौँ । उहाँहरूसँग मेला, चाडपर्व, संस्कार आदिमा सहयोग र संलग्नताको विषयमा



सोध्यौँ । उहाँहरूबाट हामीले निम्नअनुसारको जानकारी पायौँ :

(क) हाम्रो समुदायमा उँधौली, उँभौली जस्ता चाडपर्वहरू मनाइन्छन् ।

(ख) यस्तो पर्वमा प्रकृतिको पूजा गरिन्छ ।

(ग) मेलापातका बेला र चाडपर्वमा उक्त समुदायका सबै मानिसहरू एकआपसमा सहभागी हुन्छन् ।

(घ) यस्ता अवसरमा ढोल झ्याम्टा बजाएर नाचगान गरिन्छ ।

(ङ) सामाजिक काममा भने अन्य जातजातिको पनि संलग्नता हुन्छ ।

(च) समुदायका सबै मानिसको सामुदायिक गतिविधिमा संलग्नता रहन्छ ।

(छ) यस्ता गतिविधिले कला र संस्कृतिको संरक्षणमा सहयोग पुग्छ ।

### समूह 'ग'



हाम्रो समूहले थारु जातिका मानिसहरूको रहनसहन संस्कार आदि विषयमा खोजी गर्‍यौं । हामीले थारू जातिका विषयमा निम्नलिखित विवरणहरू सङ्कलन गर्‍यौं :

(क) थारु जातिहरूको बसोबास नेपालको तराईमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै रहेको छ ।

(ख) यिनीहरूको संयुक्त परिवारमा बसोबास गर्ने गर्छन् र कुलदेवताका लागि छुट्टै घर हुन्छ ।

(ग) यिनीहरू चाँदीका गहनाहरूको प्रयोग गर्छन् ।

(घ) माघीलाई नयाँ वर्षका रूपमा धुमधामका साथ मनाइन्छ, साथै यस पर्वलाई समाजको अगुवा चुन्ने पर्वका रूपमा पनि लिने गर्छन् ।

(ङ) यिनीहरू माछा, ढिकरी आदि परिकार बनाई खाने गर्छन् ।

(च) थारु पहिलाहरू पेटानी र घाँघरी लगाउँछन् भने पुरुषहरूले धोती र कुर्था लगाउँछन् ।

### समूह 'घ'



हाम्रो समूहले स्थानीय चाडपर्व र मेलापातका बारेमा पाँचओटा घरमा गएर विवरण सङ्कलन गर्‍यौं । हामीले ब्राह्मण, क्षेत्री समुदायका बारेमा निम्नलिखित जानकारी पायौं :

(क) यी समुदाका मानिसहरूले दसैं, तिहार, तीज जस्ता चाडपर्वलाई प्रमुख चाडका रूपमा मनाउछन् ।

(ख) चाडपर्व र उत्सवहरूमा सबै आफन्त, इष्टमित्रहरू सहभागी हुने हुनाले सामूहिक भावनाको विकास हुने र आपसी सम्बन्ध बलियो हुने जानकारी प्राप्त भयो ।

(ग) यस समुदायका पुरुषहरूले दौरा, सुरुवाल, टोपी र महिलाहरूले गुन्यु, चोलो, पटुका मुख्य पोसाकका रूपमा लगाउने गर्छन ।

(घ) कुलपूजा, विभिन्न पूजा, व्रत, विवाह, व्रतबन्ध जस्ता संस्कारमा हिन्दु धर्म संस्कारअनुसार पालना गर्छन् ।

(ङ) यस्ता कार्यले सांस्कृतिक परम्पराको निरन्तरतामा सहयोग पुगेको छ ।

(च) हामीले पनि यस्ता सामाजिक, सांस्कृतिक कार्यहरूमा आफूले सक्ने कामहरू गरेर सघाउनुपर्दछ ।

## समूह 'ङ'

हाम्रो समूहले समुदायमा भएका सामाजिक कार्यमा स्थानीय समुदायको संलग्नतासम्बन्धी अध्ययन गरेका थियौँ । हामीले पाएको जानकारी यसप्रकार छ :



(क) तल्लो गाउँको चौतारो निर्माणमा सबै समुदायका मानिसहरू सहभागी भएका थिए ।

(ख) आफ्नो क्षमताअनुसार हामी जस्तै उमेरका साथीहरू पनि अरूसँगै काम गरिरहेका पायौं ।

(ग) आधारभूत अस्पताल निर्माणको काम पनि सबै मानिसको सहभागितामा सम्पन्न भएको जानकारी प्राप्त भयो ।

(घ) समुदायमा समस्या आइपर्दा सबैले सहयोग गर्ने र समुदायको सम्पत्तिको सबैले सुरक्षा गर्ने गरेको तथ्य अवगत भयो ।

अन्त्यमा शिक्षकले विद्यार्थीहरूलाई धन्यवाद दिनुभयो । तपाईंहरूले सामाजिक व्यवहारका फाइदालाई, सामाजिक व्यवहारका उदाहरणद्वारा प्रस्ट पार्नुभयो । नेपाली समाजमा विभिन्न धर्म संस्कृति परम्परा मान्ने मानिसहरू बसोबास गर्ने हुनाले स्थानअनुसार सामाजिक व्यवहारहरू भिन्न हुन्छन् । सामाजिक व्यवहार कुनै भावनात्मक हुन्छन् र यस्ता व्यवहारमा दुःख, पीडा, खुसी एकआपासमा साटासाट हुन्छन् । कुनै सामाजिक व्यवहारहरू परोपकारी हुन्छन् जसअन्तर्गत अरूलाई सहयोग गर्ने व्यवहार पर्दछन् । हामीले सामूहिक भावनाबाट प्रेरणा लिएर काम गर्नुपर्छ ।

## अभ्यास

१. सामाजिक व्यवहार भनेको के हो ?

२. सामाजिक व्यवहारहरूको सूची बनाउनुहोस् ।

३. कक्षाका साथीहरूबिच हुने अन्तरक्रियाबाट के फाइदा पुग्छ, उल्लेख गर्नुहोस् ।

४. आपसी सहयोग र संलग्नताले सामाजिक व्यवहारलाई कसरी मदत गर्छ, प्रस्ट पार्नुहोस् ।

## क्रियाकलाप

१. सामाजिक व्यवहार झल्किने कथा वा गीत कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. सामाजिक व्यवहारसम्बन्धी अनावश्यक खर्च नगर्ने र सदाचारी भावना विकास गर्ने अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्नुहोस् ।

## समूहगत कार्य

आफ्नो समुदायमा मेलापात, चाडपर्व आदिमा पाइएका सामाजिक व्यवहारको अध्ययन गरी राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# हाम्रा चाडपर्वहरू

(सामाजिक अध्ययन र मानव मूल्य शिक्षण गर्ने शिक्षक र विद्यार्थीहरूबिच भएको हाम्रा चाडपर्वसम्बन्धी छलफल यसप्रकार छ :)

शिक्षक : आज हामी कुन पाठसँग सम्बन्धित कुरामा छलफल गर्ने होला ?

विद्यार्थीहरू : (एकै स्वरमा) - नमस्कार सर ! हिजो सरले हाम्रा चाडपर्वहरू भन्ने पाठ छलफल गर्ने भन्नुभएको थियो । हामीले हाम्रा चाडपर्वहरूका बारेमा केही जानकारी लिएर पनि आएका छौँ सर ।

शिक्षक : राम्रो भयो, त्यसो भए चाडपर्व भनेको के हो ? कसैले भन्न सक्नुहुन्छ ?

रीता : कुनै निश्चित दिन वा तिथिमा पूजाआजा, भोज भतेर, जात्रा, उत्सव र खेल आदि माध्यमबाट हाँसीखुसी र रमाइलो गर्ने दिनलाई चाडपर्व भनिन्छ ।

श्याम : सर, यस्ता पर्व त गतेअनुसार र तिथिअनुसार मनाइन्छ अरे नि, हाम्रा बुबाले भन्नुभएको ।

शिक्षक : हो, दसैँ तिथिअनुसार मनाइने पर्व हो । नयाँ वर्ष र माघी गतेअनुसार मनाइने चाडपर्वहरू हुन् । अब हाम्रा चाडपर्वका बारेमा थप छलफल गरौँ ल । विद्या, तपाईंको समुदायमा कुन कुन चाड मनाइन्छ, बताउनुस् त !

विद्या : म लिम्बू समुदायबाट आएकी हुँ । लिम्बू समुदायमा चासोक ताङनाम पर्व कात्तिक महिनामा मनाइन्छ । यस चाडमा नयाँ पाकेका अन्न, फलफूल देवी देवतालाई चढाएपछि आफूले खाने चलन छ ।



त्यसपछि रातभर यालङ्मा (धाननाच) र च्याब्रुङ नाच नाचिन्छ । यो पर्वलाई लिम्बू जातिको साझा संस्कृतिको प्रतीकका रूपमा लिइन्छ ।

शिक्षक : श्यामलाई आफ्नो समुदायमा मनाउने पर्वबारे के के जानकारी छ ?

श्याम : हाम्रो समुदायमा अधिकांश मानिस हिन्दु धर्म मान्छन् । हिन्दु धर्मअन्तर्गत दसैँ तिहार, तीज जस्ता पर्वहरू पर्दछन् । हामी यी चाड धुमधामका साथ



मनाउछौँ । दसैँ १५ दिनसम्म मनाइन्छ । दसैँमा परिवारका सबै सदस्यहरू एक ठाउँमा भेला हुन्छौँ । मान्यजनबाट टीका र प्रसाद ग्रहण गर्छौं । आफन्त धेरै इष्टमित्रसँग भेटघाट पनि हुन्छ । हाम्रो समुदायको अर्को चाड तिहार हो । तिहार पाँच दिनसम्म मनाइन्छ । तिहारमा काग, कुकुर, लक्ष्मी, गाईको पूजा गरिन्छ । तिहारको अन्तिम दिनलाई भाइटीका भनिन्छ । यस दिनमा दिदीबहिनीहरूले दाजुभाइलाई सुख र दीर्घायुको कामना गर्दै टीका लगाई दिन्छन् । तिहारमा जताजतै झिलीमिली हुन्छ । यस चाडमा घर घरमा गएर भैलो तथा देउसी खेल्ने प्रचलन छ । हामीले मनाउने अर्को महत्त्वपूर्ण चाड तीज हो । यस दिन महिलाहरू निराहार व्रत बसी भगवान् शिवको पूजा आराधना गर्छन् ।

शिक्षक : फूलमति, तपाईँको समुदायमा मनाइने चाडपर्वका बारेमा केही बताइदिनुहवस् त !

फूलमति : मेरो घर जनकपुरमा छ । हामी पनि हिन्दु धर्म मान्छौँ । हाम्रो समुदायमा दसैँ तिहार, माघेसङ्क्रान्ति विवाहपञ्चमी, छठ पर्वहरू मनाइन्छन् । हाम्रो मुख्य पर्व छठ हो । यो पर्व



कार्तिक शुक्ल षष्ठी तिथिमा मनाइन्छ । यस दिन उदाउँदो सूर्यलाई अर्घ दिइन्छ । यो पर्वमा केही नखाई ब्रत बस्ने चलन छ । पिठाको लड्डु, गुँडको खोर, ठेकुवा, भुसुवा आदि देवीलाई चढाउने गरिन्छ । यो पर्वमा आफन्तहरूलाई प्रसाद बाँडेर धुमधामका साथ मनाइन्छ । पछिल्ला वर्षहरू यो पर्व देशैभरि मनाउन थालिएको छ । यो पर्वले एकता, सहकार्य र धार्मिक सहिष्णुता कायम गर्न सहयोग पुऱ्याउँछ ।



जफिर : सर, अब म भन्छु । म इस्लाम धर्म मान्छु । हाम्रो समुदायमा इदुल फित्र पर्व उल्लासका साथ मनाइन्छ । हिजरी संवत्‌को रमजान महिनाभर इदुल फित्र पर्वका साथै इलुल अल्हा (वकर इद) चाड पनि धुमधाम साथ मनाइन्छ । यो पर्वमा कुरान पाठ गर्ने, गरिब वा आर्थिक विपन्नलाई दान दिने र आपसमा खुसी साटासाट गर्ने गरिन्छ ।



शिक्षक : छुकी डोल्मा, तपाईंलाई ल्होसारबारे के के जानकारी छ ?

छुकी डोल्मा : ल्होसार पर्व तामाङ, गुरुङ र शेर्पा जातिले नयाँ वर्षको सुरुआतका रूपमा मनाउँछन् । गुरुङ समुदायले मनाउने ल्होसारलाई तमु ल्होसार भनिन्छ । यो पुस १५ गते पर्दछ । तामाङ समुदायको सोनाम ल्होसार माघ शुक्ल प्रतिपदामा मनाइन्छ । शेर्पाले मनाउने ल्होसारलाई ग्याल्वो ल्होसार भनिन्छ । यो फागुन शुक्ल प्रतिपदामा मनाइन्छ ।

शिक्षक : रिया तपाईंहरू क्रिसमस पर्वमा के गर्नुहुन्छ ?

रिया : हामी इसाई धर्म मान्छौँ । हामी क्रिसमस धुमधामका साथ मनाउँछौँ । क्रिसमस डिसेम्बर २५ तारिखमा मनाइन्छ । यो पर्वमा इसाई धर्मावलम्बीहरू चर्चमा गएर प्रार्थना गर्दछन् । शुभकामना र उपहार आदानप्रदान गर्ने गर्दछन् । प्रत्येक घर घरमा विभिन्न प्रकारका परिकार बनाएर खाने चलन पनि छ ।

शिक्षक : धन्यवाद, सबै जनालाई । आआफ्ना चाडपर्वका बारेमा जानकारी दिनुभयो । यीबाहेक हाम्रो देशमा थुप्रै चाडपर्वहरू मनाइन्छ । यस्ता चाडपर्वहरूको आआफ्नै महत्त्व रहेको छ ।

छुकी डोल्मा : सर यस्ता चाडपर्वहरूमा एकअर्काको घरमा जाने, सँगै मनाउने गर्नाले आपसी सम्बन्ध पनि राम्रो हुन्छ नि, हैन र ?

शिक्षक : हो नि, कति राम्रो कुरा गर्नुभयो । चाडपर्वले सामाजिक एकता र सद्भावलाई दरिलो बनाउँछ । यसले विश्वास र भाइचारा पनि बढाउन सहयोग पुग्दछ ।

कविता : सर, हामी कक्षाका साथीहरू जुनसुकै जाति, धर्म र सम्प्रदायका भए पनि एकअर्काका चाड पर्वमा सहभागी हुन्छौँ । साथीहरू मिलेर मनाउँछौँ । यसो गर्दा रमाइलो हुन्छ र यसले समाजलाई सकारात्मक सन्देश जान्छ जस्तो लाग्छ । होइन र !

शिक्षक : हो ठिक भन्नुभयो, यस्ता गतिविधिले धार्मिक एवम् सामाजिक सहिष्णुता पनि बलियो हुन्छ र चाडपर्वहरूको संरक्षणमा पनि सहयोग पुग्छ । यस्ता चाडपर्वले सामाजिक एकता, आपसी सद्भाव र भाइचाराको सम्बन्ध बढाउन सहयोग गर्छन् । चाडपर्वका माध्यमबाट आपसी रिस राग, झगडा अन्त्य गर्न मदत पुग्छ । संस्कृति परम्परा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न सहयोग पुग्छ ।

## अभ्यास

१. चाडपर्व भनेको के हो ?

२. तपाईंको समुदायमा मनाइने चाडपर्वहरूको नाम लेख्नुहोस् ।

४. तपाईंको परिवारले मनाउने चाडपर्वको विवरण प्रस्तुत गर्नुहोस् ।

५. चाडपर्वको धार्मिक र सामाजिक महत्त्व उल्लेख गर्नुहोस् ।

६. फरक धर्म मान्ने साथीहरूले मनाउने चाडपर्वमा सहभागी हुँदा तपाईंले कस्तो अनुभव गर्नुभयो वा गर्नुहुन्छ होला, लेख्नुहोस् ।

## क्रियाकलाप

१. जातजातिअनुसार मनाइने चाडपर्व, मनाउने तरिका, मनाउने समय तलको जस्तै तालिकामा देखाउनुहोस् :

| चाडपर्व | मनाउने तरिका | मनाउने समय | जातजाति वा क्षेत्र |
|---|---|---|---|
| | | | |

२. चाडपर्वमा गरिने क्रियाकलाप र खानेकुराको तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# हाम्रो राष्ट्रिय गौरव

राष्ट्रलाई विश्वमा चिनाउने महत्त्वपूर्ण सम्पदाहरूलाई राष्ट्रिय सम्पदा भनिन्छ । हाम्रो देशमा यस्ता थुप्रै सम्पदाहरू छन् जसले हाम्रो पहिचानलाई उच्च बनाएका छन् । संसारको सबैभन्दा अग्लो शिखर सगरमाथा र अन्य ८००० हजार मिटर अग्ला विश्वका १४ ओटा हिमाल मध्ये ८ ओटा नेपालमा नै छन् । सामाजिक सांस्कृतिक विविधता, प्राकृतिक तथा ऐतिहासिक सम्पदा, शान्ति र सहिष्णुता हाम्रा गौरवहरू हुन् । यहाँ हामी यिनै गौरवहरूका विषयमा सङ्क्षेपमा चर्चा गर्छौं ।




(क) सामाजिक सांस्कृतिक विविधता : नेपाल बहुजातीय, बहुभाषीक, बहुसांस्कृतिक मुलुक हो । यी विविधताले हाम्रा सामाजिक, सांस्कृतिक र आर्थिक गतिविधिमा प्रभाव पारेका छन् । भाषा, वेशभूषा, खानपान, पेसा, व्यवसायमा पनि भिन्नता पाइन्छन् । चाडपर्वहरू पनि फरक फरक छन् । समाजको बनोट, परिवारको संरचना स्थानअनुसार फरक फरक छन् । यी फरक फरक संरचना र विविधतामा रमाउने र सम्मान गर्ने नेपाली संस्कार गौरव गर्न लायक छन् । पूर्वको मारुनी, साकेला नाच र सुदूरपश्चिमको डेउडा लोकप्रिय छन् । यसै गरी गण्डकी प्रदेशको सोरठी नाच होस् वा तराई मधेसको

झिझिया नाचको महत्त्व पनि उस्तै छ । त्यस्तै नेपाली, मैथिली, भोजपुरी, अवधी थारु, डोटेली, नेवारी आदि भाषाहरू यहाँ प्रमुख भाषाका रूपमा बोलिन्छन् । यी सबैले देशको सामाजिक सांस्कृतिक विविधता बोकेका छन् । तसर्थ सामाजिक सांस्कृतिक विविधता हाम्रो पहिचान र गौरव हो ।



(ख) प्राकृतिक सौन्दर्य : नेपाल हिमालय पर्वतको दक्षिणी भागमा अवस्थित सुन्दर देश हो । यहाँको भौगोलिक बनावट उचाइअनुसार फरक छ । यहाँको भूभाग तराई, पहाड, हिमाल, नदी, बेँसी, खोँच, उपत्यका मिलेर बनेको छ । यहाँ घाँसे भूमिहरू पनि छन् । नदी, झरना, ताल, छहरा र हरियालीले यहाँको सौन्दर्य बढाएको छ । यी सबै कुराले गर्दा हाम्रो देश प्राकृतिक रूपमा रमणीय छ, यो पनि हाम्रो गौरव हो ।



(ग) **ऐतिहासिक सम्पदा** : हाम्रो देशमा थुप्रै प्रसिद्ध ऐतिहासिक स्थलहरू छन् । यहाँ धेरै गढी, शिलालेख, मठ, मन्दिर, दरबार, स्तूपाहरू छन् । यिनीहरूलाई ऐतिहासिक सम्पदा भनिन्छ । यी सम्पदाले हाम्रो देशको ऐतिहासिक पहिचानसहित देशको गौरव पनि बढाएका छन् । चाँगुनारायण, भक्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, हनुमान ढोका दरबार क्षेत्र, नुवाकोटको सातताले दरबार, जानकी मन्दिर, अछामको पञ्चदेवल, सिन्धुली गढी, जितपुर गढी हाम्रा महत्त्वपूर्ण ऐतिहासिक सम्पदाहरू हुन् । यी नेपाली कला र संस्कृतिका उत्कृष्ट नमुना हुन् । यिनले विश्वमा नेपाली पहिचानका लागि सहयोग पुऱ्याएका छन् । त्यसैले ऐतिहासिक सम्पदा नेपालीका लागि गर्वका विषय हुन् ।



(घ) **ऐतिहासिक व्यक्तित्वको देश** : नेपाल गौतम बुद्ध, सीता, भृकुटी, अंशुवर्मा, अरनिको, पृथ्वी नारायण शाह जस्ता व्यक्तित्व जन्मिएको देश हो । हाम्रो देशको गौरव विभिन्न प्राचीन ऋषिमुनिहरूसँग पनि जोडिएको छ । यी हाम्रा पहिचान र शान हुन् । गौतम बुद्धको शान्ति र सहिष्णु संस्कार, बलभद्र र अमरसिंहका विरताका गाथा, बहादुर शाह र भिमसेन थापा जस्ता राष्ट्रवादी व्यक्तिहरू हाम्रा आदर्श र शान हुन् । उनीहरू नेपाली गौरव र पहिचानका धरोहर हुन् ।



(ङ) **शान्ति र सहिष्णु संस्कार :** नेपालमा प्राचीनकालदेखि नै धार्मिक सहिष्णुता पाइन्छ । विभिन्न धर्महरूबिच सहिष्णु सम्बन्ध भएको पाइन्छ । यहाँ धार्मिक र सामाजिक रूपमा मानिसहरू मिलेर बसेका छन् । एउटा धर्मले अर्को धर्मलाई हेला गर्ने, होच्याउने गरेको पाइँदैन । धर्मको नाममा झगडा र द्वन्द्व हुने गरेको छैन । यो धार्मिक सहिष्णुताको उत्कृष्ट नमुना हो । समुदायमा पनि विभिन्न चाड पर्व मिलेर मनाउने गरेका उदाहरणहरू पाइन्छन् । शान्तिका दूत भगवान् बुद्धको शान्ति सन्देशले नेपाललाई विश्वमै शान्तिप्रिय राष्ट्रको रूपमा चिनाएको छ । त्यसैले सहिष्णुता र शान्ति हाम्रा गौरव गर्न लायक पक्षहरू हुन् ।

(च) **विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरू :** नेपालमा थुप्रै ऐतिहासिक र सांस्कृतिक सम्पदाहरू छन् । यी सम्पदामध्ये १० ओटा सम्पदाहरू युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ । यी सम्पदाहरूमा दुईओटा मन्दिर छन् । जसमा पशुपतिनाथ र चाँगुनारायण पर्दछन् । बौद्ध धर्मसँग सम्बन्धित स्वयम्भूनाथ, बौद्धनाथ र लुम्बिनीलाई पनि विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ । यस्तै प्राचीन




कलाकौशलले भरिपूर्ण हनुमानढोका दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, र भक्तपुर दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ । सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज पनि विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा हुन् । यी सम्पदाहरूले विश्वमा हाम्रो देशको नाम र शान बढाएका छन् । नेपाली हुनुमा गौरव बोध गराएका छन् ।

## अभ्यास

१. राष्ट्रिय गौरव भन्नाले के बुझिन्छ ?

२. धार्मिक सहिष्णुता भनेको के हो, यसको महत्त्व लेख्नुहोस् ।

३. विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाको सूची बनाउनुहोस् ।

## क्रियाकलाप

१. सामाजिक तथा सांस्कृतिक विविधता झल्काउने विभिन्न पक्षको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको गौरव बढाउने तपाईंको समुदायमा भएका प्राकृतिक र ऐतिहासिक स्थलहरू खोजी गरेर कक्षामा सुनाउनुहोस् ।

## परियोजना कार्य

शिक्षकको सहयोगमा स्थानीय स्तरमा अवस्थित ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलको भ्रमण गर्नुहोस् । उक्त ऐतिहासिक सम्पदाको परिचय, महत्त्व, वर्तमान अवस्थाका बारेमा खोजी गरेर प्रतिवेदन लेख्नुहोस् ।

पाठ ५

# हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदा

धार्मिक तथा सांस्कृतिक सम्पदा भन्नाले हाम्रा धर्म संस्कृतिसँग सम्बन्धित मठ, मन्दिर, गुम्बा मस्जिद, चर्च आदि धार्मिक स्थान र त्यससँग सम्बन्धित गतिविधिलाई जनाउँछ । यसले विभिन्न चाडपर्व, संस्कृति, मेलापर्वसँग सम्बन्धित प्रथा वा प्रचलनलाई समेत जनाउँछ । नेपालका केही धार्मिक तथा सांस्कृतिक सम्पदाको विवरण यसप्रकार छ :

| सम्पदा | स्थान | सम्पदा | स्थान |
|---|---|---|---|
| पशुपतिनाथ, स्वयम्भु, जामे मस्जिद | काठमाडौँ | गढीमाई | बारा |
| जानकी मन्दिर | धनुषा | शैलेश्वरी मन्दिर | डोटी |
| पाथिभरा | ताप्लेजुङ | मायादेवी मन्दिर | रूपन्देही |
| देवघाट | तनहुँ | क्राँक्रे बिहार, देउतीबज्यै | सुर्खेत |
| बुढा सुब्बा, वराह क्षेत्र | सुनसरी | पलाञ्चोक भगवती | काभ्रेपलाञ्चोक |
| मनकामना | गोरखा | मुक्तिनाथ | मुस्ताङ |
| हलेसी महादेवको मन्दिर | खोटाङ | स्वर्गद्वारी | प्युठान |

## धार्मिक सांस्कृतिक सम्पदाको संरक्षणका उपायहरू

(क) सम्पदा आसपासका क्षेत्रमा फोहोर नगर्ने र बेलाबेलामा सरसफाइ कार्य सञ्चालन गर्ने

(ख) सांस्कृतिक, धार्मिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरूको जिर्णोद्धार तथा पुनर्निमाण गर्ने

(ग) सामाजिक सांस्कृतिक सम्पदाको महत्त्व बोध गराउने

(घ) सम्पदाको मर्मत र पुनर्निमाण गर्दा परम्परागत शैलीमा ध्यान दिने

(ङ) स्थानीय सरकारलाई संरक्षणका निम्ति जिम्मेवार बनाउने

यहाँ उदाहरणका लागि मुक्तिनाथ मन्दिरका विषयमा तयार पारेको सामग्री प्रस्तुत गरिएको छ :

जनहित मा.वि. कागबेनीमा कक्षा छ मा पढ्ने विद्यार्थीहरूले सामाजिक, सांस्कृतिक सम्पदाका विषयवस्तु खोजी गर्ने क्रममा मुक्तिनाथका बारेमा खोजी गर्नुभयो । उहाँहरूले मुक्तिनाथको अवस्थिति, ऐतिहासिक तथ्य, मन्दिरको वर्तमान अवस्था, संरक्षणका लागि भएका प्रयासका सम्बन्धमा निम्नलिखित कुराहरू पत्ता लगाउनुभयो :

## अवस्थिति

मुक्तिनाथ नेपालको महत्त्वपूर्ण धार्मिक स्थल हो । यो मुस्ताङ जिल्लाको बाह्रगाउँ मुक्ति क्षेत्र गाउँपालिका वडा न.१ मा पर्दछ । यो धार्मिक स्थल समुद्र सतहबाट करिब ३७१० मिटर उचाइमा अवस्थित छ ।

मुक्तिनाथ भएको क्षेत्रलाई मुक्ति क्षेत्र पनि भनिन्छ । मुक्तिक्षेत्र हिन्दु र बौद्धमार्गी दुवैका लागि महत्त्वपूर्ण धार्मिक स्थल हो ।

## मुक्तिनाथको ऐतिहासिक महत्त्व



हिन्दु धर्म ग्रन्थहरूमा मुक्तिनाथका सम्बन्धमा उल्लेख गरिएको पाइन्छ । विभिन्न पुराणहरूमा कालीगण्डकी नदीको स्रोतका रूपमा मुक्तिक्षेत्रको उल्लेख गरिएको छ । तिब्बती

भाषामा छ-ला-मे-वर र दो-ला-मे-वर (पानी र ढुङ्गाबाट आगो बल्ने ठाउँ) का रूपमा उल्लेख गरिएको छ । मुक्तिनाथमा अखण्ड ज्वाला बलिरहने हुनाले यसो भनिएको मानिन्छ । बौद्धमार्गीहरूले ज्वाला प्रज्ज्वलित हुने ठाउँमा गुम्बा बनाएर बौद्ध तीर्थस्थलका रूपमा विकास गरेका छन् । यहाँ पवित्र शिला शालिग्राम पाइन्छ । यस क्षेत्रलाई दुवै धर्मावलम्बीहरूले पवित्र स्थल मानेको पाइन्छ । हिन्दुहरूले मुक्ति (विष्णु) र शिवको प्रतीक भन्दछन् । बौद्धमार्गीले मुक्तिनाथलाई लोकेश्वरका रूपमा मान्दछन् ।

मुक्तिक्षेत्र पर्यटकका लागि महत्त्वपूर्ण स्थल मानिन्छ । यो क्षेत्र करिब ३०० रोपनी जमिनमा फैलिएको छ । मन्दिर वरिपरि १०८ ओटा धाराहरू छन् । प्यागोडा शैलीमा मन्दिर निर्माण भएको छ । यो मन्दिर मुक्तिनाथ विकास समितिले संरक्षण गर्दछ । जनै पूर्णिमा, रामनवमी र दसैंको नौरथामा यहाँ विशेष मेला लाग्छ ।

### संरक्षणका प्रयास

मुक्तिनाथ मन्दिरको संरक्षण र व्यवस्थापनका लागि मुक्तिनाथ विकास समिति गठन गरिएको छ । हाल मन्दिरको जीर्णोद्धार गरिएको छ । मन्दिरलाई संरक्षण गर्न वरिपरि व्यवस्थित बार लगाइएको छ । मन्दिर क्षेत्रमा फोहोर व्यवस्थापनमा पनि जोड दिइएको छ ।

अबका दिनमा यस्तो ऐतिहासिक धार्मिक महत्त्वको क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्दछ । यसको गुठी जग्गाहरूको अवस्था खोजी गर्नुपर्दछ । पर्यटकलाई बस्नका लागि बस्ने ठाउँहरूको व्यवस्था गर्नुपर्दछ ।

## अभ्यास

१. मुक्तिनाथ कुन जिल्लामा पर्दछ ?

२. मुक्तिनाथ मन्दिरलाई किन धार्मिक सहिष्णुताको उदाहरण मानिन्छ ?

३. तपाईंको स्थानीय क्षेत्रमा अवस्थित धार्मिक वा सांस्कृतिक स्थलको नाम लेख्नुहोस् ।

४. हाम्रा सांस्कृतिक सम्पदाहरूको सूची तयार पार्नुहोस् ।

५. मुक्तिनाथ क्षेत्रको संरक्षणका लागि भएका प्रयासहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको स्थानीय समुदायमा अवस्थित धार्मिक/सांस्कृतिक सम्पदाको महत्त्व खोजी गरी प्रस्तुत गर्नुहोस् ।

२. धार्मिक/सांस्कृतिक स्थलको संरक्षण हुन नसक्नाका कारणहरू छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि के गर्नुपर्छ ? छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ
६

# बालक्लब र स्काउट

बालक्लब र स्काउटका गतिविधिहरूमा विद्यालयमा अध्ययनरत बालबालिकाहरूको संलग्नता रहेको पाइन्छ । यस पाठमा बाल क्रियाकलापमा संलग्न संस्थाहरूको सामान्य जानकारी दिइएको छ ।

## बालक्लब

बालबालिका देशका भविष्य हुन् । उनीहरूको सक्रियता, सहभागिता, संरक्षण जस्ता कुराहरूले उनीहरूको व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ । यसका लागि विद्यालय तथा समुदायमा बालक्लब गठन गरिएको हुन्छ ।



सामान्यतया बालबालिकाहरूको हकहितका लागि बालबालिकाद्वारा खोलिएका संस्थालाई बालक्लब भनिन्छ । त्यसैले बालक्लब बालबालिकाको सङ्गठन हो । २५ जनाभन्दा बढी बालबालिकाले आफ्नो साझा उद्देश्यका लागि बाल क्लबको स्थापना गर्न सक्छन् । वि.सं २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूको सहयोगमा बालबालिकाहरूलाई सङ्गठित गर्न थालियो । अहिले स्थानीय तहहरूको सहयोगमा बालक्लबहरू गठन हुने गरेको पाइन्छ । बालक्लबमा करिब ६ लाख बालबालिकाहरू सङ्गठित रहेका छन् । आवश्यकता, गठन तरिका र स्थानका आधारमा बालक्लबलाई निम्नअनुसार विभाजन गर्न सकिन्छ :

(क) समुदायमा आधारित बालक्लबहरू

(ख) विद्यालयमा आधारित बालक्लबहरू

(ग) विषयगत तथा विशेष बालक्लबहरू

(घ) बाल समूह सञ्जालहरू

## बालक्लब गठन र कार्यहरू

कलावती डगौरा श्री शारदा माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययन गर्नुहुन्छ । सामाजिक शिक्षक धनमति विष्टको सहयोगमा उहाँहरूले विद्यालयमा यसरी बालक्लबको गठन गर्नुभयो ।

उहाँहरूले बालक्लब गठनको सूचना नेपाली तथा अन्य स्थानीय भाषामा तयार पार्नुभयो । विद्यालय, वडा कार्यालय, सूचना केन्द्र, प्रहरी चौकी, स्वास्थ्य केन्द्रलगायतका ठाउँमा सूचना टाँस्नुभयो । बाल समूह गठनका लागि अनिवार्य २५ जना बालबालिका उपस्थित हुनुपर्ने हुनाले साथीहरू भेला गर्नुभयो । बालक्लब गठनका लागि भेला हुने स्थान बालबालिकाको पहुँच हुने ठाउँमा गर्नुपर्ने हुनाले चौतारीमा सबै जना भेला गर्नुभयो । बालक्लब गठनसम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्न भिन्न उमेर समूह, जाति, लिङ्गको उपस्थिति हुनुपर्ने व्यवस्थाअनुसार सबै जातजातिका बालबालिका उपस्थित हुनुभयो । कलावती डगौराले बालक्लब गठनको उद्देश्यका विषयमा प्रस्ट सूचना दिनुभयो । कलावती डगौराको अध्यक्षतामा नेतृत्व सहमतिका आधारमा छनोट गरियो । उक्त समितिमा नौ जना सदस्यहरू समावेश गरियो । बालक्लब गठनसँगै बालबालिकाहरू आफ्नो अधिकारका लागि लागिपरेका छन् । उनीहरूले आफ्नो कर्तव्य पालनामा पनि जोड दिएका छन् । गाउँघरतिर बाल संरक्षणका लागि बालक्लबहरूले भूमिका खेलेका छन् । बाल अधिकारका लागि बालक्लबमार्फत् विभिन्न कार्यक्रम सञ्चालित छन् । जस्तैः लागुपदार्थ विरुद्ध सचेतना जगाउने, धूमपान, मद्यपान, बालविवाह विरुद्ध, परिवार समुदायमा सचेतना जगाउने कार्य गरेका छन् । यसले निर्णय प्रक्रियामा बालबालिकाको सहभागितामा वृद्धि गरेको छ ।

## स्काउट

स्काउट अन्तर्राष्ट्रिय स्वयम्सेवी संस्था हो । सन् १९०७ मा बेलायतमा स्काउटको गठन भएको थियो । यस संस्थाका संस्थापक वाडेन पावेल थिए । उक्त संस्थाको उद्देश्य बेरोजगार युवालाई सिर्जनात्मक काममा सहभागी गराउनु थियो । उनले २० जना युवालाई सिर्जनात्मक काममा सहभागी गराएर स्काउट स्थापना गरे । स्काउटको मूल मन्त्र नै 'तयार होऊ' भन्ने हो ।

नेपालमा स्काउटको स्थापना वि.सं. २००९ सालमा भयो । यसको प्रधान कार्यालय लैनचौर काठमाडौंमा छ । स्काउटअन्तर्गत विभिन्न वर्गहरू छन् । तीमध्येका ब्वाइज स्काउट र गर्ल्स

स्काउट प्रमुख हुन् । ब्वाइज र गर्ल्स स्काउटमा ११ देखि १५ वर्षसम्मका बालबालिकाहरू सहभागी हुन पाउँछन् । यस्तो स्काउटको समूह विद्यालय वा समुदायमा स्थापना गर्न सकिन्छ । यस्ता समूह स्थापनाका लागि सम्बन्धित स्काउटको कार्यालयबाट अनुमति लिनुपर्छ ।

स्काउटअन्तर्गत ब्वाइज र गर्ल्स स्काउट हुन्छन् । ब्वाइज/गर्ल्स स्काउटमा कम्तीमा १२ सदस्यहरू हुनुपर्छ । प्रत्येक समूहमा ३२ जना रहन्छन् । तीमध्ये छदेखि आठ जना सदस्यहरूको समूहलाई ब्याट्रोल भनिन्छ । ब्याट्रोलको आआफ्नै नाम हुन्छ, जस्तै : ब्वाइजहरूको ब्याट्रोललाई जनावरका नाम र गर्ल्सका लागि चराका नाम दिइन्छ । यस्ता समूहहरू विद्यालयमा वा समुदायमा हुन्छन् । ब्वाइज/गर्ल्स स्काउटका छओटा तहहरू हुन्छन् । यसलाई ब्याज सूची पनि भनिन्छ । स्काउटले चरित्र निर्माण, समाज सेवामा योगदान दिएको हुन्छ । भिडभाड व्यवस्थापन, ट्राफिक व्यवस्थापन, जीवनोपयोगी सिप विकासमा पनि स्काउटका गतिविधिहरू सञ्चालन हुन्छन् ।

## अभ्यास

१. बालक्लब भनेको के हो ?

२. बालक्लबको गठन प्रक्रिया लेख्नुहोस् ।

३. बालक्लबले निर्वाह गर्नुपर्ने भूमिकाको वर्णन गर्नुहोस् ।

४. स्काउटको स्थापना कसले गरेका हुन् ?

५. स्काउटको भूमिका उल्लेख गर्नुहोस् ।

६. स्काउटले चरित्र विकास र अनुशासित हुन मदत गर्छ । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

### क्रियाकलाप

१. तपाईंको विद्यालयमा बालक्लब छ कि छैन ? छैन भने प्रधानाध्यापकलाई गठनका लागि अनुरोध पत्र लेख्नुहोस्, छ भने बालक्लबले गरेका कामहरूको विवरण कक्षामा सुनाउनुहोस् ।

२. त्यसको अवस्था अध्ययन गर्नुहोस् र दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

रामममान जनपथ विद्यालयमा कक्षा ६ मा पढ्छन् । उनी कक्षाका अब्बल र मिहिनेती विद्यार्थी हुन् । उनी सह तथा अतिरिक्त क्रियाकलापका साथै स्काउटमा पनि संलग्न छन् । स्काउटमा सहभागी भएर धेरै कुराहरू सिकेका छन् । अनुशासित हुन सिकाउने, आत्मविश्वास र आत्म अनुशासन तथा नेतृत्व क्षमताको विकास गर्ने काममा स्काउटले भूमिका खेलेको छ । अहिले उनी मानव मूल्य मान्यताको विकाससम्बन्धी कार्यक्रम चलाउँछन् । स्काउटले देश र समाजप्रति उत्तरदायी नागरिक तयार पार्न सहयोग पुग्ने कुरा उनले साथीहरूलाई बुझाएका छन् । उनको भूमिका देखेर स्काउटमा सहभागीहरूको सङ्ख्या पनि बढेको छ । प्रधानाध्यापक पनि उनीहरूका गतिविधिले खुसी हुनुहुन्छ ।

(क) स्काउटको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) तपाईंको विद्यालयमा स्काउटले के कस्तो गतिविधिहरू गरेका छन् ?

(ग) राममानले गर्ने गरेका स्काउटका गतिविधिहरू के के हुन् ?

३. स्काउटका गतिविधि समावेश गरी समाचारको नमुना तयार पार्नुहोस् । यसको नमुना विद्यालयको सूचनापाटीमा टाँस्नुहोस् ।

पाठ ७

# राष्ट्रिय व्यक्तित्व

राष्ट्रलाई महत्त्वपूर्ण योगदान दिने व्यक्तिहरू नै राष्ट्रिय व्यक्तित्व हुन् । राष्ट्रिय व्यक्तित्वको योगदान पढेर राष्ट्रप्रति योगदान गर्न प्रेरणा प्राप्त हुन्छ । यस पाठमा दुई जना राष्ट्रिय व्यक्तित्वको चर्चा गरिन्छ :

## जयपृथ्वीबहादुर सिंह



| | |
|---|---|
| नाम : | जयपृथ्वीबहादुर सिंह |
| जन्म : | वि.सं १९३४ साल भाद्र ७ गते बझाङ जिल्लाको चैनपुर |
| पिता : | विक्रमबहादुर सिंह |
| माता : | रुद्रकुमारी सिंह |
| औपचारिक शिक्षा : | वि.सं. १९५२ सालमा कलकत्ताबाट म्याट्रिकुलेसन पास<br>वि.सं १९५४ मा इलाहावादबाट आई.ए. पास |
| स्वअध्ययन गरिएका विषयहरू : | समाजशास्त्र, राजनीतिशास्त्र, दर्शन, कानुन, साहित्य, इतिहास र विज्ञान |
| यात्रा: | स्विट्जरल्यान्ड, जर्मनी, फ्रान्स, इजिप्ट, अमेरीका, चीन र जापान जस्ता देशहरूको भ्रमण |

योगदान

जयपृथ्वी बहादुर सिंह तत्कालीन राणा शासकका नातेदार भए पनि उनको शिक्षा प्रति गहिरो रुचि थियो । उनले अक्षराङ्क शिक्षा, बालबोध, ज्ञानमाला, शिक्षा दर्पण तथा प्राकृत व्याकरण जस्ता पुस्तकहरू प्रकाशित गरेका थिए । उनले बालबालिकाका लागि उपयोगी अन्य सामग्री पनि प्रकाशित गरेका थिए । उनले वि.सं. १९५८ देखि करिब १५ वर्ष गोरखापत्रको सम्पादक भएर कार्य गरेका थिए । उनले काठमाडौंको नक्सालमा सत्यवादी पाठशाला खोलेका थिए । उक्त पाठशाला पछि आफ्नै जिल्ला बझाङमा सारेका थिए । सो विद्यालयमा दलित समुदायका बालबालिकालाई समेत पढ्ने व्यवस्था मिलाएका थिए ।

वि.सं. १९९७ साल असोज १ गते भारतको बैङ्लोरमा उनको मृत्यु भयो ।

## खगेन्द्रबहादुर बस्नेत



नाम: खगेन्द्रबहादुर बस्नेत

पिता: इन्द्रबहादुर बस्नेत

माता: वेदराजकुमारी बस्नेत

जन्म: वि.सं. १९८५ साल माघ ५ गते काठमाडौँ

औपचारिक शिक्षा : स्नातक अध्ययन

योगदान

उनले वि.सं २००२ सालमा प्रवेशिका पास गरेपछि त्रिचन्द्र कलेजबाट प्रमाणपत्र तह पूरा गरे । उनले इलाहावादबाट कृषि विषयमा स्नातक अध्ययन गरेका थिए । वि.स. २००८ सालबाट उनको कम्मरभन्दा तलको भाग पूर्ण रूपमा नचल्ने भयो । यति हुँदाहुँदै पनि उनले अध्ययन अध्यापन कार्यलाई निरन्तरता दिदै आत्मनिर्भरताका लागि पढाउन थाले ।

खगेन्द्र बहादुर बस्नेतले वि.सं. २०२५ सालमा नेपाल अपाङ्ग सङ्घको स्थापना गरेका थिए । उनले उक्त संस्थाको अध्यक्ष भएर काम गरेका थिए । उक्त संस्थालाई खगेन्द्र नवजीवन केन्द्र भनेर चिनिन्छ । वि.सं. २०२६ सालमा कृष्णसमसेर र तारालक्ष्मी राणाको आर्थिक सहयोगमा अपाङ्ग पुरुषहरूका लागि आवासीय व्यवस्था सुरु भयो । यस संस्थाले वि.सं. २०३१ सालबाट अपाङ्गता भएका महिलाहरूका लागि पनि आवासीय व्यवस्था सुरु गऱ्यो । आजसम्म उक्त संस्थाबाट धेरैले सहयोग पाएर आत्मनिर्भरताको अवस्थामा पुगेका छन् । आफू अपाङ्ग भएर पनि अरूका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने खगेन्द्रबहादुर बस्नेतको नाम अमर छ ।

उनको मृत्यु वि.सं. २०३४ साल पुस १ गते भएको थियो ।

## अभ्यास

१. कस्ता व्यक्तिलाई राष्ट्रिय व्यक्तित्व भनिन्छ ?

२. जयपृथ्वीबहादुर सिंहको जन्म कहिले र कहाँ भएको थियो ?

३. जयपृथ्वीबहादुर सिंहलाई किन शैक्षिक अभियन्ताका रूपमा चिन्ने गरिन्छ ?

४. जयपृथ्वीबहादुर सिंहको योगदानको चर्चा गर्नुहोस् ।

५. अपाङ्गता भएका व्यक्तिहरूको हितमा खगेन्द्रबहादुर बस्नेतले पुऱ्याएको योगदान लेख्नुहोस् ?

६. खगेन्द्र नवजीवन केन्द्रले के कस्ता सेवाहरू प्रदान गर्दछ ?

७. जयपृथ्वीबहादुर सिंह र खगेन्द्रबहादुर बस्नेतको जीवनीबाट के के प्रेरणा प्राप्त गर्न सकिन्छ ?

## क्रियाकलाप

१. विभिन्न राष्ट्रिय व्यक्तित्वहरूको फोटो र जीवनी सङ्कलन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा पनि अपाङ्गता भएका समाजसेवी व्यक्तिहरू हुनुहुन्छ होला, उहाँहरूको अवस्था कस्तो छ ? खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. तपाईंको समुदायमा विद्यालय स्थापना गर्न योगदान गर्ने व्यक्तित्व वा निजको परिवारलाई भेटी उहाँको योगदान सम्बन्धमा विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समाजमा पनि जयपृथ्वीबहादुर सिंह जस्तै योगदान दिने व्यक्ति हुनुहुन्छ होला ? उहाँको जीवनी र योगदान खोजी गर्नुहोस् । प्राप्त विवरण निम्नअनुसारको ढाँचामा उल्लेख गरी शिक्षकलाई देखाउनुहोस्

१. व्यक्तित्वको जन्ममिति/जन्मस्थान

२. मातापिताको नाम

३. शिक्षा

४. योगदान

एकाइ तीन

# नागरिक चेतना, कर्तव्य र अधिकार







## सिकाइ उपलब्धि

- नागरिकको परिचय दिई नागरिक कर्तव्य पालना गर्न र अधिकारप्रति सचेत रहन
- लोकतान्त्रिक मूल्य र मान्यताको अनुसरण गर्न
- सामाजिक नियमको पालना गर्न
- बालअधिकार र कर्तव्य पहिचान गरी बालअधिकारको उपयोगप्रति सचेत रहन
- आफ्नो व्यक्तिगत तथा पारिवारिक सुरक्षा सम्बन्धमा सजग रहन
- ट्राफिक नियमको परिचय र फाइदा बताउन एवम् यसको पालना गर्न

पाठ १

# हामी नागरिक

शिला कर्माचार्य एक राजनीतिज्ञ एवम् अधिकारकर्मी हुनुहुन्छ । आज उहाँ शितला माध्यमिक विद्यालयमा आउनुभएको छ । उहाँ विद्यार्थीसँग नागरिकको परिचय सम्बन्धमा अन्तरक्रिया गर्दै हुनुहुन्छ । विद्यालयका विद्यार्थी र उहाँबिच भएको कुराकानी अध्ययन गरौँ ।

रमिला तामाङ : नमस्कार, हामी 'नागरिक' शब्द सुन्छौँ, पढ्छौँ । वास्तवमा 'नागरिक' को हो ? कसलाई नागरिक भनिन्छ ? कृपया प्रस्ट पारिदिनुहोस् न ।

शिला कर्माचार्य : 'नागरिक' शब्द प्राचीन ग्रिसबाट उत्पत्ति भएको हो । कुनै निश्चित राज्यभित्र बसोबास गर्ने र राज्यबाट निश्चित अधिकार प्राप्त गरेका व्यक्तिलाई नागरिक भनिन्छ । नागरिक राज्यको पहिचान प्राप्त व्यक्ति हो । नागरिकले राज्यप्रतिको दायित्व र कर्तव्य पनि पूरा गर्नुपर्ने हुन्छ ।

शङ्कर वि.क. : निश्चित भूगोल र सीमाभित्र बसोबास गर्ने व्यक्ति त्यो देशका नागरिक हुन् भन्ने सन्दर्भलाई उदाहरणसहित प्रस्ट पारिदिनुहुन्छ कि ?

शिला कर्माचार्य : निश्चित भूगोल, सीमाभित्र बसोबास गर्ने सबै व्यक्ति त्यो देशका नागरिक हुँदैनन् । एक राज्यभित्र बसोबास गर्ने, निश्चित अधिकार र राज्यप्रति कर्तव्य भएको व्यक्तिमात्र नागरिक हुन्छ । नागरिकले विशेष अधिकार प्राप्त गरेको हुन्छ । जुन कुरा संविधानमा समेत व्यवस्था गरिएको छ । उदाहरणका लागि अन्य देशबाट आई बसोबास गर्ने विदेशी नागरिकले नेपाली नागरिक सरह अधिकार दावी गर्न सक्दैनन् । उनीहरू नेपाली नागरिक नभएकाले अधिकार दावी नगरेका हुन् ।

सुरजमान नापित : नागरिकलाई कतै 'प्रजा', कतै 'मतदाता' जस्ता शब्दहरूले सम्बोधन गरेको पाउँछौँ । यी सबै शब्द एकै हुन् कि फरक छन्, प्रस्ट पारिदिनुहोस् न ।

शिला कर्माचार्य : हो, 'प्रजा', 'मतदाता' जस्ता शब्दहरू पनि नागरिकलाई सम्बोधन गरिने शब्द हुन् । प्राचीन समयमा वा पूर्ण राजतन्त्र भएका मुलुकमा नागरिकलाई राजसंस्थाप्रति पूर्ण बफादार बनाउन 'प्रजा' शब्दको प्रयोग हुन्थ्यो । अहिले हामीले अघि कुराकानी गरिसक्यौँ संविधानले नै हाम्रो अधिकार सुनिश्चित गरेको छ । तसर्थ अहिले यो शब्द प्रयोग गरिँदैन, गर्नु हुँदैन ।

राम विनय : के सबै नागरिक मतदाता हुन सक्छन् ?

शिला कर्माचार्य : हो, राज्यको कानुनअनुसार निश्चित उमेर पुगेका नागरिक मतदाता हुनसक्छ । सबै नागरिक मतदाता हुँदैनन् तर सबै मतदाता नागरिक हुन्छन् । कानुनबमोजिम योग्य नागरिक मात्र मतदाता हुन सक्छन् ।

सृष्टि जैसवाल : हामीले आजको अन्तरक्रियामा पटक पटक निश्चित अधिकार भएको, निश्चित भूगोलमा बसोबास गर्ने व्यक्ति नागरिक हो भन्ने जानकारी पायौँ । असल नागरिक कसलाई भनिन्छ, प्रस्ट पारिदिनुहोस् न ।

शिला कर्माचार्य : असल नागरिकले राज्यप्रति आफ्नो दायित्व पूरा गर्नुपर्छ । ऊ चरित्रवान् हुनुपर्छ । उसमा राष्ट्रियता र देशप्रेमको भावना हुनुपर्छ । नागरिकले राज्यद्वारा निर्धारित कानुनी वा अन्य कर्तव्य पालना गर्नुपर्छ । प्रत्येक नागरिकमा राजनीतिक चेतना हुनुपर्छ । नागरिकले दूरदर्शिता एवम् बुद्धिमत्तापूर्ण व्यवहार प्रदर्शन गर्नुपर्छ । सहनशीलताको भावनासमेत हुनुपर्छ ।

आजको कुराकानी यही टुङ्ग्याऔँ है त ।

सबैले एकै स्वरमा : हवस्, नागरिक सम्बन्धमा धेरै जानकारी दिनुभयो, हजुरलाई धेरै धेरै धन्यवाद ।

## अभ्यास

(क) नागरिकको परिचय दिनुहोस् ।

(ख) नागरिक र मतदातामा के भिन्नता छ, उल्लेख गर्नुहोस् ।

(ग) तपाईंलाई असल नागरिकमा के कस्ता विशेषता हुनुपर्छ भन्ने लाग्छ, उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

(क) कुनै व्यक्ति त्यस देशका नागरिक भएको कुरा कसरी पहिचान हुन्छ, खोजी गर्नुहोस् ।

(ख) असल नागरिकका गुणहरू उल्लेख गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको छरछिमेकमा बसोबास गरेका व्यक्तिहरूमध्ये अन्य देशका नागरिक भए उनीहरूको नाम, पेसा आदि सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ
२

# हामी नागरिक : हाम्रा अधिकार

आज शिक्षक दावा फुटी शेर्पा केही चार्टपेपर लिएर कक्षाकोठामा प्रवेश गर्नुभयो । शिक्षकले एउटा चार्टपेपर प्रस्तुत गर्दै छलफललाई अगाडि बढाउनुभयो :

हामीले अगिल्लो पाठमा नागरिकलाई राज्यद्वारा अधिकार प्रदान गरिएको हुन्छ भनेर अध्ययन गर्‍यौँ । आज हामी 'अधिकार' के हो भन्ने सम्बन्धमा छलफल गर्छौँ । चार्टपेपरतिर देखाउँदै शिक्षक भन्नुहुन्छ :

| |
|---|
| अधिकार शक्ति हो, माग हो जसलाई समाजले स्वीकार गर्छ, राज्यले लागु गर्छ । |

हामी सबै नागरिकको समग्र विकासका निम्ति अधिकार आवश्यक हुन्छ । अधिकारले हाम्रो क्षमता विकास गर्छ । हामीलाई कुनै पेसा व्यवसाय गर्न वा सामाजिक प्रगति गर्न अधिकार आवश्यक पर्छ । त्यसैले राज्यद्वारा लागु गरिएका समाजका समग्र नागरिकको कल्याणका लागि समाजले स्विकारेका पक्षहरू हाम्रा अधिकार हुन् । यसरी व्यक्ति वा समूहको समग्र विकासका लागि प्रदान गरिएको विशेष सुविधालाई अधिकार भनिन्छ ।

हामीले आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकारमा बाधा उत्पन्न गर्नु हुँदैन । उदाहरणका लागि सार्वजनिक सम्पत्ति प्रयोग गर्दा अन्य नागरिकलाई ती वस्तुको प्रयोग गर्नबाट वञ्चित गर्नु हुँदैन । हामीले आफ्नो अधिकारको प्रयोग गर्दा अरूलाई बाधा पुग्यो भने अधिकारको दुरुपयोग हुन्छ ।

हरेक नागरिकलाई स्वतन्त्रपूर्वक बाँच्ने अधिकार हुन्छ । सबै धर्म, समुदाय, जातजातिहरू कानुनका लागि समान हुन्छन् । कुनै भेदभाव गरिँदैन । नागरिक अधिकारले प्रत्येक नागरिकलाई समान हैसियत दिन्छ । प्रत्येक नागरिकको राज्यबाट समान हैसियत प्राप्त हुन्छ । यस्तो किसिमको अधिकारलाई नागरिक अधिकार भनिन्छ । नागरिक अधिकार उपयोग गर्ने नागरिकको राज्यप्रति उत्तिकै दायित्व हुन्छ ।

नागरिकको रूपमा हामीले उपयोग गर्न पाउने धेरै अधिकारहरू छन् । उदाहरणका लागि हाम्रो देशमा १८ वर्ष उमेर पूरा भएपछि प्रत्येक नागरिकले मतदान गर्न पाउने अधिकार छ । हामी निश्चित उमेर पूरा भएपछि मतदान गर्न मात्रै पाउने होइन कि निर्वाचनमा उम्मेदवार पनि हुन पाइन्छ । यी सबै हाम्रा अधिकार हुन् । यिनलाई राजनीतिक अधिकार भनिन्छ ।

यीबाहेक सम्पत्तिको अधिकार, शिक्षा तथा संस्कृतिको अधिकार, धार्मिक अधिकार, रोजगारीको अधिकारलगायत आर्थिक, सामाजिक एवम् वातावरणीय अधिकार पनि राज्यले निश्चित गरेको हुन्छ ।

नेपालको संविधानको भाग ३ मा मौलिक हकको उल्लेख भएको पाउँछौँ । यीनलाई अधिकार पनि भनिन्छ । नेपालको संविधानले ३१ ओटा मौलिक हकलाई नागरिक अधिकारको रूपमा व्यवस्था गरेको छ । हामी सबै नेपाली नागरिक मौलिक हकमा व्यवस्था भएका अधिकार समान रूपले उपयोग गर्न सक्छौँ । यी अधिकार प्रयोगका सम्बन्धमा राज्यले कुनै विभेद गर्दैन । हामीले आफ्नो अधिकार उपयोग गर्दा अरूको अधिकारमा बाधा पुऱ्याउनु हुँदैन । यदि कसैले अरू कसैको अधिकारमा बाधा उत्पन्न गरेमा अधिकार हनन भएको नागरिकले अदालतमा उजुरी गर्न सक्छ र अदालतले कानुनबमोजिम उसलाई हक दिलाउँछ । हामी आफ्नो अधिकार उपयोग गरौँ, अरूको अधिकारको सम्मान गरौँ ।

## अभ्यास

(क) अधिकारलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

(ख) अधिकारको आवश्यकतालाई दुई बुँदामा उल्लेख गर्नुहोस् ।

(ग) नेपालको संविधानमा नागरिक अधिकारको व्यवस्था कसरी गरिएको छ ?

(घ) अधिकारको दुरुपयोग कसरी भएको मानिन्छ ?

## क्रियाकलाप

(क) नागरिक अधिकारले व्यक्तित्व विकासमा कसरी सघाउ पुऱ्याउँछ ? साथीसँग छलफल गरी उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ख) तपाईंले आफ्नो अधिकार कसरी उपयोग गरिरहनुभएको छ ? जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## समूहगत कार्य

कक्षामा विभिन्न समूहमा विभाजित भई मौलिक हकसम्बन्धी चार्ट वा तालिका निर्माण गर्नुहोस् र कक्षाकोठामा टाँस्नुहोस् ।

पाठ ३

# हाम्रा कर्तव्य

अस्मिता राई कक्षा ६ की छात्रा हुनुहुन्छ । उहाँ बिहान सबेरै उठ्नुहुन्छ । घरपरिवारमा आफूले मान्नुपर्ने सबै सदस्यहरूलाई नमस्कार गर्नुहुन्छ । भाइबहिनीहरूको हेरचाह गर्नुहुन्छ । भाइबहिनीहरूलाई पढाउने, सिकाउने गर्नुहुन्छ । सबैसँग नम्र भएर बोल्नुहुन्छ । अस्मिता घरपरिवारको सदस्य मात्रै होइन, छरछिमेक, गुरुवर्ग सबै चिनेजानेकासँग नम्र व्यवहार गर्नुहुन्छ । विद्यालयका कार्यक्रममा सक्रिय सहभागी हुनुहुन्छ । समुदायमा हुने कुनै पनि सार्वजनिक कार्यक्रममा सकेसम्म सहभागिता जनाउनुहुन्छ । आफूभन्दा ठुला र मान्यजनको कुरा सुन्नुहुन्छ । आफूलाई कुनै चित्त नबुझेको कुरा शालीनतापूर्वक राख्नुहुन्छ । उहाँ भन्नुहुन्छ – "मलाई मनैदेखि नै यस्ता सामाजिक कार्यमा सहभागी हुन, मान्यजनसित कुराकानी गर्न मन लाग्छ । मेरो यो नैतिक दायित्व र कर्तव्य पनि हो ।"

कविता महतो र सुनिल कुशवाह बारा जिल्ला निवासी हुनुहुन्छ । सुनिल कुशवाह कर्मचारी हुनुहुन्छ भने कविता महतो शिक्षक हुनुहुन्छ । उहाँहरूका एक छोरा र एक छोरी गरी दुई सन्तान छन् । सुनिल र कविता दुवै जना आआफ्नो कार्यालयमा समयमा पुग्नुहुन्छ । सुनिल आफ्नो कार्यालयमा आउने सेवाग्राहीलाई कानुनबमोजिम हुने सबै सेवाहरू प्रभावकारी ढङ्गबाट उपलब्ध गराउनुहुन्छ । समयमा कार्यालय पुग्नु, कुनै पनि खराब बानी नहुनु, कार्यालय समयमा अनावश्यक ढङ्गले समय नबिताई कार्यालयकै काममा दत्तचित्त भएर लाग्नु जस्ता व्यवहारले उहाँ कार्यालयका अन्य कर्मचारीबिच लोकप्रिय हुनुहुन्छ । अरू कर्मचारी पनि उहाँको जस्तै व्यवहार अनुशरण गर्छन् ।

कविता महतो आफ्ना विद्यार्थीलाई मायापूर्वक अध्यापन गराउनुहुन्छ । विद्यार्थीको पढाइमा पूर्ण साथ दिनुहुन्छ । विद्यार्थीलाई अध्ययनमा लाग्न उत्प्रेरित गर्नुहुन्छ । उहाँ विद्यार्थीहरू माझ प्रिय हुनुहुन्छ । सुनिल र कविता कार्यालयमा मात्रै लोकप्रिय होइन घरमा पनि त्यति नै लगनशील, परिश्रमी एवम् पारिवारिक दायित्व वहन गर्नुहुन्छ । छोरीहरूको राम्रो हेरचाह गर्नुका साथै उनीहरूसित ख्यालठट्टा गर्ने र उनीहरूलाई बिदाको समयमा घुमाउन लैजाने पनि गर्नुहुन्छ । उनीहरूको अध्ययनमा पनि उत्तिकै चासो राख्नुहुन्छ । सुनिल र कविताको जोडी कार्यालय र परिवारमा मात्रै होइन टोलछिमेकका सार्वजनिक कार्यक्रममा

पनि त्यति नै सक्रिय भएर सहभागी हुनुहुन्छ । टोलमा सरसफाइ कार्यक्रम होस् वा समुदायमा हुने सांस्कृतिक कार्यक्रम वा समारोहमा पनि उहाँहरू पुग्नु हुन्छ । सुनिल र कविताको यही सामाजिक सक्रियताको कदर स्वरूप स्थानीय सामाजिक संस्थाले केही दिन अघि उहाँहरूलाई सम्मानसमेत गरेको थियो ।



नरबहादुर मगरको उमेरले नौ दशक नाघिसक्यो । उहाँमा चुनाव भन्ने बित्तिकै अर्कै उत्साह र जोश देखिन्छ । उहाँ भन्नुहुन्छ- "मैले वि.सं. २०१५ देखि हालसम्म भएका सबै निर्वाचनमा मतदान गरेको छु ।" नरबहादुर आफूमात्र होइन घरपरिवार, छरछिमेक सबैलाई मतदानमा सहभागी हुन आह्वान गर्नुहुन्छ । उहाँका छोराहरू आआफ्नो व्यवसायमा संलग्न हुनुहुन्छ । उहाँका छोराहरू नियमित रूपमा आफ्नो व्यवसायको कर तिर्नुहुन्छ । उहाँहरू आफ्नो टोलछिमेकमा सरकारले जारी गरेका ऐन, नियम पालना गर्न अरूलाई अनुरोध पनि गर्नुहुन्छ ।

## अभ्यास

### तलका प्रश्नहरूको उत्तर दिनुहोस्

(क) अधिकार र कर्तव्यमा के फरक छ, उल्लेख गर्नुहोस् ।

(ख) 'नैतिक कर्तव्य' लाई कसरी परिभाषित गर्नुहुन्छ ?

(ग) तपाईंले पालना गर्नुभएका कुनै चारओटा कर्तव्यहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

(क) 'कर्तव्य पालनाले असल नागरिक बनाउँछ' भन्ने विषयमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

(ख) माथि पाठमा उल्लेख भएका कर्तव्यहरूलाई तल तालिकामा भर्नुहोस् :

| नैतिक कर्तव्य | पारिवारिक कर्तव्य | पेसागत कर्तव्य | नागरिक कर्तव्य | सामाजिक कर्तव्य |
|---|---|---|---|---|
| | | | | |

(ग) तपाईंको परिवारका सदस्यले पूरा गर्नुभएका केही नैतिक र कानुनी कर्तव्यहरूको सूची तयार पार्नुहोस् ।

पाठ ४

# लोकतान्त्रिक मूल्य र मान्यता

विद्यालयद्वारा आयोजित वक्तृत्वकला कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्रा रमिला मगरले प्रस्तुत गर्नु भएका विचारहरू यस्ता थिए :

आदरणीय सभाध्यक्षज्यू

निर्णायक मण्डलका सदस्यज्यू, मेरा गुरुवर्ग र साथीहरू ।

"लोकतान्त्रिक मूल्य र मान्यता आजको आवश्यकता" शीर्षकमा आयोजित वक्तृत्वकलामा मेरा विचार राख्न पाउँदा म अत्यन्तै हर्षित छु ।

हामी सबैलाई जानकारी भएको कुरा हो, 'लोकतन्त्र' को खास अर्थ जनताको शासन हो । लोकतन्त्रले नागरिकको चाहनाअनुसार शासन गरिनुपर्छ भन्ने मान्यता राख्छ । नागरिकले आफूले चुनेका, छानेका प्रतिनिधिमार्फत शासन गरिँदा मात्र नागरिकले आफूलाई सार्वभौम भएको ठान्छन् । तसर्थ लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा सञ्चालन हुने शासन पद्धति नै लोकतन्त्र हो ।

हामी सबैलाई थाहा भएको कुरा हो, लोकतन्त्रमा निर्वाचन हुन्छ । लोकतन्त्रमा जनताले निर्वाचनद्वारा आफ्ना प्रतिनिधि छान्छन् । तिनै छानिएका प्रतिनिधिमध्येबाट सरकार बन्छ । जनताबाट बनेको सरकार नागरिकप्रति बढी जिम्मेवार हुन्छ । यो नै लोकतान्त्रिक मान्यता हो । हामीले पनि यसरी नै सरकार बनाएका छौँ । यसले शासनमा नागरिक सहभागितालाई पुष्टि गर्दछ ।

लोकतान्त्रिक मूल्य मान्यता र संस्कारलाई हामीले हाम्रो कक्षाकोठामा पनि लागु गर्नुपर्छ । समूहमा मिलेर काम गर्ने, काममा सबैको सहभागिता सुनिश्चित गर्ने, सबैलाई जिम्मेवारी दिने काम लोकतान्त्रिक मूल्य मान्यता हो । हामीले आफूमध्येबाट छानेर कुनै साथीलाई कक्षाको नेता बनाउने गर्छौं । कक्षामा साथीहरूको विचार र भावनालाई सम्मान गर्ने, आफ्ना विचार पालैपालो राख्ने, बहुमतको विचारलाई स्वीकार गर्ने र अल्पमतका विचारलाई पनि सम्मान गर्ने संस्कार कक्षाकोठाबाटै हामी कार्यान्वयन गर्न सक्छौं । यी सबै लोकतान्त्रिक मूल्य मान्यताका उदाहरण हुन् ।

प्रत्येक नागरिकले राज्य र समाजप्रति कर्तव्य पूरा गर्नुपर्छ । राज्यले नागरिकलाई अधिकार प्रदान गर्छ जसलाई मौलिक हक पनि भनिन्छ । हरेक नागरिकले मौलिक हकको उपयोग गर्न पाउनु लोकतान्त्रिक मान्यता हो । हामी बालबालिकाका अधिकार पनि मौलिक हककै एउटा

पक्ष हो । आज सबै नागरिकले मौलिक हकको उपयोग गर्न पाएका छन् । लोकतान्त्रिक मुलुकका नागरिक भएकामा हामीलाई गर्व छ । यदि मौलिक हकको दुरुपयोग भयो भने नागरिक आफ्नो अधिकारबाट बञ्चित हुन्छन् । त्यस्तो अवस्थामा लोकतान्त्रिक मूल्य मान्यता स्थापित हुँदैन । तसर्थ हामी सबैले आफ्नो अधिकारको उपयोग गरौँ, कर्तव्य पालना गरौँ । अरूको अधिकारको सम्मान गरौँ । लोकतान्त्रिक मूल्य मान्यता स्थापित गरौँ ।

हामी सबैलाई राम्ररी थाहा छ, हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । लोकतन्त्रमा सबै जाति, धर्म, संस्कृतिको संरक्षण हुनुपर्छ । राज्यले सबै जाति, धर्म, संस्कृतिको संरक्षण गर्दै शासनमा सहभागी गराउनुपर्छ । यसो भएमा लोकतान्त्रिक मूल्य मान्यता स्थापित हुन्छ ।

आदरणीय सभाध्यक्षज्यू, लोकतन्त्रमा महिला र पुरुषबिच भेदभाव गरिँदैन साथै सबै जाति धर्मप्रति समान व्यवहार गरिन्छ । त्यस्तै कानुनबमोजिम आफ्ना दैनिक गतिविधि सञ्चालन गर्न पाउनु पनि लोकतान्त्रिक संस्कार हो । नागरिकले स्वतन्त्रतापूर्वक आफ्ना विचार व्यक्त गर्न पाउनु पनि लोकतान्त्रिक मूल्य मान्यता हो ।

अन्त्यमा हामी सबै मिली लोकतान्त्रिक मूल्य मान्यताको विकास र पालना गरौँ, धन्यवाद ।

## अभ्यास

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) 'लोकतन्त्र' लाई परिभाषित गर्नुहोस् ।

(ख) लोकतान्त्रिक मूल्य र मान्यताका विशेषताहरू प्रस्तुत गर्नुहोस् ।

(ग) कक्षामा लोकतान्त्रिक मूल्य र मान्यताको पालना नहुँदा पर्ने प्रभावहरू प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

(क) निर्वाचनले लोकतान्त्रिक मूल्य र मान्यतालाई कसरी स्थापित गर्छ, दुई साथीबिचको संवादबाट प्रस्ट पार्नुहोस् ।

(ख) तपाईंलाई लोकतान्त्रिक मूल्य र मान्यताको सबैभन्दा राम्रो पक्ष के लाग्छ ? कारणसहित आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

(ग) तपाईंको समुदायमा लोकतान्त्रिक मूल्य र मान्यताको उपयोग कसरी भएको छ ? खोजी गरी बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# हामी बालबालिका : हाम्रा अधिकार र कर्तव्य

बालबालिकामा धेरै सम्भावनाहरू हुन्छन् । यी सम्भावना प्रस्फुटन गराउने दायित्व र जिम्मेवारी परिवार, समाज र राष्ट्रको हुन्छ । उनीहरूलाई उचित पालनपोषण, उपयुक्त शिक्षा, सही परामर्श, संरक्षण, सुरक्षा गर्ने दायित्व पनि परिवार, समाज र राष्ट्रले लिएको हुन्छ । त्यसैले बालबालिकाका विषयलाई हामी सबैले प्राथमिकता दिनुपर्छ ।

बालबालिकाको समग्र विकासमा राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक सुनिश्चित गरिएको हुन्छ । जसलाई हामी बालअधिकार भन्छौँ ।



## बालबालिकाको अधिकार

(क) बाँच्न पाउने अधिकार : प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुन्छ ।

> जन्मदर्ता बालबालिकाको अधिकार हो । बालबालिकाका लागि जन्मदर्ताले उमेरको प्रमाण पुष्टि गर्ने भएकाले कानुनद्वारा पाउने अधिकार सुनिश्चित गर्छ । यसले कम उमेरको विवाह, यौनशोषण, बालश्रम, उमेर नपुगी सैन्य भर्ना हुन र फौजदारी अभियोगबाट पनि बचाउँछ । जन्मदर्ताले बालबालिकाको ओसारपसार र अपहरण हुनबाट जोगाउँछ ।

(ख) संरक्षणको अधिकार : प्रत्येक बालबालिकालाई आफ्ना आमाबुबा वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुन्छ ।

(ग) सहभागिताको अधिकार : उमेर पूरा भएपछि बालबालिका आफ्नो धारणा बनाउन सक्षम हुन्छन् । यस्ता बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालयलगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुन्छ । बालबालिकालाई आफ्नो हकहित र सरोकारका विषयमा सूचना माग्ने अधिकार पनि हुन्छ ।

बालक्लबको गठन र त्यसका गतिविधिमा सहभागी हुने अवसर प्राप्त भएको छ ।

(घ) खेलकुद, मनोरञ्जन, सांस्कृतिक अधिकार : प्रत्येक विद्यालयले पठनपाठनको अलावा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्नुपर्छ । उपयुक्त खेलकुद स्थल र सामग्रीको व्यवस्था गर्नुपर्छ । प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाजअनुसारका सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुन्छ ।



(ङ) शिक्षाको अधिकार : प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुन्छ । दलित बालबालिकालाई छात्रवृत्तिसहितको निःशुल्क शिक्षा पाउने अधिकार हुन्छ ।



नेपाल सरकारले बालबालिकाको अधिकारको संरक्षणका लागि विविध प्रयास गरेको छ । संयुक्त राष्ट्रसङ्घको बालअधिकार महासन्धि (सन् १९८९) मा हस्ताक्षर गरेको छ । संविधानमा बालबालिकाको अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । यसका साथै बालबालिकाको हकहितका लागि विभिन्न सङ्घसंस्थाहरू कार्यरत छन् ।

बालअधिकारको सुनिश्चितताका लागि परिवारको वा संरक्षकको दायित्व हुन्छ । बालअधिकार सचेतना अभिवृद्धि गर्न राज्य, सञ्चार क्षेत्र र स्थानीय सङ्घसंस्थाको पनि त्यत्ति नै भूमिका हुन्छ ।

बालबालिकाले आमाबुबा, संरक्षक वा परिवारका अन्य सदस्यले दिएको सल्लाह सुझाव पालना गर्नुपर्छ । विद्यालयमा शिक्षक वा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएका सुझाव एवम् मार्गनिर्देशन पालना गर्नुपर्छ । सबैलाई सम्मान र आदर गर्नुपर्छ । सबैसँग मिलेर बस्नुपर्छ । लगनशील भई अध्ययन गर्नुपर्छ । बालबालिकाहरू अनुशासित हुनु उनीहरूको कर्तव्य हो । परिवारका काममा सक्दो सहयोग गर्नु, विद्यालयको नियम पालना गर्नु, सामुदायिक क्रियाकलापमा सहभागी हुनु पनि बालबालिकाका कर्तव्य हुन् । हामीले अधिकार मात्रको कुरा नगरी आफ्नो कर्तव्य पूरा गर्न पनि त्यत्तिकै सक्रिय रहनुपर्दछ ।

## अभ्यास

(क) बालअधिकारको परिचय दिनुहोस् ।

(ख) बालअधिकारका मुख्य पक्षहरूको सूची बनाउनुहोस् ।

(ग) तपाईंले आफ्नो अधिकार उपयोग गर्दा के कस्ता कर्तव्यहरू पालना गर्नुपर्छ, उल्लेख गर्नुहोस् ।

(घ) बालअधिकारअन्तर्गत सहभागिताका अधिकारलाई तपाईंले कसरी उपयोग गर्नुभएको छ ?

## क्रियाकलाप

(क) तपाईंको समुदायमा बालअधिकारको उपयोग कसरी भएको छ ? कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।

(ग) तपाईंको समुदायमा बालअधिकारको हनन् कसरी भएको छ, खोजी गरी छोटकरीमा उल्लेख गर्नुहोस् ।

(घ) बालबालिकाको बाँच्न पाउने अधिकारमा परिवारको भूमिका कस्तो हुनुपर्छ ? जोडी जोडीमा छलफल गरी बुँदागत रूपमा लेख्नुहोस् ।

(ङ) अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् । आफ्ना विचार लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## समूहगत कार्य

कक्षामा विद्यार्थीको सङ्ख्याअनुसार विभिन्न समूह निर्माण गर्नुहोस् । बाल कर्तव्यका विभिन्न पक्षहरूको चार्ट तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ६

# हाम्रा सामाजिक नियम

शिक्षक लोकबहादुरले कक्षा ६ का विद्यार्थीलाई 'सामाजिक नियम' को अर्थ प्रस्ट पार्दै भन्नुभयो, "हाम्रो समाजमा परम्परागत रूपमा सबैले मानी आएका, प्रयोग गरिआएका व्यवहार नै सामाजिक नियम हुन्" । सामाजिक नियमलाई समाजका सबैले स्विकारेका हुन्छन् । यी सामाजिक नियमलाई सामाजिक मूल्य मान्यता पनि भनिन्छ ।

सामाजिक नियमका आधारमा समाज चलेको हुन्छ । सामाजिक नियमले समाजलाई व्यवस्थित गर्न मदत गर्छ । यसले असल समाज निर्माणका लागि आधार तयार पार्दछ । समाजमा समन्वय र सहिष्णुता कायम गर्छ । कतिपय सामाजिक नियमहरू समयानुकूल परिवर्तन हुँदै जान्छन् ।

शिक्षकले त्यसपछि विद्यार्थीहरूलाई सामाजिक नियमसम्बन्धी समूहकार्य गर्न लगाउनुभयो । समूहले तयार पारेका कार्यहरूको प्रस्तुतीकरण यसप्रकार छ :

### समूह 'क'

शीर्षक : सामाजिक नियम

- समाजलाई व्यवस्थित बनाउनका निम्ति प्रयोग गरिँदै आएका व्यवहार, प्रचलन आदि सामाजिक नियम हुन् ।
- आफूभन्दा ठुलालाई आदर गर्ने, आफूभन्दा उमेरले सानालाई माया गर्ने व्यवहार सामाजिक नियम हुन् ।
- त्यस्तै परिवारको जेष्ठ सदस्यको सल्लाह सुझाव, मार्गनिर्देशन पालना गर्नु पनि सामाजिक नियम हो ।
- चाडपर्व, सांस्कृतिक उत्सवमा पारिवारिक भेटघाट गर्नु पनि राम्रो सामाजिक अभ्यास हो
- आफ्ना धार्मिक मूल्य मान्यताअनुसारका न्वारान, व्रतबन्ध, विवाह जस्ता परम्परागत संस्कार रीतिपूर्वक गर्नु, आफन्तहरूले सहयोग गर्नु पनि समाजमा विद्यमान हाम्रा असल सामाजिक नियम हुन् ।
- समाज, छरछिमेकमा कसैको निधन भएमा धार्मिक, सामाजिक संस्कारअनुसार सहभागी हुनुले पनि हाम्रा सामाजिक संस्कारहरूको राम्रो उदाहरण प्रस्तुत गर्दछ ।

## समूह 'ख' शीर्षक: सामाजिक नियम

- खेतीपाती गर्दा ज्याला वा नगदमा भन्दा पर्ममा जोड दिनुले सामूहिक सहभागिता प्रदर्शन गर्दछ ।
- सांस्कृतिक पर्व, सामाजिक परम्परा मनाउँदा सामूहिक रूपमा मनाउने प्रचलन छ ।
- स्थानीय उत्पादनका वस्तुको प्रयोगमा जोड दिने गरिन्छ ।
- सामुदायिक वा सार्वजनिक कार्यहरू जस्तै : कुवा, इनार, धारा, बाटो वा धार्मिक स्थलको सरसफाइ, निर्माण, पुन:निर्माणमा नगद वा ज्यालाभन्दा सामूहिक श्रमदान गर्नु पनि हाम्रा सामाजिक नियमका राम्रा पक्ष हुन् ।

शिक्षक लोकबहादुरले दुवै समूहले प्रस्तुत गरेका सामाजिक नियम, मूल्य मान्यताका बारेमा थप स्पष्ट पार्नुभयो । यहाँ प्रस्तुत गरिएका सबै मान्यताहरू हाम्रा समाज र समुदायका साझा मान्यता हुन् । कतिपय समाज र समुदायका केही मान्यता फरक भए पनि भावना भने समान हुन सक्छ ।

सामाजिक नियम र सरकारले निर्माण गरेका नियममा भने केही भिन्नता छन् जस्तै : सरकारले निर्माण गरेका नियम निश्चित प्रक्रिया पूरा गरेर निर्माण भएका हुन्छन्, लिखित हुन्छन् । यिनीहरू देशव्यापी रूपमा लागु हुन्छन् । नियम उल्लङ्घन गरेमा कानुनी कारबाही हुन्छ । सामाजिक नियम समाजले स्वीकार गरेका व्यवहार हुन् । यी लिखित रूपमा नहुन पनि सक्छन् । कतिपय सामाजिक नियम समाजअनुसार फरक फरक हुनसक्छन् । सामाजिक नियम पालना गर्न कसैलाई बाध्य पारिँदैन तर सामाजिक नियम नमान्नेलाई समाजले राम्रो मान्दैन । सामाजिक नियम मान्नु हामी सबैको नैतिक जिम्मेवारी र दायित्व हो ।

हामीले सामाजिक नियम, मूल्य मान्यताका विषयमा छलफल गर्‍यौँ । अब हामी अर्को समूहको प्रस्तुति हेरौँ ।

## समूह 'ग'

## शीर्षक : सामाजिक नियमका फाइदाहरू

- सामाजिक शिष्टता कायम हुन्छ ।
- सभ्य र असल समाजको निर्माण हुन्छ ।
- सामूहिक सेवाभावको विकास हुन्छ ।

- अधिकार र कर्तव्यको पूर्ण पालना हुन्छ ।
- सामाजिक संस्कृति, परम्परा, रीतिरिवाजको संरक्षण र जगेर्ना गर्न मदत पुग्छ ।
- सामाजिक र धार्मिक सहिष्णुताको विकास हुन्छ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण, सदुपयोग र सामूहिक उपयोग गर्न पाइन्छ ।

अन्त्यमा शिक्षक लोकबहादुरले सबै समूहलाई धन्यवाद दिँदै छलफलको निष्कर्ष यसरी प्रस्तुत गर्नुभयो । हो, तपाईंहरूले खोजी गरेर प्रस्तुत गर्नुभएका कुरा जायज छन् । वास्तवमा सामाजिक नियम समाजको ऐना हो । सामाजिक नियम हामीले पालना गर्‍यौँ, व्यवहारमा उतार्‍यौँ भने समाजलाई फाइदा हुन्छ । समाजमा सकारात्मक प्रभाव पर्छ । हाम्रा सामाजिक नियम, मूल्य मान्यताहरूलाई अरूले पनि अनुशरण गर्छन् ।

तपाईं हामी सबै जनाले हाम्रा सामाजिक नियम पालना गरौँ । सभ्य समाजको निर्माणमा मदत गरौँ ।

## अभ्यास

### तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) 'सामाजिक नियम' भनेको के हो ?

(ख) सामाजिक नियमको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) देशको कानुन र सामाजिक नियमबिचका भिन्नता लेख्नुहोस् ।

### क्रियाकलाप

(क) "सामाजिक नियमको पालनाले असल समाज निर्माणमा सहयोग गर्छ ।" यस भनाइलाई समूह समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईंको समाजमा प्रचलित सामाजिक नियमले कस्तो सकारात्मक प्रभाव पारेको छ ? खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### सामुदायिक कार्य

पाठ्यपुस्तकमा उल्लेख भएका सामाजिक नियमहरूमध्ये तपाईंको समाजमा कुन कुन नियम मिल्दाजुल्दा छन् ? खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

पाठ
७

# हाम्रो सुरक्षा

तलको समाचार अध्ययन गर्नुहोस् :

**डढेलो निभाउन जाँदा जलेर मृत्यु**

वनमा लागेको डढेलो निभाउने क्रममा जलेर ललितपुरको बागमती गाउँपालिका-७ गिम्दी, उर्लामा एक जनाको मृत्यु भएको छ । जिल्लाकै अति विकट र जोखिमयुक्त क्षेत्र मानिने उर्लाको धराप डाँडा सामुदायिक वनमा लागेको डढेको निभाउन जाँदा ५९ वर्षीय सन्तलाल सिङ्गारको मृत्यु भएको छ । डढेलो निभाउन जाँदा सुरक्षाका उपायहरू नअपनाइएकाले उक्त दुर्घटना भएको जानकारी प्राप्त भएको छ ।

माथि उल्लिखित घटना प्रतिनिधि घटना मात्र हुन् । व्यक्ति, परिवार वा समाजमा यस्ता घटनाहरू आकस्मिक रूपमा घट्न सक्छन् । कतिपय घटना अरूका कारणबाट हुन्छन् । कतिपय घटना हाम्रो आफ्नै असावधानीले हुन सक्छन् ।

व्यक्तिगत एवम् पारिवारिक सुरक्षा भनेको कुनै घटनाप्रतिको हामीले प्रस्तुत गर्ने सचेत व्यवहार हो । आकस्मिक घटनाबाट सुरक्षित रहन अपनाइने सजगता पनि हो । यात्रा गर्दा, अपरिचित व्यक्तिले दिइएका खानेकुरा खाँदा बेहोस भएको, अपहरणमा परेको आदि व्यक्तिगत असावधानीसँग जोडिएका घटना हुन् । त्यसैले हामी सबैले सचेत ढङ्गले दैनिक क्रियाकलापहरू गर्नुपर्छ ।

कहिलेकाहीँ परिवारका कोही पनि सदस्य नभएको अवस्थामा घरमा चोरी भएका घटना पनि हामीले सुनेका छौँ । तसर्थ हामी स्वयम् र परिवार सचेत भएको खण्डमा हाम्रो व्यक्तिगत र परिवारको सुरक्षा गर्न सकिन्छ । यस्ता आकस्मिक घटना न्यून गर्न सकिन्छ ।

### व्यक्तिगत एवम् परिवारिक सुरक्षाका उपायहरू

(क) आफू घरबाहिर निस्किदा परिवारका सदस्यलाई जानकारी गराउनुपर्छ ।

(ख) अपरिचित व्यक्तिले दिएका खानेकुरा खानु हुदैन ।

(ग) सामाजिक सञ्जालमा अपरिचित र अनावश्यक व्यक्तिहरूसँग सम्पर्कमा रहनुहुँदैन ।

(घ) एम्बुलेन्स, दमकल र सुरक्षा निकायका टेलिफोन नम्बरहरू जानकारीमा राख्नुपर्दछ ।

(ङ) घरपरिवारका सदस्यहरू बाहिर निस्किदा राम्रोसँग झ्याल, ढोका, गेट बन्द गर्नुपर्दछ ।

(च) आफू बसोबास गरेको स्थानभन्दा बाहिर जाँदाको जानकारी सामाजिक सञ्जालमा राख्नुहुँदैन ।

(छ) संवेदनशील वा गोप्य कुराकानी फोनबाट गर्नुहुँदैन ।

यसरी सचेत भएको खण्डमा हामी सुरक्षित हुन्छौं । हाम्रो व्यक्तिगत एवम् पारिवारिक सुरक्षाका लागि सरकारले विभिन्न नियम एवम् कानुन लागु गरेको हुन्छ । तिनको पालना गर्दा हामी सुरक्षित हुन्छौं । नेपाल प्रहरी, सशस्त्र प्रहरी र आवश्यकताअनुसार नेपाली सेनाले पनि हामीलाई सुरक्षा प्रदान गर्छन् ।

## अभ्यास

(क) व्यक्तिगत सुरक्षाको परिचय दिनुहोस् ।

(ख) पारिवारिक सुरक्षाका उपायहरू उल्लेख गर्नुहोस् ।

(ग) तपाईंले आफ्नो व्यक्तिगत सुरक्षा कसरी गर्ने गर्नुभएको छ, अनुभवका आधारमा लेख्नुहोस् ।

## क्रियाकलाप

(क) व्यक्तिगत र पारिवारिक सुरक्षा किन आवश्यक हुन्छ, साथीसँग छलफल गरी बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) व्यक्ति र परिवारले अपनाउनुपर्ने सुरक्षाका उपायहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ग) कुन अवस्थामा कहाँ र कुन नम्बरमा फोन गर्ने सोधखोज गरी तल तालिकामा भर्नुहोस् ।

| घटना | निकाय | फोन नम्बर |
|---|---|---|
| समुदायमा चोरी हुँदा | नेपाल प्रहरी | १०० |
| सडक दुर्घटना हुँदा | ट्राफिक प्रहरी | ...................... |
| आगलागी हुँदा | दमकल कार्यालय | ........................... |
| बिरामी हुँदा | एम्बुलेन्स | .......................... |
| अन्य | | |

## सामुदायिक कार्य

तपाईंको समुदायमा कार्यरत सुरक्षाका निकायहरू र तिनले गरेका सेवाहरू सोधखोज गरी टिपोट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ८

# ट्राफिक नियमको पालना गरौँ

आज हाम्रो विद्यालयमा ट्राफिक प्रहरी आउनुभएको थियो । उहाँले केही ट्राफिक नियम र सङ्केतहरूका सम्बन्धमा यसरी जानकारी गराउनुभयो ।

ट्राफिक नियम सडक सुरक्षासम्बन्धी नियम हो । यसले सडकको प्रयोग गर्दा वा यात्रा गर्दा अपनाउनु पर्ने सावधानीका सम्बन्धमा जानकारी दिन्छ । विभिन्न सङ्केत र नियमको जानकारी भएमा र सोको पालना गरेमा सडक दुर्घटना हुनबाट बच्न सकिन्छ । अब हामी ट्राफिक सङ्केत सम्बन्धमा थप जानकारी लिऔँ है त !

यी सङ्केतहरूले के जनाउँछन् हेर्नुहोस् त !



पार्किङ निषेध प्रवेश निषेध हर्न निषेध सीमा समाप्त

अब राजमार्गमा प्रयोग हुने अन्य सङ्केतहरू हेरौँ :




पहिरो जोखिम क्षेत्र डाइभर्सन अन्य खतरा साँघुरो पुल

यात्रा गर्दा तपाईंहरूले यस्ता सङ्केतहरू देख्नुभएको होला । यी सङ्केतहरूले सम्भावित दुर्घटना हुने स्थान जनाउने हुँदा सोहीअनुसारको सावधानी अपनाउनुपर्छ ।

उहाँले तलका जस्तै सङ्केतहरू देखाएर ट्राफिक सङ्केतसम्बन्धी विद्यार्थीहरूको पूर्व जानकारी लिनुभयो ।

अब यी सङ्केतहरू हेर्नुहोस् है त ।




हो, यी सङ्केतहरूका सम्बन्धमा तपाईंहरूलाई जानकारी रहेछ ।

अब हामी ट्राफिक बत्तीका सङ्केतहरू कस्ता हुन्छन् भन्ने सम्बन्धमा यो सामग्री हेरौं :

## ट्राफिक बत्तीका सङ्केतहरू

### सवारी नियन्त्रण गर्नका लागि

**बत्ती सङ्केतको क्रम**
**रातो, हरियो, पहेंलो**
**त्यसपछि फेरि रातो**



रातोको अर्थ रोक हो । रोक्ने रेखा पछाडि सवारी रोक्नुपर्छ ।

हरियोको अर्थ अगाडि जानु भन्ने हो ।

पहेंलोको अर्थ रोक्ने रेखाको धेरै नजिक पुगी सुरक्षित तरिकाले रोक्न गाह्रो भएमा मात्र अगाडि जान सकिन्छ भन्ने हो ।



हरियो तीर सङ्केत बल्दा उक्त तीरले देखाएको दिशातर्फ मात्र जान सकिन्छ । अरू सङ्केत जेसुकै भए पनि यो सङ्केत पालन गर्नुपर्छ ।

पहेंलो तीर सङ्केत बल्दा उक्त तीरले देखाएको दिशातर्फ मात्र जान सकिन्छ । अन्य सवारीप्रति सजग भई उनीहरूलाई प्राथमिकता दिनुपर्छ ।

रातो तीर सङ्केट बल्दा उक्त तीरले देखाएको दिशातर्फ जानु हुँदैन ।

### पदयात्री आवत जावत नियन्त्रणका लागि



पर्ख

होसियारीले बाटो काट

बाटो काट्न सुरु नगर्नु

सङ्केत राख्ने अर्को तरिका

कक्षाको सिकाइ सहजीकरणको अन्त्यमा उहाँले ट्राफिक नियम पालना गर्दा हुने फाइदाहरू भन्न लगाउनुभयो । विद्यार्थीहरूले भनेका कुराहरूमा आफ्ना कुरा थप गरी निम्नअनुसार फाइदा हुने कुरा पनि बताउनुभयो ।

(क) ट्राफिक नियमको पालना गर्दा व्यक्तिगत सुरक्षा हुन्छ ।

(ख) मोटर गाडीलगायतका सवारी साधन व्यवस्थापन गर्न सजिलो हुन्छ ।

(ग) नियम कानुनको पालना हुन्छ ।

(घ) सम्भावित दुर्घटना कम हुन्छ ।

(ङ) जनधनको क्षतिमा कमी आउने हुन्छ ।

## अभ्यास

(क) ट्राफिक नियम भनेको के हो ?

(ख) ट्राफिक नियम पालना गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।

(ग) ट्राफिक नियमको पालना नगर्दा घट्न सक्ने घटनाको सूची बनाउनुहोस् ।

## क्रियाकलाप

(क) तपाईंले ट्राफिक नियमको पालना कसरी गर्ने गर्नुभएको छ ? आफ्नो अनुभव लेख्नुहोस् ।

(ख) ट्राफिक नियमको पालना सबन्धमा जनचेतना जगाउने प्लेकार्ड तयार पार्नुहोस्, जस्तै :

| सधैँ बस बिसौनीबाट मात्र गाडी चढ्ने र ओर्लिने गरौँ । |
|---|

(ग) ट्राफिक नियमको पालना गर्दा व्यक्तिगत सुरक्षामा कसरी सहयोग पुग्छ, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

एकाइ चार

# सामाजिक समस्या र समाधान

## सिकाइ उपलब्धि

- सामाजिक विकृति र समस्याहरूको पहिचान र समाधानका उपायहरूको खोजी गर्न
- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको भूमिका खोजी गर्न
- परिवार र कक्षाकोठामा हुने विवादको पहिचान गरी त्यसको उचित व्यवस्थापनमा सहभागी हुन





पाठ ९

# सामाजिक समस्या र विकृति



हाम्रो समाजमा थुप्रै राम्रा प्रचलन र परम्पराहरू छन् । कतिपय प्रचलनहरू समाज विकासमा बाधा पार्ने प्रकृतिका पनि छन् । यस्ता प्रचलनहरूले सामाजिक समस्या निम्त्याउन सक्छन् । समाजका प्रचलित मूल्य मान्यता विपरीत मानिसले अपनाएका गतिविधिलाई नै सामाजिक समस्या भनिन्छ । चोरी डकैती, लागुपदार्थ दुर्व्यसन, धूमपान, घरेलु हिंसा, मद्यपान, बोक्सी प्रथा, धामी झाँक्री, छुवाछुत, दाउजो प्रथा आदि सामाजिक समस्याका उदाहरण हुन् । सामाजिक समस्या तथा विकृतिसँग सम्बन्धित तलका घटनाहरू अध्ययन गरौँ :

## घटना १

रिताको घरनजिक होटलहरू छन् । ती होटलमा स्थानीय मानिसहरू मादकपदार्थ सेवन गरेर झगडा गर्छन् । उनका बुबा पनि सो होटलमा मादकपदार्थ सेवन गर्न जान्छन् । उनले रक्सी खाएको दिन घरमा झगडा पर्छ । बुबाले आमालाई कुट्ने र गाली गर्ने गर्दा रितालाई नमज्जा लाग्छ । यस्तो घरेलु हिंसाले आफूलाई पढ्न मन नलाग्ने, बेचैनी हुने साथै आमा पनि टोलाइरहने र काम गर्न मन नलाग्ने कुरा रिता बताउँछिन् । घरमा वृद्ध हजुरबालाई उपचार गर्ने र नियमित औषधी खुवाउने क्रम छुटेको छ । आफूलाई छोरा बुहारीले हेला गरेको उहाँको गुनासो छ ।

## घटना २

रामकेसरीका गाउँमा अहिले पनि बोक्सी प्रथा कायम छ । उनका गाउँमा असहाय महिलालाई बोक्सीको आरोपमा यातना दिने गरिन्छ । उनका गाउँमा कुनै मानिस बिरामी हुँदा धामीझाँक्रीलाई देखाउने गरिन्छ । यी समस्या देखिनुको मुख्य कारण अशिक्षा र अन्धविश्वास हो । आर्थिक र चेतनास्तर कमजोर भएका ठाउँहरूमा अहिले पनि यस्तो प्रथा कायमै छ । यस्तो प्रथामा विश्वास गर्दा बिरामीको उचित उपचार नभई मृत्यु पनि हुन सक्छ । त्यसैले यस्ता प्रथाको विरुद्ध हामी सबैले आवाज उठाउनुपर्दछ ।

## घट्ना ३

विक्रमको गाउँमा अझै पनि कोहीकोहीले तल्लो जात, अर्को जात भन्दै छोइछिटो गर्ने गरेका छन् । कानुनले नै गर्नु नहुने भनिएको यस्तो कार्य उनलाई मन परेको छैन । झैझगडा हुने, अरूलाई होच्याउने यस्ता कार्य रोक्न बालक्लबमार्फत सक्रिय रहने उनले सोच बनाएका छन् । छुवाछुत गर्नेलाई दण्ड दिनुपर्ने उनको सुझाव छ ।

## घटना ४



हिजो प्रहरीले इँटाभट्टामा काम गरिरहेका पाँच जना बालबालिकालाई उद्धार गरेको छ । १२ वर्षभन्दा कम उमेरका ती बालबालिकाहरू गाउँबाट काठमाडौँ आएको बताइएको छ । कम उमेरका बालबालिकालाई श्रममा लगाउँदा उनीहरूमा हिंसा हुने र उनीहरूको मानसिक शारीरिक विकासमा बाधा पुग्छ । उनीहरूलाई उद्धार गरी अभिभावकको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

यी माथि दिइएका घटनाहरू सामाजिक समस्या तथा विकृतिका उदाहरण हुन् । यसबाहेक छाउपडी तथा दाइजो प्रथा, बालविवाह, मानव बेचबिखनका घटना पनि हुने गरेका छन् । जुवातास र मादकपदार्थको सेवन जस्ता विकृतिहरू पनि हाम्रो समाजमा प्रचलित छन् । यस्ता खालका विकृतिले सामाजिक समस्या बढाउने हुँदा हामी सबै सचेत हुनुपर्छ ।

## अभ्यास

१. सामाजिक समस्या तथा विकृति भनेको के हो ?

२. तपाईंको समुदायमा विद्यमान सामाजिक समस्या तथा विकृतिको सूची बनाउनुहोस् ।

३. घरेलु हिंसाले पार्ने कुनै दुईओटा असरहरू लेख्नुहोस् ।

४. बालश्रम भन्नाले के बुझिन्छ ? बालबालिकालाई गारो काममा लगाउँदा पर्ने असरहरू लेख्नुहोस् ।

### क्रियाकलाप

१. तपाईंको स्थानीय समुदायमा प्रचलित समस्या र त्यसका कारण समावेश गरी स्थानीय पत्रपत्रिकाका लागि समाचारको नमुना तयार पार्नुहोस् ।

२. सामाजिक समस्या विरुद्ध चेतनामूलक गीत वा कविता तयार पारी कक्षामा सुनाउनुहोस् ।

३. तपाईंको समुदायमा महिलामाथि हुने हिंसा बढाउने कारणहरूको खोजी गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ २

# सामाजिक समस्या र विकृतिको समाधान

अगिल्लो पाठमा सामाजिक समस्या र विकृति के हो भन्ने सम्बन्धमा चर्चा गरिएको थियो । यो पाठमा सामाजिक समस्याका कारण र असर पहिचान गरी समाधानका उपायहरूको खोजी गरिएको छ ।

## सामाजिक विकृति र समस्याका कारणहरू

१. चेतनाको कमी : चेतनाको कमीका कारण व्यक्तिले के कुरा ठिक र के बेठिक भनेर छुट्याउन सक्दैन । समस्याका कारण र असर पहिचान गर्न पनि गाह्रो पर्छ । जसले गर्दा क्रमश: सामाजिक समस्या बढ्दै जान्छ । विकृतिलाई बढावा मिल्छ ।



२. अन्धविश्वास : तथ्य र प्रमाणबिनै परम्परादेखि मानी आएका कतिपय चलन/प्रथा सभ्य समाजका लागि बाधक बन्न सक्छन् । कसैको अधिकार हनन् हुन सक्छ । शान्ति र विकासमा बाधा पुग्न सक्छ । त्यस्ता खालका प्रचलन मान्नुलाई अन्धविश्वास भनिन्छ । पुराना राम्रा मौलिक प्रचलनहरू पनि छन् । ती प्रचलनहरूलाई समय सान्दर्भिक रूपमा अपनाउँदै जानुपर्छ । यसो गर्दा परम्पराको संरक्षण र सम्मानमा सहयोग पुग्छ ।

३. गरिबी : सामाजिक समस्या देखिनुमा गरिबीले पनि भूमिका खेलेको हुन्छ । गरिबीले गर्दा नै मानिसहरू उपचारका लागि अस्पतालभन्दा धामीझाँक्रीकहाँ जान बाध्य हुन्छन् । गरिबीले गर्दा व्यक्तिको चेतनामा प्रभाव पर्छ । बालविवाह, महिला हिंसा जस्ता घटना पनि घट्ने गर्छन । गरिबीका कारण नागरिकले स्वास्थ्य उपचार नपाउने, तागतिलो खानेकुरा खान नपाउने अवस्था आउन सक्छ ।

४. **बेरोजगारी :** बेरोजगारीले पनि सामाजिक समस्या सिर्जना गर्न मदत गर्छ । बेरोजगार भएका कारणले मानिसहरू असामाजिक काममा संलग्न हुन सक्छन् । चोरी डकैतीका घटनाहरू बढ्न सक्छन् । विभिन्न कुलत र दुर्व्यसनमा लाग्ने खतरा रहन्छ । जसले गर्दा समाजमा अशान्ति पैदा हुन्छ ।

## सामाजिक समस्या समाधानका उपायहरू

हाम्रो समाजमा धेरै किसिमका समस्या र विकृतिहरू छन् । तिनका कारणहरू पनि विभिन्न छन् । असल समाज निर्माणका लागि सामाजिक समस्या र विकृतिले बाधा पुऱ्याएको हुन्छ । यस्ता समस्या र विकृतिको अन्त्य गर्न हामी सचेत हुनुपर्छ । यी समस्या र विकृति अन्त्य गर्न निम्नलिखित उपायहरू अपनाउन सकिन्छ :

१. **जनचेतना :** सामाजिक समस्या र विकृतिको मुख्य कारण जनचेतनाको अभाव हो । त्यसैले हामीले जनचेतना जगाउने खालका कार्यक्रमहरू गरेर मानिसहरूलाई जागरुक बनाउन सक्छौँ । अन्तरक्रिया, ऱ्याली, प्रभातफेरी, सडक नाटक, गीत, कविता आदिका माध्यमबाट जनचेतना जगाउन सकिन्छ ।

२. **रोजगारी सिर्जना :** सामाजिक समस्या र विकृतिको मूल कारण बेरोजगारी पनि हो । रोजगारी नहुनाले मानिसहरू असामाजिक गतिविधिमा संलग्न हुन सक्छन् । रोजगारी भयो भने मानिसको चेतनाको स्तर पनि बढ्छ । फुर्सद पनि कम हुन्छ । रोजगारीले गरिबी निवारणमा सहयोग पुऱ्याउँछ । यसरी रोजगारी सिर्जनाले सामाजिक समस्या र विकृति समाधान गर्न सहयोग पुग्छ ।

३. **कानुनको पालना :** देशको कानुनको पालना गर्नु सबै नागरिकको कर्तव्य हो । सबैले कानुनको पालना गरेमा कसैको अधिकार हनन् हुन पाउँदैन । कानुनको प्रभावकारी कार्यान्वयन भएमा घरेलु हिंसा, छुवाछुत, महिला हिंसा, चेलिबेटी बेचबिखन आदि समस्या र विकृति कम गर्न सकिन्छ । जसले गर्दा समाजमा विकृतिजन्य व्यवहार र घटनाहरू हुँदैनन् । शान्तिपूर्ण समाजको निर्माण हुन्छ ।

४. **मेलमिलाप :** हामीले आपसी मेलमिलापको संस्कार विकास गर्नुपर्छ । पारिवारिक र सामाजिक मेलमिलाप भयो भने विभिन्न सामाजिक समस्याबाट छुटकारा पाइन्छ । समाजमा शान्ति र सद्भाव कायम हुन्छ । मेलमिलापले आपसी सम्बन्ध बलियो

हुन्छ । सामाजिक सुरक्षा मजबुत हुन्छ । आपसी सम्बन्ध बलियो भयो भने सामाजिक समस्या र विकृति अन्त्य गर्न सहयोग पुग्छ ।

## अभ्यास

१. सामाजिक विकृति र समस्याका कारणहरू उल्लेख गर्नुहोस् ।

२. कानुनको पालना गर्दा कसरी सामाजिक समस्या निराकरण गर्न सहयोग पुग्छ ?

३. सामाजिक समस्या र विकृति समाधानका उपायहरू लेख्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा प्रचलित समस्या, तिनका असर र समाधानका उपाय खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. जेष्ठ नागरिकलाई गरिने दुर्व्यवहार जटिल समस्याका रूपमा रहेको छ भन्ने गरिन्छ । यससम्बन्धी कक्षामा छलफल गरेर कारण, असर र समाधानका उपायहरू खोजी गर्नुहोस् ।

३. सामाजिक विकृति र समस्याको समाधान गर्ने उपायहरू समावेश गरी गीत, कविता, कथा वा नाटक तयार पार्नुहोस् र विद्यालयको वार्षिक कार्यक्रम वा अन्य कुनै समारोहमा प्रस्तुत गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईं बस्ने स्थानीय तहले महिला हिंसा विरुद्ध के कस्ता क्रियाकलाप सञ्चालन गरेको छ । सम्बन्धित वडा वा गाउँपालिका/नगरपालिका गएर खोजी गर्नुहोस् र प्राप्त विवरणका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ३

# सामाजिक समस्या र विकृति समाधानमा व्यक्ति, परिवार र सङ्घसंस्थाको भूमिका

कक्षामा तीन जना विद्यार्थीहरूले समूहगत रूपमा कक्षा कार्य गर्दा सामाजिक समस्या र विकृति समाधानसम्बन्धी तयार पारेका विचारहरू तल प्रस्तुत गरिएको छ ।

### खेलमुनि राजवंशी

### शीर्षक : सामाजिक समस्या र विकृति अन्त्य गर्न व्यक्तिको भूमिका

समाजको विकास नै व्यक्ति व्यक्ति मिलेर हुन्छ । व्यक्तिको बानी, व्यवहारले समाजलाई प्रभाव पार्दछ । त्यसैले साथीहरू हामीले अनावश्यक रूपमा अरूको देखासिकी गर्नु हुँदैन । असल बानीव्यवहार देखाउनुपर्छ । प्रत्येक व्यक्तिले छुवाछुत, हिंसा, बालश्रम जस्ता समस्या र विकृति बिरुद्ध आवाज उठाउनुपर्छ । अनावश्यक खर्च नगर्ने र अन्धविश्वासप्रति विश्वास नगर्ने अठोट लिनुपर्छ । स्वास्थलाई हानि गर्ने बानी व्यवहार र खानपिन पनि गर्नुहुँदैन । त्यस्तो व्यवहार अरूले गरेको देखेमा सम्झाउनुपर्छ । समाजका प्रतिष्ठित व्यक्तिहरूले पनि व्यवहार गर्दा आफ्ना व्यवहार अरूले पनि अनुशरण गर्न सक्छन् भनी सचेत हुनुपर्छ । गलत सङ्गत र अरूको लहैलहैमा लागेर समाजलाई नकारात्मक प्रभाव पार्ने काममा लाग्नु हुँदैन ।

व्यक्तिले ठिक बेठिक छुट्याएर मात्र कुनै काम गर्नुपर्छ । व्यक्तिको व्यवहार घर परिवार र घर परिवारको व्यवहार समाजमा देखिन्छ । प्रत्येक व्यक्ति आफ्ना बानी व्यवहारप्रति सचेत भएमा सामाजिक समस्या र विकृति अन्त्य गर्न सघाउ पुग्छ । धन्यवाद ।

### जयप्रकास थारु

### शीर्षक : सामाजिक समस्या र विकृति समाधानमा परिवारको भूमिका

परिवार हाम्रो पहिलो विद्यालय हो भने आमाबुबा पहिलो शिक्षक हुन् । परिवारले सामाजिक समस्या र विकृति अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । परिवारमा हुने क्रियाकलापले व्यक्तिको आचरण र बानीव्यवहार निर्धारण गर्दछ । सबै अभिभावकले आफ्ना बालबालिकाको उज्ज्वल भविश्यको सपना देखेका हुन्छन् । यसका लागि उहाँहरूले सानैदेखि असल बानी र व्यवहार सिकाउनुहुन्छ । उहाँहरूबाट सामाजिक नियमहरूको पालना गर्न पनि हामीले

सिकिरहेका हुन्छौँ । यसै गरी उहाँहरूले आफ्ना छोराछोरीको आनीबानी र सङ्गतको पनि जानकारी राख्नुपर्ने हुन्छ ।

परिवारका सदस्यहरू नै सामाजिक विकृतिमा संलग्न भएमा त्यसको प्रत्यक्ष प्रभाव अरू सदस्यमा पर्दछ । परिवारमा अभिभावकले मादक पदार्थ सेवन गर्ने, हिंसा गर्ने, जुवातास खेल्ने आदि गरेमा बालबालिकामा पनि त्यस्तो बानिको विकास हुन सक्छ । कसैका अभिभावक समाजसेवा गर्ने, अरूलाई सहयोग गर्ने र सबैलाई सम्मानजनक व्यवहार गर्ने गर्नुहुन्छ भने त्यो व्यवहार बालबालिकाले पनि सिक्ने हुन्छन् । (जनाउ घन्टी बज्छ)

त्यसैले अभिभावकले आफ्ना बालबालिकालाई सधैँ राम्रो कुरा सिकाउनुपर्छ । खराब आचरणको ढाकछोप गर्नु हुँदैन । त्यसैले सामाजिक समस्या समाधानमा परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ, धन्यवाद !

### धनमाया मुखिया

### शीर्षक : सामाजिक समस्या विकृति विरुद्ध स्थानीय सङ्घसंस्थाको भूमिका

स्थानीय सङ्घसंस्था भन्नाले गाउँपालिका/नगरपालिका, स्वास्थ्य केन्द्र, आमा समूह, युवा क्लव, प्रहरी चौकी, गैरसरकारी सङ्घसंस्थाहरू भन्ने बुझिन्छ । हाम्रो विद्यालय पनि एक संस्था हो । यस्ता संस्थाहरू कुनै राष्ट्रिय स्तरका हुन्छन् भने कुनै स्थानीय स्तरका हुन्छन् । यी संस्थाहरूले सामाजिक समस्याको पहिचान गर्न, असरहरूबारे बताउन र समस्या बिरुद्ध चेतना जगाउन सहयोग पुऱ्याउँछन् । यस्ता संस्थाहरूले समस्यामा परेकालाई उद्धार पनि गर्छन् । हाम्रो विद्यालयमा बालक्लब छ । यसले बालअधिकारका लागि र बाल विवाह बिरुद्ध आवाज उठाउने काम गरेको छ । पल्लो गाउँको आमा समूहले मद्यपान उत्पादन, सेवन तथा जुवातास विरुद्ध चेतनामूलक कार्यक्रम गर्दछ । प्रहरी चौकीले अपराध नियन्त्रण गर्न सघाउ पुऱ्याउँछ ।

हाम्रो विद्यालयले शिक्षामार्फत चेतना जगाउन सहयोग गर्दछ । बेला बेलामा ऱ्याली, गोष्ठी आयोजना गरेर पनि समस्या र विकृति हटाउन सहयोग गरिरहेको छ । वडा कार्यालयले समस्या र विकृति विरुद्धको कानुनको कार्यान्वयन गर्दछ । अन्त्यमा समाजका प्रचलित समस्या र विकृति विरुद्ध गरिने कार्यक्रममा हामी सहभागी हुनुपर्छ । यसले समस्या समाधानमा मदत गर्दछ । सबै जना एकजुट भएर समस्या समाधानमा लागौँ भन्ने आह्वान गर्दै मेरा भनाइ यही अन्त्य गर्छु, धन्यवाद ।

## अभ्यास

१. स्थानीय सङ्घसंस्था भन्नाले के बुझ्नुहुन्छ ?

२. तपाईंको समुदायमा कुन कुन स्थानीय सङ्घसंस्थाहरू छन् ?

३. सामाजिक समस्या समाधानमा तपाईंले खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस् ।

४. सामाजिक समस्या समाधानमा परिवारको भूमिका लेख्नुहोस् ।

५. सामाजिक समस्या समाधानमा शिक्षक र विद्यालयको भूमिका लेख्नुहोस् ।

६. स्थानीय सङ्घसंस्थाले सामाजिक समस्या समाधानमा खेलेको भूमिका संवादका रूपमा प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप

१. कक्षामा सामाजिक समस्या समाधानमा व्यक्तिको भूमिकाबारे छलफल गरी प्राप्त निष्कर्ष सुनाउनुहोस् ।

२. स्थानीय सङ्घसंस्थाका प्रतिनिधिलाई कक्षामा आमन्त्रण गरी सामाजिक समस्या र विकृति विरुद्ध उहाँहरूले गर्दै आएका गतिविधि सुन्नुहोस् । उहाँले व्यक्त गरेका विचार टिपोट पनि गर्नुहोस् ।

## सामुदायिक कार्य

सामाजिक समस्या समाधानमा स्थानीय सङ्घसंस्थाको भ्रमण गर्नुहोस् । ती सङ्घसंस्थाले सामाजिक समस्या समाधानमा खेलेको भूमिका र भविष्यको योजना समावेश गरी प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ
४

# विवाद

विचार र बुझाइको भिन्नतालाई विवाद भनिन्छ । त्यही विवाद बढ्दै गएपछि द्वन्द्व सिर्जना हुन्छ । त्यसैले द्वन्द्व व्यक्ति व्यक्तिबिच उत्पन्न हुने बेमेल, खटपट र मनमुटाव हो । द्वन्द्व व्यक्ति व्यक्ति, समूह समूह, समाजहरूका बिच, सङ्घसंस्थाका बिचमा हुन्छ । परिवारका सदस्यहरू बिचमा पनि द्वन्द्व हुन्छ । तलको उदाहरणले परिवारको द्वन्द्वलाई सङ्केत गर्छ :

रामेश कक्षा ६ मा पढ्छन् । उनी विद्यालयबाट घर फर्केपछि एकछिन टि.भी. हेर्न खोज्छन् । आमाले गृहकार्य गर्न र पढ्न भन्नुहुन्छ । यो कुरा उनलाई मन पर्दैन । त्यसैले आमा र रामेशको विचार मिल्दैन । विचार नमिलेपछि दुवै जनालाई रिस उठ्छ र विवाद सिर्जना हुन्छ ।

सबिताले भरखर १२ कक्षा पास गरेकी छिन् । उनी शिक्षा विषय पढेर भविश्यमा शिक्षक बन्न चाहन्छिन् । उनका बुबा उनलाई डाक्टर बनाउन चाहनुहुन्छ । त्यसैले विज्ञान पढ्न कर गरिरहनुभएको छ । उनलाई बुबाको कुरा मन पर्दैन । उनी विज्ञान पढ्न चाहन्नन् । यहाँ सबिता र बुबाबिचमा विवाद देखिएको छ ।

माथिका दुईओटा उदाहरणले परिवारमा हुने विवादलाई सङ्केत गर्दछ । परिवारका सदस्यहरूका विचारमा आउने भिन्नताले विवाद सिर्जना गर्छ । माया ममताको अभाव, अनावश्यक खर्च तथा व्यक्तिगत रुचि र आनीबानी जस्ता विषयलाई लिएर पारिवारिक विवाद हुन्छ । त्यस्ता विवादहरू समयमा नै व्यवस्थापन नभए द्वन्द्व सिर्जना हुन्छ । कहिलेकाहीँ परिवारका सदस्यहरूले भेदभावपूर्ण व्यवहार गर्दा पनि विवाद भई द्वन्द्व सिर्जना हुन्छ । परिवारमा हुने विवादमा विचार नमिल्नु, गलत सूचना, फरक सोचाइ आदिले असर गर्दछ । कहिलेकाहीँ पुस्ताको अन्तरले पनि विवाद हुने गरेको पाइन्छ । परिवारका कुनै सदस्य लागु पदार्थ वा मादक पदार्थ सेवन गर्ने भएमा पनि विवादको सिर्जना हुन सक्छ ।

विवाद हुनु राम्रो कुरा होइन । हामीले समयमै यसका कारणहरूको विश्लेषण गर्नुपर्छ । विवादका कारणले परिवारमा झैझगडा भएर परिवार नै छिन्न भिन्न हुन पनि सक्छ । पारिवारिक द्वन्द्व बढ्न सक्छ । त्यस्तो हुन नदिन परिवारका सबै सदस्यहरू एकापसमा कुरा गर्ने, स्पष्ट नभएका विषयलाई स्पष्ट पार्ने काम गर्नुपर्दछ । आफूभन्दा साना वा ठुलाको कुरा

सुन्नुपर्छ । सबैलाई मान्य हुने धारणा विकास गर्नुपर्छ । जसले गर्दा परिवारको विवाद समाधान गर्न सहयोग पुग्छ । त्यसैले विवाद हुनाका कारण बुझेर त्यहीअनुसारको व्यवहार गरियो भने त्यसबाट विवाद समाधान हुन्छ ।

हामीलाई थाहा छ, विद्यालय पनि एउटा समाज हो । यहाँ विभिन्न विचार भएका विद्यार्थीहरू आएका हुन्छन् । ती विद्यार्थीहरू बिचमा पनि विभिन्न विषयमा विवाद हुन सक्छ । कक्षाकोठामा बसाइँको अवस्था, सह तथा अतिरिक्त क्रियाकलापमा सहभागिता, नेतृत्व गर्ने कुरामा विवाद हुन सक्छ । खेलकुदका साधन र खेलकुदमा सहभागिता सम्बन्धमा पनि विद्यार्थीहरूबिच विवाद हुन सक्छ । यही विवादलाई समयमा नै व्यवस्थापन गरेमा द्वन्द्वको अवस्था सिर्जना हुन पाउँदैन ।



कक्षाकोठामा हुने विवादका कारणहरू समयमा नै थाहा पाउनुपर्छ । विशेष गरेर कक्षा शिक्षकले बसाइका कारण हुने विवादको व्यवस्थापन गर्नुपर्छ । खेलकुदका सामग्रीहरू आलोपालो गरेर वितरण गर्नुपर्दछ । सह तथा अतिरिक्त क्रियाकलापमा सबै विद्यार्थीहरूलाई सहभागी गराउने रणनीति अपनाउनुपर्छ । विवाद मिलाउन शिक्षकहरूले मध्यस्तकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । विवादका कारणहरू पहिचान गरेर त्यहीअनुसार समाधानका उपायहरू अपनाउनुपर्छ । विद्यार्थीहरूबिच आत्मीय भावना विकास गराउनुपर्छ । मौका नपाएकाहरूलाई मौका दिनुपर्छ । सहयोगात्मक सिकाइ वातावरण तयार पार्नुपर्छ । पक्ष विपक्षमा तटस्थ भएर उनीहरूका समस्या समाधान गरिदिनुपर्छ । यसै गरी कमजोर र अब्बल छात्र छात्राहरूलाई परिस्थितिअनुसारका विभिन्न गतिविधि तथा क्रियाकलापमा सहभागी गराउनुपर्छ । कक्षाकोठामा हुने विवाद समाधानमा शिक्षकहरू, विद्यालयका प्रधानाध्यापक पनि उत्तिकै चनाखो हुनुपर्छ । सबैको प्रयासले यस्ता समस्या समाधान हुन्छन् भने विद्यालयले प्रगति हासिल गर्न सक्छ ।

## अभ्यास

१. विवाद भनेको के हो ?

२. 'विवाद बढ्दै गएमा द्वन्द्व हुन्छ' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३. परिवारमा हुने विवाद भन्नाले के बुझिन्छ ?

४. परिवारमा हुने विवादका कारणहरू र समाधानका उपायहरू लेख्नुहोस् ?

५. कक्षाकोठामा हुने विवादका कारण र समाधानका उपाय चर्चा गर्नुहोस् ।

## क्रियाकलाप

१. विवाद वा द्वन्द्वसम्बन्धी समाचार, लेख, रचना आदि सङ्कलन गरी कक्षाकोठामा टाँस्नुहोस् ।

२. विद्यालयमा हुने द्वन्द्वको समाधानमा कक्षा शिक्षकको भूमिका कक्षामा छलफल गरी प्राप्त निष्कर्ष साथीहरूलाई सुनाउनुहोस् ।

३. घरमा हुने विवाद समाधानमा अभिभावकको भूमिका सम्बन्धमा कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।

## सामुदायिक कार्य

समाजमा भएका विवाद समाधानसम्बन्धी गतिविधिहरू आफ्ना अभिभावकसँग सोधेर प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# विवाद समाधान

हामीले अगिल्लो पाठमा व्यक्ति व्यक्तिबिच हुने असहमति, असमझदारी र विचारको बेमेलको कारण विवाद सिर्जना हुने कुरा गरेका थियौँ । विवादसँग जहिले पनि सहमति र समाधानको कुरा जोडिन्छ । विवाद अन्त्य गर्न गरिने प्रयास विवाद समाधान हो । मनमुटाव, असहमति सबै हटेर एकापसमा मिलेर बस्नुपर्छ ।

विवाद समाधान गर्न दोहोरो सञ्चार र समभावको महत्त्वपूर्ण भूमिका हुन्छ । यसको एउटा उदाहरण हेरौँ :

| |
|---|
| कुलाको पानी लगाउने सन्दर्भमा रमिताका बुबा र रोनिशका बुबाहरूबिच झगडा भयो । झगडा बढ्दै जाँदा छिमेकीहरू पनि दुई समूहमा विभाजित भए । एउटा समूहले रमिताका बुबालाई र केही मानिसले रोनिशका बुबालाई समर्थन गरे । रोनिशका बुबाको कुरा सुन्ने मान्छे कम थिए । उनी रिसाउँदै वडाध्यक्षकहाँ पुगे । वडाध्यक्षले दुवै पक्षलाई बोलाए । पहिला रमिताका बुबाका कुरा सुने । त्यसपछि रोनिशका बुबाका कुरा सुने । कुरा सुनिसकेपछि उनले रमिताका बुबाले पहिला गल्ती गरेको कुरा पत्ता लगाए । रोनिशका बुबाले अनावश्यक मुख छोड्नु हुँदैनथ्यो भनेर सम्झाए । दुवै पक्षलाई अब आइन्दा झगडा नगरी मिलेर बस्न अनुरोध गरे । अहिले उनीहरू मिलेर बसेका छन् । । |

दोहोरो सञ्चार भन्नाले दुई पक्ष, समूह, व्यक्तिबिच भएको सञ्चारलाई बुझाउँछ । विवाद समाधानका लागि मध्यस्थकर्ताले द्वन्द्वरत दुवै पक्षको कुरा सुन्नुपर्छ । उहाँहरूलाई आफ्ना सबै कुरा बताउने र आवश्यकताअनुसार प्रतिप्रश्न पनि गर्नुपर्दछ । सही सूचना प्राप्त भएमा मात्र प्रभावकारी समाधान गर्न सहज हुन्छ । तसर्थ विवाद समाधानका लागि सञ्चार सिप महत्त्वपूर्ण हुन्छ । दोहोरो कुराकानीले एकअर्कालाई बुझ्न सघाउँछ । आफूलाई चित्त नबुझेका कुरा राख्नाले अर्को पक्षले स्पष्ट हुन पाउँछ । दुवै पक्षले जित महसुस गर्ने अवस्था सिर्जना हुन्छ ।

कहिलेकाहीँ साथीहरूबिच खेल्ने क्रममा झगडा हुन्छ तर हामी पक्ष विपक्ष लिन्छौँ । यस्तो गर्नुहुँदैन । पक्ष विपक्षमा नलागी वास्तविक कुरा बुझेर मात्र शिक्षकलाई बताउनुपर्छ । त्यसो गरियो भने गल्ती गर्नेले गल्ती महसुस गर्न पाउँछ र गल्ती नगर्नेले दण्ड पाउँदैन । यसो

भएमा मेलमिलाप कायम हुन्छ । हामीले पनि साथीहरूबिच हुने विवादमा समभाव राखेर समस्या समाधानको प्रयास गर्नुपर्छ ।

## अभ्यास

१. विवादको समाधान भनेको के हो ?

२. विवादको समाधान कसरी गर्न सकिन्छ ?

३. तपाईंले विवाद समस्या समाधानमा कुनै भूमिका खेलेको भए उल्लेख गर्नुहोस् ।

४. विवाद समाधानमा सञ्चारको के भूमिका हुन्छ, लेख्नुहोस् ।

५. समभाव भनेको के हो ? विवाद व्यवस्थापनमा समभावको महत्त्व लेख्नुहोस् ।

## क्रियाकलाप

१. कक्षामा हुने द्वन्द्वको समाधानमा मध्यस्थकर्ताको भूमिकाबारे साथीहरूसँग छलफल गरी प्राप्त निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

२. द्वन्द्व व्यवस्थापनसम्बन्धी लेख, रचना, समाचार सङ्कलन गरी सूचना पाटीमा टाँस्नुहोस् ।

३. साथी साथीबिचको विवाद वा झगडालाई व्यवस्थापन गरेको घटना उल्लेख गरी समाचारको नमुना तयार पार्नुहोस् ।

एकाइ
पाँच

# हाम्रो विगत

## सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- नेपाल एकीकरणमा भएका प्रयासहरू उल्लेख गर्न
- नेपाल अङ्ग्रेज युद्ध, सुगौली सन्धि एवम् त्यसपछिको राजनीतिक अवस्थाको विश्लेषण गर्न
- राणाकालीन राजनीतिक, सामाजिक तथा आर्थिक अवस्थाको व्याख्या र विश्लेषण गर्न
- वि.सं. २००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रम र सामाजिक तथा आर्थिक उपलब्धिको पहिचान गर्न
- मिथिला सभ्यता र यसले जनजीवनमा पारेको प्रभाव बताउन










पाठ १

# नेपालको एकीकरण : जनसहभागिता

जनता मा.वि. रातामाटाका कक्षा ६ का विद्यार्थीहरूले पृथ्वीनारायण शाहको एकीकरण अभियान र जनसहभागिता सम्बन्धमा तयार पारेका अध्ययन प्रतिवेदन यसप्रकार छ :

## १. अध्ययन शीर्षक

पृथ्वीनारायण शाहको एकीकरण अभियान र जनसहभागिता

## २. अध्ययनको उद्देश्य

(क) गोरखा राज्यको स्थापना सम्बन्धमा जानकारी लिनु

(ख) पृथ्वीनारायण शाहको एकीकरण अभियान सम्बन्धमा सोधखोज गर्नु

(ग) नेपालको एकीकरण अभियानमा जनताको चासो, सरोकार एवम् सहभागिता बोध गर्नु



## ३. अध्ययन विधि

(क) शिक्षकको वर्णन, छलफल

(ख) स्थानीय स्थलको अवलोकन

(ग) विभिन्न पत्रपत्रिका वा सान्दर्भिक पुस्तकमा प्रकाशित लेख रचना आदि अध्ययन

## ४. पत्ता लगाइएका तथ्य/पक्षहरू

### ४.१ एकीकरण अभियानका घटनाक्रम

(क) एकीकरण हुनुभन्दा पहिले नेपाल विभिन्न ससाना राज्यहरूमा विभाजित थियो । छरिएर रहेका बाइसी, चौबिसी र काठमाडौँ उपत्यकालगायत अन्य राज्यहरू एकीकरण गरी गोरखाका राजा पृथ्वीनारायण शाहले सिङ्गो नेपाल बनाएका थिए ।

(ख) गोरखा पहिले चौबिसी राज्यहरूमध्ये एक थियो । लमजुङका राजा यसोब्रह्म शाहका छोरा द्रव्य शाह वि.सं. १६१६ भाद्र २५ गते गोरखाको राजा भएपछि गोरखा छुट्टै राज्य भएको हो ।

(ग) गोरखाका नवौँ राजा नरभूपाल शाहका सन्तानका रूपमा वि.सं. १७७९ पुस २७ गते पृथ्वीनारायण शाहको जन्म भएको थियो । पृथ्वीनारायण शाह वि.सं. १७९९ मा गोरखाका राजा भएका थिए ।

(घ) पृथ्वीनारायण शाह खास गरी काठमाडौँ उपत्यका विजय गरेर नेपालको एकीकरण गर्न चाहन्थे । नुवाकोट काठमाडौँ उपत्यकाको पश्चिमी द्वार भएकाले त्यो ठाउँ जितेमा उपत्यकामा आक्रमण गर्न सजिलो हुने निर्णयमा उनी पुगे । उनले नुवाकोटमा पहिलो पटक वि.सं. १८०० मा आक्रमण गरे तर असफल भए । उनले वि.सं. १८०१ मा दोस्रो पटक आक्रमण गरी नुवाकोटमा विजय प्राप्त गरे ।

(ङ) त्यस्तै वि.सं. १८१९ मा मकवानपुर र काठमाडौँ उपत्यकाका छेउछाउका ससाना राज्यहरू जिते । त्यसपछि पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकालाई घेरा हाल्ने योजना बनाए । कीर्तिपुरमा तीनपटक (वि.सं. १८१४, वि.सं. १८२१ र वि.सं. १८२२) आक्रमण गरे । तेस्रो प्रयासमा मात्र गोर्खालीहरूले कीर्तिपुर विजय गर्न सफल भए ।

(च) पृथ्वीनारायण शाहले वि.सं. १८२५ असोज १३ मा कान्तिपुर र वि.सं. १८२६ मङ्सिरमा भादगाउँ अर्थात् हालको भक्तपुरमा विजय प्राप्त गरे ।

(छ) उनले वि.सं. १८३० साउन ४ मा चौदण्डीगढीमाथि विजय प्राप्त गरे ।

(ज) वि.सं १८३१ साउन ५ मा विजयपुरमाथि विजय गरे ।

## ४.२ नेपाल एकीकरण अभियानमा जनताको सहभागिता



पृथ्वीनारायण शाहले कुनै राज्यसँग मैत्री सम्बन्ध गाँस्नु अगाडि वा कुनै राज्यमा आक्रमण गर्नु अगाडि त्यहाँका भारदार तथा प्रजा कति खुसी छन् भनी जानकारी लिन्थे । आफूले गर्ने कुनै पनि कार्य प्रजाको सहयोगमा गरे मात्र सफल होइन्छ भन्ने कुरामा उनी विश्वस्त थिए । त्यसका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

(क) एकपटक पृथ्वीनारायण शाह विराज बखतीलाई कजाइ दिन चाहन्थे । तर प्रजाले एक स्वरमा कालु पाँडेलाई काजी पद दिनुपर्ने भनेपछि पृथ्वीनारायण शाहले कालु पाँडेलाई काजी पदमा नियुक्त गरेका थिए ।

(ख) पृथ्वीनारायण शाह धार्मिक शास्त्रका विद्वानको मतअनुसार आफ्ना युद्ध क्रियाकलाप अगाडि बढाउँथे । ज्योतिष कुलानन्द ढकालले राम्रो साइतमा यात्रा गरेमा युद्ध जितिन्छ भनी सल्लाह दिएका थिए । उनको सल्लाहअनुसार पृथ्वीनारायण शाहले नुवाकोट आक्रमण गरी विजय प्राप्त गरे । यिनै कुलानन्द ढकालले कीर्तिपुरमा पहिलोपटक आक्रमण गर्ने योजना गर्दा पृथ्वीनारायण शाहलाई आक्रमण नगर्न सल्लाह दिएका थिए । कालु पाँडेले पनि कुलानन्दको सुझावको समर्थन गरेका थिए । उनीहरूको सल्लाह नमान्दा कीर्तिपुरमा हार बेहोर्नुपर्‍यो भने कालु पाँडेले वीरगति प्राप्त गरे ।

(ग) बिसे नगर्ची : बिसे नगर्ची एक साधारण नागरिक थिए । पृथ्वीनारायण शाहलाई एकीकरणका लागि आर्थिक स्रोत जुटाउनुपर्ने भयो । गोरखाका सबै घरधुरीबाट यथासक्य नगद, अन्न वा जिन्सी सहयोग माग्न सल्लाह दिएका थिए । सोहीअनुसार सबै १२०० घरधुरी गोरखालीले सहयोग गरेका थिए । बिसे नगर्चीले नुवाकोट, सिरानचोक आक्रमणको योजना बनाउँदा सल्लाह दिएका थिए । नुवाकोट विजय गरेपछि बाजा बजाउने नेतृत्व पनि बिसे नगर्चीले गरेका थिए ।



(घ) कीर्तिपुरमा दोस्रो पटक आक्रमण गर्दा सुरप्रताप शाहको आँखा फुट्दा चिकित्सक माइकल एन्जेलोले उपचार गरेका थिए ।

(ङ) पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा १६ देखि ३० वर्षका गोरखाली युवाहरूले सहयोग गरेका थिए ।

(च) कीर्तिपुरमा आक्रमण गर्न दहचोकका जनताले पृथ्वीनारायण शाहलाई सहयोग गरेका थिए ।

## ५. निष्कर्ष

पृथ्वीनारायण शाहले सिङ्गो नेपाल निर्माण गर्ने चाहनाले नेपाल एकीकरण सुरु गरे । उनको सम्पूर्ण जीवन युद्ध र एकीकरणमा नै बित्यो । पृथ्वीनारायण शाह धेरै युद्धमा आफू स्वयम् उपस्थित हुन्थे । नेपाल एकीकरण गर्नकै लागि उनले अनेकौं कूटनीतिक प्रयास गरेका थिए । लमजुङसँग मैत्री सम्बन्ध राखे । भादगाउँका राजकुमार वीरनर्सिंह मल्लसित मितेरी सम्बन्ध गाँसे । पृथ्वीनारायण शाहका यी सबै युद्ध अभियानमा जनसहभागिता भएको पाइयो ।

### अभ्यास

(क) पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान कहाँबाट र कहिले सुरु गरे, उल्लेख गर्नुहोस् ।

(ख) पृथ्वीनारायण शाहले कान्तिपुरमा कहिले विजय प्राप्त गरे ?

(ग) नेपाल एकीकरणमा ज्योतिष कुलानन्द ढकालको भूमिकाको चर्चा गर्नुहोस् ।

(घ) बिसे नगर्चीको छोटो परिचय दिनुहोस् ।

(ङ) नेपाल एकीकरणमा गोरखाली युवाहरूको भूमिका उल्लेख गर्नुहोस् ।

### क्रियाकलाप

१. नेपालको एकीकरणमा पृथ्वीनारायण शाहको भूमिका समूहगत रूपमा छलफल गर्नुहोस् ।

२ नेपालको एकीकरणमा जनताको सहभागिता प्रशंसा गर्न लायक थियो । यस भनाइलाई समूह समूहमा छलफल गरी पुष्टि गर्नुहोस ।

### सामुदायिक कार्य

पाठ्यपुस्तकमा उल्लिखित घटनाहरूबाहेक नेपाल एकीकरण अभियानका महत्त्वपूर्ण घटना र तिनको प्रभाव तालिकामा प्रस्तुत गर्नुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

पाठ २

# नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मी र बहादुर शाह



बहादुर शाह



राजेन्द्र लक्ष्मी

पृथ्वीनारायण शाहको देहान्तपछि उनका छोरा प्रताप सिंह शाह राजा भए । केही समयपछि प्रतापसिंह शाहको असामयिक निधनपछि उनका अढाई बर्से छोरा रणबहादुर शाह नेपालको राजा भए । रणबहादुर नाबालक भएकाले रणबहादुर शाहकी आमा राजेन्द्रलक्ष्मी देवीले नायब शासकका रूपमा शासन गर्न थालिन् । वास्तविक शासकले विभिन्न कारणबाट शासन गर्न नसक्दा उनको नामबाट अरूले शासन गर्नु नायब शासन हो । महारानी राजेन्द्रलक्ष्मी देवीले आफ्ना कान्छा देवर बहादुर शाहसँग मिली शासन गर्न थालिन् । राजेन्द्रलक्ष्मीले आफ्नो लगभग नौ वर्षको नायबीमा नेपालको पश्चिमतर्फ सिमाना बढाउन ठुलो भूमिका खेलिन् । राजेन्द्रलक्ष्मीको पालामा लमजुङ, तनहुँ, कास्की जस्ता शक्तिशाली राज्यहरूमाथि गोर्खाली फौजले विजय प्राप्त गरेका थिए । रिसिङ, भिरकोट जस्ता राज्यहरूमाथि पनि गोर्खाली फौजले विजय प्राप्त गरेका थिए ।

त्यस बेलाको रुढीवादी र पुरानो परम्परागत समाजमा एक महिला भएर उनले महत्त्वपूर्ण योगदान गरिन् । पृथ्वीनारायण शाहले गरेको सैनिक शक्तिलाई निरन्तरता दिइन् । उनले कुशल सेनापतिको अभाव हुन दिइनन् । खासगरी चौबिसी राज्यमा विजय प्राप्त गर्न राजेन्द्रलक्ष्मीको विशेष योगदान रहेको थियो ।

विभिन्न स्वार्थी भारदारहरूका कारणले राजेन्द्रलक्ष्मी र बहादुर शाहबिच फाटो आयो । यिनीहरूबिच झगडा सुरु भएकाले एकले अर्कालाई कैद तथा नजरबन्दमा राख्न थाले । राजेन्द्रलक्ष्मीसित मनमुटाव भएपछि बहादुर शाह इन्डियाको बेतिया गएका थिए । राजेन्द्रलक्ष्मीको निधन वि.सं. १८४३ मा भयो । राजेन्द्रलक्ष्मीको निधनपछि बहादुर शाहले रणबहादुर शाहको नायबी भई शासन गरे । राजेन्द्रलक्ष्मीले गरेका सैनिक तयारीले बहादुर शाहलाई एकीकरण

अभियानलाई निरन्तरता दिन सजिलो भएको थियो । बहादुर शाहले गुल्मी, अर्घाखाँची, पर्वत जस्ता राज्यमाथि विजय प्राप्त गरे । उनले अछाम, डोटी जस्ता कर्णालीपारिका राज्यलाई पराजित गरे । बहादुर शाहका पालामा नेपालको सिमाना गढवालसम्म पुगेको थियो ।

बहादुर शाह एक कुशल, दूरदर्शी व्यक्ति थिए । उनले पश्चिमका राज्यहरूलाई आफ्नो राज्यमा गाभ्न विशेष योगदान गरे । त्यस बेलाको शक्तिशाली राज्य पाल्पासित वैवाहिक सम्बन्ध गाँसे । उनको चलाखीपूर्ण व्यवहारले पश्चिम राज्य जित्न सहज भएको थियो ।

बहादुर शाहले आफ्ना शत्रुसँग कस्तो सम्बन्ध गाँस्ने, कसरी तटस्थ राख्ने भन्ने सम्बन्धमा बुबाको जस्तै नीति लिएका थिए । त्यही कारणले उनलाई 'अब्बल बुबाका सक्षम छोरा' भनिन्छ । उनले सैनिक शक्ति सुदृढ गर्न विशेष ध्यान दिएका थिए । बहादुर शाह कुनै पनि ठाउँमा आक्रमण गर्नु अघि त्यहाँको भौगोलिक अवस्था बुझ्थे । त्यसकारण उनले धेरै ठाउँमा विजय प्राप्त गरे । उनको दूरदर्शी सोच र महत्त्वाकाङ्क्षी कदमले गर्दा नै धेरै बाइसी चौबिसी राज्यहरू एकीकरणमा समाहित भई नेपाल राज्यमा गाभिए । वास्तवमा पृथ्वीनारायण शाहको विशाल नेपालको सपना बहादुर शाह र राजेन्द्रलक्ष्मीले पूरा गरे ।

## अभ्यास

(क) राजेन्द्रलक्ष्मीको नायबी कालमा विजय प्राप्त गरेका राज्यहरूको नाम लेख्नुहोस् ।

(ख) राजेन्द्रलक्ष्मी र बहादुर शाहबिच द्वन्द्व हुनुको कारण उल्लेख गर्नुहोस् ।

(ग) बहादुर शाहले जितेका राज्यहरूको नाम उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. नेपाल एकीकरणमा राजेन्द्रलक्ष्मीको योगदान जोडी जोडीमा रही छलफल गर्नुहोस् ।

२. पृथ्वीनारायण शाहको नेपाल एकीकरणको सपना बहादुर शाहले पूरा गरे, कसरी ? पुष्टि गर्नुहोस् ।

३. राजेन्द्रलक्ष्मीको योगदानबाट नेपालीले के कुरा सिक्न सक्छन्, उल्लेख गर्नुहोस् ।

पाठ
३

# नेपाल अङ्ग्रेज युद्ध



आज कक्षामा शिक्षकले नालापानी युद्धको भिडियो देखाउनुभयो । भिडियो हेरिसकेपछि शिक्षकले यो युद्धको पृष्ठभूमि र युद्धका गतिविधि सम्बन्धमा विद्यार्थीहरूसँग छलफल पनि गर्नुभयो ।

शिक्षक : नालापानी युद्ध नेपाल र अङ्ग्रेज बिच भएको ऐतिहासिक युद्ध हो । नेपालका तर्फबाट नालापानी युद्धको नेतृत्व बलभद्र कुँवरले गरेका थिए । यस युद्धमा आधुनिक हातहतियारबिनै नेपाली फौजले वीरता प्रदर्शन गरेका थिए ।

छलफलका क्रममा छात्रा जानकी परियारले यो नेपाल अङ्ग्रेज युद्ध भनेको के हो भनी जिज्ञासा राख्नुभएको थियो ?

सो सम्बन्धमा शिक्षकले स्पष्ट पार्दै भन्नुभयो, बेलायतीहरू भारतमा व्यापार गर्ने क्रममा आएका थिए । बेलायतीहरूले भारतमा इस्टइन्डिया कम्पनीको नाममा आफ्नो व्यापार विस्तार गरेका थिए । त्यही इस्टइन्डिया कम्पनी र नेपालबिच भएको युद्धलाई नेपाल अङ्ग्रेजबिचको युद्ध भनिन्छ । नेपाल अङ्ग्रेज युद्ध नोभेम्बर १८१४ मा सुरु भएको थियो । सुगौली सन्धिबाट (मार्च १८१६) युद्ध अन्त्य भएको हो ।

मो. इरफान खानको प्रश्न यस्तो थियो, भारतमा व्यापार गर्न आएका अङ्ग्रेजहरूले नेपालसँग किन युद्ध गरेका थिए ?

शिक्षक : तपाईंको प्रश्न राम्रो छ । हो, उनीहरू भारतमा व्यापार गर्न आएका थिए । उनीहरू आफ्नो व्यापार नेपाललगायत उत्तरसम्म फैलाउन चाहन्थे । दोस्रो कुरा, बेलायतीहरू चिसो हावापानीमा बसोबास गर्ने नागरिक हुन् । भारतको तुलनामा नेपालको हावापानी उनीहरूका लागि उपयुक्त थियो ।

अर्को कारण, एकीकरणपछि नेपाल एसियामा शक्तिशाली राष्ट्र बनेको थियो । नेपालको शक्ति, क्षेत्र विस्तार बेलायतका लागि खतरा थियो ।

रितेश यादव : नेपाल अङ्ग्रेज युद्धमा हाम्रा फौजहरूहरूको चर्चा कसरी गर्न सकिन्छ ?

शिक्षक : युद्धमा नेपाली फौजले वीरतापूर्वक युद्धकला प्रदर्शन गरेका थिए । नालापानी युद्धमा बलभद्र कुवँर, देउथल युद्धमा भक्ति थापा जैथक युद्धमा रणवीर सिंह थापाको योगदान प्रशंसनीय छ । कर्नेल उजिर सिंह थापाले नेतृत्व गरेको जितगढी युद्धमा त नेपाली फौजले अङ्ग्रेज फौजलाई नराम्ररी पराजित गरेको थियो । कहींकतै हार बेहोर्नुपरे पनि युद्धमा नेपाली फौजको योगदान प्रशंसनीय छ ।

अस्मिता राई : हजुरले अघि सुगौली सन्धिबाट नेपाल अङ्ग्रेज युद्धको अन्त्य भयो भन्नुभयो । सुगौली सन्धिका विषयमा बताइदिनु भए हुने थियो ।

शिक्षक : 'सुगौली' ठाउँको नाम हो । यो हाल भारतको मोतिहारी जिल्ला (बिहार) मा पर्छ । यही स्थानमा नेपाल र अङ्ग्रेजका प्रतिनिधिले युद्ध अन्त्य गर्न सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए । सुगौली भन्ने स्थानमा सन्धि भएकाले यसको नाम सुगौली सन्धि भनिएको हो ।

उक्त सन्धिमा इस्टइन्डिया कम्पनीका तर्फबाट लेफ्टिनेन्ट कर्णेल ब्राडसा र नेपालका तर्फबाट राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले हस्ताक्षर गरेका थिए ।

यस सुगौली सन्धिपछि नेपाल र इस्टइन्डिया कम्पनीबिच मैत्री र शान्तिपूर्ण सम्बन्ध कायम भयो । नेपालको सिमाना पूर्वमा मेची र पश्चिममा महाकाली बिचको भूभाग कायम भयो । उक्त सन्धिपछि बेलायत र नेपालका राजदूतहरू एकअर्काका देशमा रहने व्यवस्था भयो । यसै गरी भारतमा गोर्खा सैनिकका रूपमा नेपालहरू भर्ती गर्न पनि सुरु भयो । यस सन्धिअनुसार नेपालले आफ्नो एक तिहाइ भूभाग गुमाउनु परेको थियो ।

विक्रम : हामीले नेपाल अङ्ग्रेज युद्ध र सुगौली सन्धिका विषयमा छलफल गर्‍यौँ । हामीलाई सुगौली सन्धिको परिणाम र नेपालको राजनीतिमा त्यसले पारेको प्रभाव सम्बन्धमा पनि बताइदिनुहोस् न ।




सुगौली सन्धिपछि नेपालको आन्तरिक मामिलामा विदेशी हस्तक्षेप बढ्न थाल्यो । दरबारियाबिचमा पनि द्वन्द्व बढ्यो । नेपाल अङ्ग्रेज युद्ध हुँदा भीमसेन थापा प्रधानमन्त्री थिए । युद्धमा धेरै रकम खर्च भएकाले भीमसेन थापाले आन्तरिक आय र सैनिक शक्ति बढाउनतिर लागे । सेनाका हातहतियार बन्दोबस्तमा विशेष ध्यान दिए ।

भीमसेन थापाले गरेका केही कार्यहरूबाट अरू भारदारहरू चिढिएका थिए । यो युद्धको प्रभाव दरबारमा पनि देखियो । यसरी नेपाल अङ्ग्रेज युद्ध, सुगौली सन्धिले नेपालको आन्तरिक र बाहिरी सम्बन्धमा केही सकारात्मक र केही नकारात्मक प्रभाव पर्‍यो ।

## अभ्यास

(क) इस्टइन्डिया कम्पनीको परिचय दिनुहोस् ।

(ख) नेपाल अङ्ग्रेजबिच कहिले युद्ध भएको थियो ?

(ग) नेपाल अङ्ग्रेज युद्ध हुनुको प्रमुख कारण के हो ? आफ्नो विचार लेख्नुहोस् ।

(घ) सुगौली सन्धिमा हस्ताक्षर गर्ने नेपालीहरू को को हुन् ?

(ङ) सुगौली सन्धिपछिका कुनै तीन परिणामहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. सुगौली सन्धिका सकारात्मक र नकारात्मक परिणाम सम्बन्धमा समूहमा छलफल गर्नुहोस् र मुख्य मुख्य पक्ष टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. सुगौली सन्धिपछि नेपालको आन्तरिक मामिलामा कस्तो प्रभाव पर्‍यो ? समूहमा छलफल गर्नुहोस् ।

## समूहगत कार्य

नेपाल अङ्ग्रेज युद्धका केही महत्त्वपूर्ण घटनाहरूमध्ये नालापानी युद्धमा नेपाली फौजको भूमिकाका सम्बन्धमा समूहगत रूपमा थप जानकारी खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# राणा शासन : राजनीतिक, सामाजिक र आर्थिक अवस्था



नेपाल अङ्ग्रेज युद्धपश्चात् दरबारभित्रको द्वन्द्व र राजनीतिक अस्थिरताले गर्दा जङ्गबहादुर कुँवरले शक्तिमा आउने मौका पाए । वि.सं. १९०३ मा उनी नेपालको प्रधानमन्त्री भए । उनीबाट सुरुआत भएको शासन व्यवस्था १०४ वर्ष रह्यो । यसलाई नेपालको राणा शासनको समय भनिन्छ । 'राणा' खासमा उपाधि हो । यो जङ्गबहादुर कुँवरले लिएको 'उपाधि' हो । जङ्गबहादुर र उनका भाइ भतिजाहरूले आफ्नो नामसँगै कुँवरको सट्टामा 'राणा' लेख्न थाले । शासनसत्तामा आइसकेपछि जङ्गबहादुरले श्री ३ महाराजको उपाधि पनि लिए । यसरी जङ्गबहादुर राणाबाट स्थापित शासन प्रणालीलाई नै राणा शासन भनिन्छ ।

राणा शासन पारिवारिक शासन प्रणाली थियो । राणा परिवारमा जन्मिएका व्यक्तिमात्र प्रधानमन्त्री वा प्रधानसेनापति हुन्थे । देशका उच्च पदमा उनीहरूकै परिवारका सदस्य हुन्थे । सम्पूर्ण शासन शक्ति एकै परिवार अर्थात् राणा परिवारमा सीमित भएकाले राणा शासनलाई जहानियाँ शासन, एकतन्त्रीय शासन भनिन्छ । प्रधानमन्त्रीदेखि सैनिक उच्च पद तथा राज्यका अन्य उपल्लो पदमा राणाहरूको रोलक्रमका आधारमा हुन्थ्यो । देशको शासनमा राजाको भूमिका खासै हुँदैनथ्यो । राजा नाममात्रका हुन्थे । पछि जङ्गबहादुरले सम्पूर्ण शासन शक्ति आफ्नो हातमा लिएका थिए ।

## राणाकालीन राजनीतिक अवस्था

राणा शासनकालमा खड्ग निशाना अड्डा, मुलुकी बन्दोबस्त अड्डा, मुन्सीखाना जस्ता सरकारी कार्यालयहरू थिए । ती अड्डाहरू राणा प्रधानमन्त्रीको निजी निवासमा हुन्थे । यी अड्डाले उनीहरूका परिवारका सदस्य विरुद्धको उजुरी सुन्दैनथे । शासकको आदेशबमोजिम न्याय निसाफ हुन्थ्यो । कुनै लिखित कानुन थिएन । रोलक्रमका आधारमा प्रधानमन्त्री एवम् उच्च

पदमा नियुक्ति पाइने भएकाले राणाबिच सदैव आन्तरिक झगडा र प्रतिस्पर्धा हुन्थ्यो । उनीहरूलाई आफ्नो र आफ्नै परिवारको मात्र चिन्ता हुन्थ्यो । शासन पुरै निरङ्कुश थियो । राणाहरूको विरोध गर्नेलाई कडा सजाय दिइन्थ्यो । जनताका अधिकारहरू कुण्ठित थिए ।

## राणाकालीन सामाजिक अवस्था

राणा शासनकालमा जाति प्रथा, छुवाछुत प्रथा, बालविवाह, बहुविवाह, सती प्रथा, दास प्रथा जस्ता सामाजिक कुरीति थिए । अशिक्षा, अज्ञानताले गर्दा मानिसहरू अन्धविश्वासी र रुढिवादी थिए । राणाकालमा साक्षर जनसङ्ख्या ज्यादै न्यून थियो । सबै जातिले पढ्न पाउँदैन थिए ।

जङ्गबहादुर राणा बेलायत यात्राबाट फर्केपछि वि.सं. १९१० मा दरबार हाइस्कुलको स्थापना गरे । सोही समयमा मुलुकी ऐन पनि जारी भयो । उक्त मुलुकी ऐन जारी भएपछि धेरै किसिमका सामाजिक कुरीतिहरूको अन्त्य हुँदै गयो ।

वीर अस्पताल, वीर पुस्तकालय, घन्टाघरको निर्माण, वीर समसेरका पालामा भए । देवसमसेरले गोरखापत्रको प्रकाशन थाले ।

प्रधानमन्त्री चन्द्रसमसेरले सती प्रथा (वि.सं. १९७७) र दास प्रथा (वि.सं. १९८१) को अन्त्य गरे । उनले नेपालको पहिलो कलेजका रूपमा वि.स. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना गरे । चन्द्रसमसेर, देवसमसेर, पद्मसमसेर तथा जुद्धसमसेरका पालामा केही विद्यालय र कलेजहरू पनि खोलिएका थिए ।

## राणाकालीन आर्थिक अवस्था

राणा शासनकालमा कृषि नै प्रमुख आर्थिक स्रोत थियो । प्राचीन समयदेखि नै तिब्बतसित व्यापार हुन्थ्यो । राणाकालमा भारतसँग पनि व्यापार बढेको देखिन्छ । त्यति बेला आयातभन्दा निर्यात बढी हुन्थ्यो । राणाहरू सौखिन भएकाले विलासी सामानहरू आयात हुन्थे ।

प्रधानमन्त्री जुद्धसमसेरले उद्योग विकासमा विशेष पहल गरेका थिए । उनकै पालामा विराटनगरमा जुट मिलको स्थापना भएको थियो । उनले नेपाल बैङ्कको स्थापना गरेका थिए । यसै गरी जुद्ध सडक र जुद्ध वारुणयन्त्र पनि राणा शासनकालमा स्थापना भएका थिए । कृषि विकासका लागि चन्द्रसमसेर र जुद्धसमसेरले सिँचाइमा विशेष ध्यान दिएका थिए ।

## अभ्यास

(क) राणा शासनको सुरुआत कसले गरेका हुन् ?

(ख) राणा शासनलाई किन जहाँनिया शासन प्रणाली भनिएको हो ?

(ग) राणा शासनका प्रचलित कुप्रथाहरूको सूची बनाउनुहोस् ।

(घ) राणाकालमा भएका सुधारका कार्यहरूको सूची बनाउनुहोस् ।

## क्रियाकलाप

१. राणा शासन एकतन्त्रीय शासन व्यवस्था थियो भन्ने कुरालाई साथी साथीबिचको संवाद गरी प्रस्ट पार्नुहोस् ।

२. अहिलेसम्म प्रचलित राणाकालमा भएका सकारात्मक कार्यहरूको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ५ वि.सं. २००७ देखि हालसम्मका राजनीतिक घटनाक्रम

शिक्षक प्रमिला कार्की कक्षामा केही सामग्री देखाउँदै हुनुहुन्छ । उहाँले नेपालको राजनीतिक इतिहास (वि.सं. २००७ देखि हालसम्म) का महत्त्वपूर्ण घटनाहरूको तालिका बनाउनुभएको छ । उहाँले निर्माण गर्नुभएका शैक्षिक सामग्री विद्यार्थीसमक्ष प्रस्तुत गर्नुभयो, हामी पनि हेरौँ ।

नेपालको राजनीतिक अवस्था (वि.सं. २००७ - २०१७)

| मिति (वि.सं.) | घटनाको वर्णन |
|---|---|
| ७ फागुन, २००७ | १०४ वर्षको राणा शासनको अन्त्य भयो । नेपालमा प्रजातन्त्रको स्थापना भयो । |
| ७ फागुन, २०१५ | वि.स. २००७ सालमा प्रजातन्त्र स्थापना भएपश्चात् संसद्का लागि पहिलो पटक आम निर्वाचन भएको थियो । |
| १३ जेठ, २०१६ | वि.सं. २०१५ सालको आम निर्वाचनपश्चात् विश्वेश्वरप्रसाद कोइराला प्रथम जननिर्वाचत प्रधानमन्त्री भए । |
| १ पुस, २०१७ | राजा महेन्द्रले प्रथम जननिर्वाचित सरकार अपदस्थ गरेर वि.स. २००७ सालमा ल्याइएको प्रजातन्त्र अन्त्य गरे र एकदलीय पञ्चायती व्यवस्था लागु गरे । |

हामीले वि.स. २००७ सालमा स्थापना गरेको प्रजातन्त्र वि.सं. २०१७ सालमा अन्त्य भयो । पञ्चायती व्यवस्था सुरुआत भयो । यसपछि नेपालमा के कस्ता राजनीतिक घटना घटे, यसका लागि तलको तालिका अध्ययन गरौँ :

राजनीतिक घटनाक्रम (२०१७ - २०४६ सम्म)

| मिति (वि.सं.) | घटनाको वर्णन |
|---|---|
| २२ पुस, २०१७ | राजा महेन्द्रले २०१७ साल पुस १ गते प्रजातन्त्रको अन्त्य गरी औपचारिक रूपमा पञ्चायती व्यवस्था सुरु भएको घोषणा गरे । |
| १ पुस, २०१९ | राजा महेन्द्रले प्रजातान्त्रिक संविधान २०१५ को खारेज गरी पञ्चायती संविधान लागु गरे । |

| | |
|---|---|
| १० जेठ, २०३६ | राजनीतिक दलले पञ्चायती व्यवस्थाको बिरोध गरिरहे । यसैबिच २०३६ सालमा विद्यार्थी आन्दोलन भयो । सो आन्दोलनको परिणामस्वरूप राजा वीरेन्द्रले जनमत सङ्ग्रह घोषणा गर्न बाध्य भए । |
| २० वैशाख, २०३७ | सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्था भन्ने विषयमा भएको जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा जनमत प्राप्त भयो । |
| ७ फागुन, २०४६ | नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाद्वारा संयुक्त रूपमा पञ्चायती व्यवस्थाको विरुद्धमा जनआन्दोलन सुरु भयो । २६ चैत्र २०४६ सालमा ३० बर्से एकदलीय पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्था पुन: स्थापना भयो । |

यसप्रकार २०१७ सालमा राजा महेन्द्रले अन्त्य गरेको प्रजातन्त्र २०४६ सालमा पुन: स्थापित भयो । त्यसपछि नेपालको राजनीतिक घटनाक्रम कसरी अगाडि बढ्यो, हेरौँ है त :

राजनीतिक घटनाक्रम (२०४६ देखि हालसम्म)

| मिति (वि.स.) | घटनाको वर्णन |
|---|---|
| २३ कात्तिक, २०४७ | प्रजातन्त्रको पुन: स्थापनापश्चात् नयाँ प्रजातान्त्रिक संविधानको घोषणा गरियो । |
| २९ वैशाख, २०४८ | प्रजातन्त्रको पुन: स्थापनापश्चात् पहिलो आमनिर्वाचन भयो । |
| १ फागुन, २०५२ | नेकपा माओवादीले संसदीय प्रणालीलगायत अन्य विषयको विरुद्धमा सशस्त्र विद्रोह सुरु गऱ्यो । |
| ५ मङ्सिर, २०६३ | नेकपा माओवादी १० बर्से राजनीतिक विद्रोह त्यागी संसदीय राजनीतिमा प्रवेश गऱ्यो । |
| २८ चैत, २०६४ | नेपालमा जनताका प्रतिनिधिमार्फत संविधान निर्माण गर्न ऐतिहासिक संविधानसभाको पहिलो निर्वाचन भयो । |
| १५ जेठ, २०६५ | करिब २३९ बर्से राजतन्त्रको अन्त्य गर्दै संविधानसभाको पहिलो बैठकबाट नेपाल गणतन्त्रात्मक मुलुक भएको घोषणा भयो । |

| | |
|---|---|
| ८ साउन, २०६५ | डा. रामवरण यादव गणतन्त्र नेपालको प्रथम निर्वाचित राष्ट्रपति हुनुभयो । |
| ४ मङ्सिर, २०७० | संविधानसभा (२०६४) बाट नयाँ संविधान निर्माणको काम पूरा नभएका कारण संविधानसभाका लागि दोस्रो निर्वाचन भयो । |
| ३ असोज, २०७२ | संविधानसभाबाट नेपालको संविधान जारी भयो । |
| २०७४ वैशाख, असार र असोज | लामो समयदेखि हुन नसकेको स्थानीय तहको निर्वाचन सम्पन्न भयो । |
| २०७४ मङ्सिर, १० र २१ | प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पनि सम्पन्न भयो । |

## अभ्यास

(क) नेपालमा राणा शासनको अन्त्य कहिले भयो ?

(ख) पहिलो जननिर्वाचित प्रधानमन्त्रीको नाम लेख्नुहोस् ।

(ग) नेपालको संविधान कहिले जारी भएको हो ?

(घ) पञ्चायती शासनलाई किन एकदलीय शासन भनिएको हो, कारण उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. वि.स. २०४६ देखि हालसम्मका कुनै पाँच राजनीतिक घटनालाई समयरेखामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको संविधान जारी भएपछिको राजनीतिक परिवर्तनका सम्बन्धमा सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ६

# सामाजिक तथा आर्थिक उपलब्धि : वि.सं. २००७ देखि हालसम्म

हामीले अगिल्लो पाठमा वि.सं. २००७ सालदेखि हालसम्मका राजनीतिक घटनाहरूको जानकारी लियौँ । राजनीतिक घटना वा परिवर्तनले सामाजिक तथा आर्थिक गतिविधिमा प्रभाव पार्छ । २००७ देखि हालसम्मका सामाजिक एवम् आर्थिक उपलब्धिलाई तलको तालिकामा देखाइएको छ ।

सामाजिक उपलब्धि र तिनको प्रभाव

| सामाजिक उपलब्धि | प्रभाव |
|---|---|
| शिक्षामा प्रचार प्रसार तथा शैक्षिक विकास | वि.सं २००७ को परिवर्तनपछि देशका विभिन्न भागमा विद्यालयहरू खुले ।<br>सर्वसाधारणले शिक्षित हुने मौका पाए । वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । वि.सं. २०४३ सालमा नेपाल संस्कृत विश्व विद्यालयको स्थापना भयो । वि.सं. २०४६ सालपश्चात् विभिन्न प्राविधिक शिक्षालय खोलिए । नयाँ विषयहरू क्याम्पस/विश्वविद्यालयमा पढाइ हुन थाल्यो । देशमा साक्षरताको वृद्धि हुन थाल्यो । दक्ष जनशक्ति निर्माणमा सहयोग पुग्यो । समाजमा प्राविधिक जनशक्ति तयार हुँदै गएकाले कृषि, उद्योग, पर्यटन क्षेत्रमा पनि विकास हुन थाल्यो । नयाँ नयाँ अवसर सिर्जना भए । शिक्षा मौलिक हकका रूपमा स्थापित भयो । |
| यातायात तथा सञ्चारको विकास | प्रजातन्त्रको स्थापना भएसँगै सडक यातायातको सुविधा बढ्दै गयो । सबै जिल्लामा मोटर बाटो पुग्यो । पत्रपत्रिका, रेडियो, एफ.एम. टेलिफोन, मोबाइल फोन, टेलिभिजन र इन्टरनेटको प्रयोग बढ्यो । मानिसमा चेतनाको विकास भयो । |

| | |
|---|---|
| विकासमा जनसहभागिता | सरकारले विकासका कार्यक्रममा नागरिकको सहभागिताको नीति लियो । नागरिक आफ्नो गाउँ/ठाउँमा सरकारले सञ्चालन गरेका कार्यक्रममा सहभागी हुन थाले । आफैँ पनि विकासका कार्यक्रम सञ्चालन गर्न र सहभागी हुन थाले । |
| सामाजिक परिवर्तन | कानुन तथा संविधानले सबै जाति, समुदायको अधिकार ग्यारेन्टी गऱ्यो । कसैले कसैलाई हेप्ने, शोषण गर्ने अवस्था रहेन । संविधानमा नै छुवाछुत गरे दण्डनीय हुने व्यवस्था गरियो । यसका साथै र सबैका लागि सामाजिक न्यायको सुनिश्चितता पनि गरियो । पछि परेका व्यक्ति वा समुदायको हितमा कामहरू हुन थाले । |

यसरी हामी नागरिकहरूको जीवनशैलीमा परिवर्तन भयो । सर्वसाधारण नागरिकको जीवनस्तर बढ्यो । देश विकासमा सबैको चासो बढ्न थाल्यो । यो सबै राजनीतिक परिवर्तनले पारेको सामाजिक प्रभाव/उपलब्धि हो ।

हाम्रो देशमा वि.सं. २००७ साल पछि आर्थिक क्षेत्रमा पनि धेरै सुधार भएका छन् । वि.सं. २००७ देखि हालसम्म भएका केही आर्थिक उपलब्धिका बारेमा छलफल गरौँ ।



वि.सं. २००७ देखि हालसम्मका आर्थिक उपलब्धिहरू

| आर्थिक उपलब्धि | प्रभाव |
|---|---|
| बैङ्क तथा वित्तीय संस्थाको स्थापना | वि.सं. २०१३ सालमा नेपाल राष्ट्र बैङ्कको स्थापना भयो । यसले गर्दा देशभर आफ्नो देशको मुद्रा प्रयोग गर्न थालियो । नेपालमा अन्य बैङ्कहरू खुल्न थाले । वि.सं. २०४६ पछि निजी क्षेत्रमा बैङ्कहरू स्थापना भए । यसले गर्दा देशमा पेसा, व्यवसाय गर्न ऋण पाउन सहज भयो । |
| योजनाबद्ध विकासको थालनी | वि.सं.२०१३ मा योजनाबद्ध विकासको थालनी भयो । यसले गर्दा स्रोत साधन व्यवस्थित ढङ्गबाट उपयोग गर्न सहज भयो । देशका सबै ठाउँमा विकासका कामले गति लिन थाले । रोजगारीका अवसरमा वृद्धि भयो । |
| स्थानीय स्रोतसाधनको व्यापक परिचालन | स्थानीय तहमा उपलब्ध स्रोत साधनको उपयोग गर्न थालियो । कृषि, वन, घरेलु उद्योगसँग सम्बन्धित पेसा, व्यवसाय सञ्चालन भए । स्थानीय तहमै आम्दानीका स्रोत बढे । स्वरोजगारीका क्षेत्रहरू वृद्धि भए । |
| उद्योग र व्यापार | वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापछि उद्योग र व्यापारमा वृद्धि हुन थाल्यो । धेरै ठाउँमा उद्योगहरू स्थापना हुन थाले । काठमाडौँ, पोखरा, विरगन्ज, विराटनगर जस्ता ठाउँमा ठुला ठुला उद्योगहरू खुले । उद्योगको विकाससँगै व्यापारमा पनि वृद्धि भयो । देशभित्र र बाहिर पनि मालसामानको व्यापार बढ्न थाल्यो । |

यसरी दिन प्रतिदिन आर्थिक क्षेत्रमा परिवर्तन हुँदै गएका छन् । नयाँ नयाँ अवसर आएका छन् ।

## अभ्यास

१. नेपाल राष्ट्र बैङ्कको स्थापना कहिले भयो ?

२. विकास योजनाको परिचय दिनुहोस् ।

३. यातायात र सञ्चारको विकासमा भएको परिवर्तनका उदाहरण दिनुहोस् ।

### क्रियाकलाप

(क) शिक्षाको विकासबाट तपाईंको समाजमा परेका सकारात्मक परिवर्तनको सूची बनाउनुहोस् ।

(ख) तपाईंको समुदायमा आर्थिक परिवर्तन वा उपलब्धिको कस्तो प्रभाव परेको छ, कक्षामा छलफल गर्नुहोस् ।

(ग) तपाईंको समुदायमा स्थानीय स्रोत साधनको प्रयोग कसरी भइरहेको छ । जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

### समूह कार्य

कक्षाका विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजित हुनुहोस् । २०६२/०६३ को जनआन्दोलनपछि आफ्नो समुदायमा भएका आर्थिक सामाजिक परिवर्तनको सूची तयार पार्नुहोस् र समूहगत रूपमा कक्षामा छलफल गर्नुहोस् ।

पाठ ७

# मिथिला सभ्यता

मिथिला सभ्यता नेपालको पुरानो सभ्यता छ । पुराणमा अयोध्याका राजा मनु, तिनका छोरा निमी र निमीका मिथि नाम गरेका छोराले मिथिला राज्य स्थापना गरेको उल्लेख गरिएको छ । त्यही



नामबाट जनकपुरले प्रसिद्धि पायो भनेर ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । मिथिका पिता निमि देह रहित हुनाले विदेह भनिएको हो ।

यो मिथिला राज्यको सिमाना पूर्वमा कोशीदेखि पश्चिममा गण्डकीसम्म र उत्तरमा हिमालय पर्वतदेखि दक्षिणमा गङ्गा नदीसम्म फैलिएको थियो । तत्कालीन मिथिला सभ्यताअन्तर्गत नेपालको वर्तमान तराईको सप्तरीदेखि पर्सासम्मको क्षेत्र पर्दथ्यो । यो सभ्यता इसापूर्व १२ औं शताब्दीदेखि इसापूर्व आठौं शताब्दीका बिचमा विकसित भएको मानिएको छ । त्यसैले जनकपुर क्षेत्रको पाँच हजार वर्ष पुरानो सभ्यतालाई नै मिथिला सभ्यता भनिन्छ ।

## मिथिला कला

मैथिली भाषा बोल्ने समुदायमा विकसित कलालाई मिथिला कला भनिन्छ । यसलाई मिथिला लोककला पनि भनिन्छ । यो लोककला व्यावहारिक ज्ञानमा आधारित छ । यसैमा आधारित चित्रकला मिथिला सभ्यताको महत्त्वपूर्ण योगदान हो । स्थानीय सामग्रीको प्रयोग गरी चित्र बनाउनु मिथिला चित्रकलाको विशेषता हो ।



## मिथिला संस्कृति

सनातन संस्कृतिमा सबैभन्दा प्राचीन संस्कृति मिथिला संस्कृति मानिन्छ । मिथिला संस्कृति मौलिकतामा आधारित छ । अहिले पनि ठुलो सङ्ख्यामा मैथिली भाषा बोल्ने मानिसहरू मिथिला क्षेत्रमा छन् ।

विद्वानहरूको भेला भएर समसामयिक विषयमा छलफल गर्ने परम्पराको विकास मिथिला संस्कृतिको उपज हो । प्राचीन कालको ज्ञान केन्द्रका रूपमा यसलाई लिन सकिन्छ ।

मिथिला क्षेत्रमा समथर जमिन हुनाले मानिसहरू कृषि पेसामा संलग्न थिए । राजा जनकले हलाले जोत्दा कन्या पाइएकी र तिनै कन्या सीता हुन् भन्ने कुरा रामायणमा वर्णन गरिएको छ । मिथिला क्षेत्रमा थुप्रै चाडपर्वहरू मनाइन्छन् । छठ, जितीया जस्ता पर्वहरूले मिथिला संस्कृतिलाई जोगाएर राखेको छ । यसै गरी विवाह पञ्चमी, राम नवमी आदि पर्वको समयमा धार्मिक मेला लाग्छ । यसै क्रममा रोगव्याधि नाश होस् भनेर १३० किलोमिटर मिथिला क्षेत्रमा पदयात्रा गर्ने चलनले मिथिलाको परम्परालाई जनाउँछ ।

यस्तै मैथिली साहित्यको विकास पनि यहीबाट भएको छ । विद्यापतिद्वारा लिखित मैथिली साहित्यका कृतिहरू मौथिली साहित्यको विकासका मुख्य आधार मानिन्छन् ।

जनकपुर क्षेत्रमा अहिले पनि ८० भन्दा बढी पोखरीहरू, १०८ मठ तथा थुप्रै कुटीहरू छन् । जनकपुर क्षेत्रमा विभिन्न उत्सवहरू मनाइन्छ । सीताको विवाहसँग सम्बन्धित थुप्रै स्मरणहरू जोडिएको पाइन्छ । यो सभ्यताको प्रभाव यस क्षेत्रको जीवनशैलीमा अहिलेसम्म पनि जीवित रहेको पाइन्छ ।

## अभ्यास

१. मिथिला नाम कसरी रहन गयो ?

२. मिथिला क्षेत्र वर्तमान नेपालको कुन भागमा पर्दछ ?

३. मिथिला कला भन्नाले के बुझिन्छ ?

४. मिथिला सभ्यताको योगदान चर्चा गर्नुहोस् ।

## क्रियाकलाप

१. मिथिला क्षेत्रमा प्रचलित चित्रकलासम्बन्धी समाचार सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. मैथिली महाकवी विद्यापतिको जीवनी सङ्कलन गरेर कक्षामा सुनाउनुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा प्रचलित कुनै सांस्कृतिक पर्वको उत्पत्ति, पर्वका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षहरू खोजी गरेर प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ छ

# नेपालका आर्थिक क्रियाकलापहरू

## सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- नेपालमा आर्थिक क्रियाकलापका सम्बन्धमा जानकार हुन
- आर्थिक स्रोत र साधनको परिचय दिन
- आर्थिक स्रोत र साधनको महत्त्व बताउन र तिनीहरूको उचित तरिकाबाट सदुपयोग गर्न







# पाठ १

# हाम्रा आर्थिक क्रियाकलाप : परिचय र महत्त्व

तल दिइएको एउटा सफल उद्यमीको कथा पढौँ र छलफल गरौँ ।



मकवानपुर सिलिगेका दिनेश चेपाङले महको व्यवसाय गरेर मोटर धनी भइएला भनेर कल्पनासमेत गरेका थिएनन् । अहिले उनले वार्षिक १५ देखि २० टन मह बिक्री गर्दै आएका छन् । उनले वि.स. २०६४ सालमा एक हजार रुपियाँको लगानीमा मह सङ्कलन गर्ने व्यवसाय सुरु गरेका थिए । दिनेश सुरुमा चाका मह सङ्कलन गर्दथे । तर व्यवसायी भने तरल मह चाहन्थे । दिनेश सुनाउँछन्, पहिले घरमै डेक्चीमै तताएर मह प्रशोधन गरिन्थ्यो तर अहिले आफ्नै प्रशोधन केन्द्र छ । उनका अनुसार पहिले पाँच किलो मह प्रशोधन गर्न पाँच दिन लाग्थ्यो, अहिले ३० मिनेटमा सकिन्छ । मह व्यवसायको आम्दानीबाटै उनले आफ्ना छोराछोरीलाई उच्च शिक्षासम्म अध्ययन गराएका छन् । सुरुमा मह सङ्कलन गरेर बजारमा बिक्री गर्न जाँदा दिनेश मोटरगाडी देख्दा डराउँथे, भाग्थे । अहिले उनीसँग आफ्नै एउटा मोटरसाइकल र कार छ । उनको गाउँमा ८४ जना किसान मौरीपालन गर्दै आएका छन् । परम्परागत रूपमा खेती गर्ने, कमजोर जीवनस्तर भएका चेपाङ समुदायको मौरीपालन थोरै भए पनि जीवनस्तर परिवर्तन भएको छ । यसले गर्दा दिनेश र उनको समुदाय खुसी छ ।

## सिस्नुको अचार खाँदै, कौरामा रमाउँदै

बुलिङटार बोफापोखरीका स्थानीयहरू केही महिना अघिसम्म बजार घुम्न कावासोती झर्थे । गाउँमा आउने आफन्त, पाहुना र सरकारी कर्मचारीबाहेक बिरलै मात्र नयाँ व्यक्ति बुलिङटार, बोफापोखरी पुग्थे ।

तर यति बेला भने अवस्था फेरिएको छ । उकालो बाटो र डाँडा छिचोल्दै अहिले त्यहाँ दैनिक सयौं पर्यटक पुग्छन् । अझ सिस्नुको अचारका साथै मौलिक खानेकुरा खान र स्थानीय नाचमा रम्न पाउँदा पर्यटकको खुसीको सीमा नै हुँदैन ।

बोफापोखरीका मगर समुदायले पनि आफ्नो संस्कृति र खानाको परिकार पर्यटकको रोजाइमा पार्न होमस्टे सञ्चालन गरेका छन् । उक्त समुदायको मौलिक संस्कृति र खानाको परिकारले गर्दा आन्तरिक र बाह्य पर्यटकको आकर्षण बढेको छ । अदुवा, अम्रिसो खेती गरेर जीवन चलाउने स्थानीयलाई होमस्टेले आम्दानी बढाउन मदत गरेको छ ।

त्यहाँबाट देखिने हिमश्रृङ्खलाको अवलोकन, त्रिकन्या देवीको दर्शन, स्थानीयको आत्मीय व्यवहारले पर्यटकलाई लोभ्याउँछ । त्यहाँ अहिले १३ घरमा होमस्टे सञ्चालनमा छ । होमस्टे सञ्चालकले एक सामाजिक समूह बनाएका छन् । होमस्टेबाट भएको आम्दानीको १० प्रतिशत समूहको कोषमा राखिन्छ । समूहमा रहेको रकम सामाजिक काममा प्रयोग हुँदै आएको छ ।

उल्लिखित समाचारहरू आर्थिक क्रियाकलापका नमुना हुन् । आर्थिक क्रियाकलाप भनेको आम्दानीका माध्यम र स्रोत हुन् । आर्थिक क्रियाकलापबाट स्थानीय स्रोतको सदुपयोग हुन्छ । आर्थिक गतिविधिले रोजगारीका अवसर दिलाउँछ र जीवनस्तरमा सुधार ल्याउँछ ।

परम्परागत रूपमा कृषि, उद्योग, जागिरलाई आर्थिक क्रियाकलाप मानिन्थ्यो । अचेल यी क्षेत्रबाहेक सेवा, पर्यटन, वैदेशिक रोजगार आदि आर्थिक क्रियाकलापका क्षेत्रहरू मानिन्छन् ।

### आर्थिक क्रियाकलापको महत्त्व

(क) रोजगारीको अवसर वृद्धि हुन्छ ।

(ख) आम्दानीमा वृद्धि हुन्छ ।

(ग) दैनिक आवश्यकता पूरा गर्न सहज हुन्छ ।

(घ) जीवनस्तरमा सुधार आउँछ ।

(ङ) स्थानीय स्रोत र साधनको परिचालन हुन्छ ।

(च) परिवारको एक सदस्यमाथिको निर्भरता कम हुन्छ ।

(छ) आर्थिक गतिविधिका एक क्षेत्रको विकासले अर्को क्षेत्रको विकासका गतिविधिमा सघाउ पुग्छ ।

(ज) राष्ट्रिय आयमा वृद्धि हुन्छ ।

(झ) राष्ट्र आर्थिक रूपमा सक्षम हुन्छ ।

## अभ्यास

(क) आर्थिक क्रियाकलापको अर्थ प्रस्ट पार्नुहोस् ।

(ख) आर्थिक क्रियाकलाप/गतिविधिको सूची तयार पार्नुहोस् ।

(ग) आर्थिक क्रियाकलापको महत्त्व उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. आर्थिक क्रियाकलापले स्थानीय स्रोतसाधनको सदुपयोग गर्न कसरी मदत गर्छ ? कुनै स्थानीय स्तरको उदाहरण खोजी गरी प्रस्तुत गर्नुहोस् ।

२. आर्थिक क्रियाकलापले मानिसको जीवनस्तरमा भएको परिवर्तनको घटना समेटी एक समाचारको नमुना तयार पार्नुहोस् ।

३. आर्थिक क्रियाकलापले देशको आर्थिक विकासमा कसरी सहयोग पुग्छ भन्ने विषयमा वक्तृता तयार गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायका मानिसहरू विभिन्न आर्थिक क्रियाकलापमा संलग्न हुनुभएको होला । उहाँहरू संलग्न हुनुभएका आर्थिक गतिविधि र उहाँहरूको जीवनस्तरमा भएको सकारात्मक परिवर्तनका नमुना सङ्कलन गरी कथा तयार पार्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

# हाम्रा आर्थिक क्रियाकलाप : कृषि र उद्योग

शर्मिला जाजरकोटमा बस्नुहुन्छ । उहाँ स्थानीय आधारभूत विद्यालयमा कक्षा ६ मा अध्ययनरत हुनुहुन्छ । उहाँकी मिल्ने साथी प्रिया बर्दिवास महोत्तरीमा बस्नुहुन्छ । एक दिन प्रियाले शर्मिलालाई काकाले पठाउनुभएको नेपालको कृषि व्यवसाय र उद्योगबारे विस्तृत जानकारी पठाउनुभयो । मेसेन्जरमा पठाएका विषयवस्तु निम्नानुसार छन् :



प्रिय साथी शर्मिला,

तपाईंले पठाउनुभएको मेसेन्जरको खबर भर्खर पढेँ । तपाईंले हाम्रो देशमा कृषि र उद्योगसम्बन्धी कुराहरू बताउन भन्नुभएको रहेछ । मेरा काका कृषिविद् हुनुहुन्छ । उहाँले मलाई पठाउनुभएको सामग्री तिमीलाई सेयर गरेको छु । कृषि व्यवसाय हाम्रो देशका मानिसहरूको प्रमुख व्यवसाय हो । यो हाम्रो आम्दानीको प्रमुख स्रोत हो । देशको प्रमुख आर्थिक क्रियाकलाप हो । नेपालमा अधिकांश मानिस अहिले पनि कृषिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा आश्रित छन् । देशको कुल आयमा करिब ३२% योगदान कृषि क्षेत्रको रहेको छ ।

कृषि व्यवसायअन्तर्गत खेतीपाती प्रमुख हो । धान, मकै, गहुँ, कोदो, फापर, जौ आदि प्रमुख उत्पादन हुन् । यी खाद्यान्नबाली सबै ठाउँमा समान रूपले उत्पादन हुँदैनन् । हामीले पढेका छौँ, कृषि उत्पादनमा माटो, हावापानी आदिले असर गर्छ, जस्तै: म प्रदेश २ मा बस्छु । प्रदेश २ पूर्ण रूपमा तराई क्षेत्रमा पर्छ । यहाँको प्रमुख खाद्यान्न बाली धान हो ।

उखु, सनपाट, कपास, सुर्ती, तोरी पनि विभिन्न ठाउँमा उत्पादन गरिन्छ । तपाईंको जिल्ला, प्रदेशमा खासगरी स्याउ उत्पादन प्रशस्त हुन्छ । यी सबै कृषि गतिविधि हुन् । पशुपालन, कुखुरापालन, माछापालन पनि कृषि क्रियाकलाप नै हुन् ।



हाम्रो देशका अधिकांश क्षेत्रमा धेरै मानिसहरू कृषिअन्तर्गतका गतिविधिमा संलग्न छन् । कृषि क्षेत्रले हाम्रो व्यक्तिगत र पारिवारिक जीवनदेखि राज्यको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । कृषिले रोजगारीको अवसर प्रदान गर्दछ । दैनिक उपभोगका सामान आपूर्तिमा सहजता प्रदान गर्छ । कृषिमा आधारित उद्योग सञ्चालनमा सहयोग पुग्छ ।

कृषिको समग्र विकासका लागि सरकारले विभिन्न जिल्लालाई उत्पादन क्षेत्र घोषणा गरेको छ । हाम्रो छिमेकी जिल्ला सिन्धुलीलाई जुनार उत्पादन क्षेत्र घोषणा गरिएको छ । यस्तै अन्य जिल्ला/क्षेत्रहरू पनि व्यावसायिक कृषि उत्पादनका लागि विशेष क्षेत्र घोषणा भएका छन् । सरकारले कृषि विकासका लागि कृषकलाई कृषि तालिम, सहुलियतपूर्ण ऋण उपलब्ध गराउँछ भन्ने मैले हाम्रो गुरुआमाबाट सुनेकी थिएँ ।



कृषकले समयमा मलखाद नपाउनु, उत्पादन गरेका वस्तुको समयमा उचित मूल्य नपाउनु यस क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन् । उत्पादन गरेका वस्तुले सजिलै बजार नपाउनु र कृषि प्राविधिकको सेवा सहज नहुनुलाई पनि यस क्षेत्रको समस्याका रूपमा लिन सकिन्छ ।

कृषि जस्तै उद्योग पनि हाम्रो प्रमुख आर्थिक गतिविधि हो । तपाईंलाई राम्ररी थाहा छ, उद्योगले कच्चा पदार्थलाई उपभोगका लागि तयारी बनाउँछ । उद्योग सञ्चालनका लागि पुँजीको आवश्यकता हुन्छ । वस्तु उत्पादन र क्षमताका आधारमा उद्योगहरू फरक हुन्छन् । स्थानीय स्रोत साधन र सिपको प्रयोगबाट सञ्चालित उद्योगलाई घरेलु उद्योग भनिन्छ । कृषि उत्पादनबाट सञ्चालन हुने उद्योगलाई कृषिजन्य उद्योग भनिन्छ । लगानीका आधारमा उद्योगहरू साना, मझौला र ठुला हुन्छन् । नेपालमा धेरै जसो मझौला उद्योगहरू सञ्चालनमा छन् । काठमाडौँ, पोखरा, भैरहवा, विराटनगर, वीरगन्ज जस्ता सहरहरूमा ठुला उद्योग सञ्चालनमा छन् ।

उद्योगहरू रोजगारीका प्रमुख आधार हुन् । तपाईंको समुदायमा ढेरी उद्योगहरू होलान् । हामीले जति धेरै उद्योग सञ्चालन गर्छौं, त्यति नै उत्पादन बढाउन सक्छौं । हामी आफ्नै

उत्पादनमा आत्मनिर्भर हुन्छौँ । देशमा उद्योगधन्दा बढे देश विकसित हुन्छ । त्यसैले शर्मिलाजी, हाम्रो सरकारले कृषि र उद्योग विकासमा विशेष जोड दिएको छ ।

शर्मिलाजी, मैले कृषि र उद्योगका सम्बन्धमा अरू जानेका कुरा फेरि बताउने नै छु । बरु तपाईंको जिल्लाको कृषि उत्पादन, उद्योगको अवस्था सम्बन्धमा मलाई पनि जानकारी गराउनुहोस् है ! अहिलेलाई बिदा चाहन्छु ।

उही तपाईंकी साथी

प्रिया

## अभ्यास

(क) कृषि व्यवसायअन्तर्गतका गतिविधिको सूची तयार पार्नुहोस् ।

(ख) घरेलु उद्योगको परिभाषा दिई यसको महत्त्वसमेत उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा उद्योगको महत्त्व बुँदागत रूपमा प्रस्ट पार्नुहोस् ।

## क्रियाकलाप

(क) कृषि आर्थिक विकासको आधार हो भनी दुई साथीबिचको संवाद तयार गरी संवादसमेत गर्नुहोस् ।

(ख) नेपालमा कृषिको विकास सोचेअनुसार हुन सकेको छैन, किन ? कक्षामा छलफल गर्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा कृषि क्रियाकलापअन्तर्गत कस्ता कस्ता गतिविधिमा मानिसहरू संलग्न छन्, खोज्नुहोस् । उनीहरूको कृषि गतिविधि र त्यस्ता गतिविधिले उनीहरूको जीवनस्तरमा पारेको प्रभाव सङ्कलन गरी प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ ३ हाम्रा आर्थिक क्रियाकलाप : सेवा र व्यापार

आर्थिक क्रियाकलापमा सेवा र व्यापारको भूमिका महत्त्वपूर्ण हुन्छ । यी क्रियाकलापले रोजगारी वृद्धि, स्थानीय स्रोतसाधनको प्रयोगमा जोड दिन्छन् । देशको आर्थिक स्तर वृद्धि गर्न यिनीहरूको योगदान महत्त्वपूर्ण हुन्छ । तल दिइएका सेवा र व्यापारसम्बन्धी विभिन्न नमुना प्रस्तुति अध्ययन गरौँ ।



म नोर्बु शेर्पा हुँ । मैले Travel and Tourism विषयमा स्नातक गरेको छु । मैले चाइनिज, अङ्ग्रेजी, फ्रेन्च भाषा सिकेको छु । Tourist Guide को तालिम लिएको छु । म दोभाषेको काम पनि गर्छु । म विदेशी पर्यटकलाई नेपालका विभिन्न भागमा भ्रमण गराउँछु ।



म आयुष मण्डल हुँ । मैले सूचना प्रविधि विषयमा स्नातक गरेको छु । अहिले सोही विषयमा स्नातकोत्तर तहमा अध्ययनरत छु । म एक प्राइभेट कम्पनीमा सूचना प्रविधि अधिकृतका रूपमा कार्यरत छु । यसका अतिरिक्त कम्प्युटरसम्बन्धी तालिम दिने, कम्प्युटर डिजाइन गर्नेसम्बन्धी सेवा प्रदान गर्छु ।



म सिर्जना तामाङ हुँ । मैले होटल व्यवस्थापन विषयमा स्नातक तहसम्म अध्ययन गरेकी छु । मैले कफी र बेकरी बनाउने तालिम पनि लिएकी छु । मैले 'सिर्जना कफी क्याफे' खोलेकी छु । एक पटकमा २५ जनासम्म ग्राहकलाई 'कफी सर्भिस' गर्न सक्छु ।

म तेजस्वी उपाध्याय हुँ । मैले कानुन विषयमा

स्नातकोत्तर गरेकी छु । म महिला हकहितका लागि कार्यरत एक सामाजिक संस्थाको कानुनी सल्लाहकारका रूपमा कार्यरत छु । यसका अतिरिक्त म 'सर्वसाधारण नागरिकमा कानुनी साक्षरताको अभियन्ता पनि हुँ ।




होटल, सूचना प्रविधि, स्वास्थ्य, पर्यटन आदि सेवामूलक आर्थिक गतिविधि हुन् । यिनमा सिप, क्षमता, दक्षता र उद्यमशिलताको आवश्यकता पर्छ । हाल नेपालमा सेवामूलक आर्थिक गतिविधिमा संलग्न हुने जनशक्ति बढ्दो अवस्था छ । आजको परिवर्तित र सूचना प्रविधिको समयमा सेवामूलक व्यवसायमा धेरैको संलग्नता बढेको छ ।

व्यापार पनि सेवा जस्तै महत्त्वपूर्ण आर्थिक क्षेत्र हो । यसअन्तर्गत सेवामूलक र नाफा मूलक आर्थिक क्रियाकलाप हुने गर्दछ । उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ आपूर्ति गर्नु पनि व्यापारिक क्रियाकलाप हो । व्यापारले भौतिक सामग्रीको आपूर्ति गरेर सेवा प्रदान गर्छ । व्यापार वृद्धि भएमा रोजगारीको सिर्जना हुने, उपभोग्य सामग्रीको सहज पहुँच हुन्छ । विकास निर्माणका कार्यले गति दिने अवस्था रहन्छ । कुनै पनि व्यापार देशको सीमाभित्र मात्र हुन्छ भने त्यसलाई आन्तरिक व्यापार र देशबाहिरका मुलुकहरूमा हुन्छ भने बाह्य व्यापार वा अन्तर्राष्ट्रिय व्यापार भनिन्छ ।

सेवा तथा व्यापारबाट व्यक्तिको सिप, दक्षता र उद्यमशीलता वृद्धिमा सहयोग पुग्छ ।

## अभ्यास

१. सेवामूलक आर्थिक गतिविधिको परिचय दिनुहोस् ।

२. व्यापार र सेवामूलक आर्थिक क्रियाकलापबिचका भिन्नता देखाउनुहोस् ।

३. व्यापार र सेवामूलक आर्थिक क्रियाकलापमा तपाईंलाई कुन मन पर्छ, किन ?

### क्रियाकलाप

१. तपाईंको समुदायमा व्यापारसँग सम्बन्धित आर्थिक क्रियाकलापमा संलग्न व्यक्तिको अनुभव समेटी एउटा छोटो लेखको नमुना तयार पार्नुहोस् ।

२. अचेल युवाहरू सेवामूलक आर्थिक गतिविधिमा संलग्न हुने क्रम बढ्दो छ, किन होला ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# हाम्रो पर्यटन : हाम्रो गौरव




ऐतिहासिक, धार्मिक वा अन्य उद्देश्यले गरिने विभिन्न स्थलहरूको भ्रमणलाई पर्यटन भनिन्छ । त्यस्तो भ्रमण गर्ने व्यक्तिहरूलाई पर्यटक भनिन्छ । एउटा देशबाट अर्को देशमा घुमफिर गर्ने वा अन्य उद्देश्यले आउने व्यक्ति बाह्य पर्यटक हुन् । आफ्नै देशका नागरिक देशभित्र विभिन्न उद्देश्यले भ्रमण गर्छन् भने ती आन्तरिक पर्यटक हुन् ।





साहसिक खेल प्रवर्धन गर्ने व्यवसाय जस्तै : प्याराग्लाइडिङ, र्‍याफ्टिङ, बन्जिजम्प, रकक्लाइम्बिङ आदि पर्यटन व्यवसाय हुन् ।

पर्यटकलाई पथ प्रदर्शन गर्ने, खाने, बस्ने सुविधा प्रदान गर्ने होटल, रेस्टुरेन्ट, ट्राभल एजेन्सी आदि पर्यटनसम्बन्धी व्यवसाय हुन् । पर्यटन व्यवसायमा संलग्न व्यवसायीको मुख्य उद्देश्य पर्यटकका लागि सुविधा प्रदान गर्नु हो । त्यसैले पर्यटन व्यवसाय सेवामूलक व्यवसाय हो ।




## नेपालमा पर्यटनको महत्त्व

नेपाल पर्यटकीय स्थलका रूपमा विश्वमा चर्चित छ । यहाँ पर्यटनको प्रचुर सम्भावना भएका कारण पर्यटन व्यवसायको महत्त्व पनि बढी छ । पर्यटन व्यवसायले रोजगारका अवसर सिर्जना गर्छ । विदेशी मुद्रा आर्जनमा सहयोग पुग्छ । पर्यटनसँग सम्बन्धित उद्योगको विकास हुन्छ । हस्तकला उद्योग, घरेलु उद्योगको विकास हुन्छ । देशमा सडकलगायतका पूर्वाधारको विकासमा सहयोग पुग्छ ।

पर्यटन व्यवसायले हाम्रा संस्कृति, सम्पदाको संरक्षणमा सहयोग पुग्छ । ती क्षेत्रहरू विदेशीका लागि अध्ययन अनुसन्धानका स्रोत हुन् । हाम्रा संस्कृति र सम्पदाको प्रचारप्रसार हुन्छ । ऐतिहासिक सम्पदालगायतका पर्यटकीय क्षेत्रमा नियमित सरसफाइमा सक्रियता बढ्छ । त्यसैले नेपालमा पर्यटनको महत्त्व बढी छ ।




## नेपालमा पर्यटनको सम्भावना

नेपालमा धेरै किसिमका प्राकृतिक, ऐतिहासिक र धार्मिक स्थलहरू छन् । सांस्कृतिक विविधता र जीवनशैलीले नेपाललाई विश्वको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनाएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी

तथा अन्य पर्यटकीय स्थलले नेपाललाई विश्वमा परिचित गराएको छ । नेपालका मुख्य पर्यटकीय गतिविधिहरू पर्वतारोहण, पदयात्रा, माउन्टेन फ्लाइट, रक क्लाइम्बिङ, बन्जी जम्प, प्याराग्लाइडिङ, जङ्गल सफारी आदि रहेका छन् । मनोरम वातावरण र नेपालीहरूको सद्भावपूर्ण व्यवहारले नेपालमा पर्यटक आगमन बढ्दो छ ।

नेपालमा विदेशी पर्यटकहरू खास गरी मनोरञ्जनका लागि आउँछन् । कतिपय पर्यटकहरू पदयात्रा, पर्वतारोहण, तीर्थयात्रा, संस्कृति र सम्पदाको अवलोकन तथा अनुसन्धानका लागि पनि आउने गर्छन् ।

## अभ्यास

१. आन्तरिक पर्यटक र बाह्य पर्यटकबिचका भिन्नता उल्लेख गर्नुहोस् ।

२. पर्यटन व्यवसायसँग सम्बन्धित उद्योगहरूको सूची तयार पार्नुहोस् ।

३. नेपालमा के कस्ता पर्यटकीय गतिविधिको सम्भावना छ, प्रस्तुत गर्नुहोस् ।

४. नेपालमा धार्मिक पर्यटकका लागि कुन देशका नागरिक बढी आउँछन्, उल्लेख गर्नुहोस् ।

### क्रियाकलाप

१. तपाईंको समुदायमा पर्यटक आकर्षणको सम्भावना बढाउन के कस्ता काम भएका छन् ? जानकार व्यक्तिलाई सोधी कक्षामा छलफल गर्नुहोस् ।

### समूहगत कार्य

कक्षामा विद्यार्थीको सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजित हुनुहोस् । नेपालमा कुन उद्देश्यका लागि बढी पर्यटक आउँछन्, पत्ता लगाउनुहोस् । पर्यटक आगमनले पारेको प्रभावको टिपोट तयारी पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# हाम्रा आर्थिक स्रोत साधन : भूमि र जलस्रोत

प्रकृतिमा नि:शुल्क पाइने स्रोत र साधनलाई प्राकृतिक स्रोत साधन भनिन्छ । प्राकृतिक स्रोत साधनले हाम्रो जनजीवनमा ठुलो प्रभाव पारेका हुन्छन् । प्राकृतिक स्रोत र साधनको सही सदुपयोग भएमा हाम्रो जीवन सहज हुन्छ । देशको आर्थिक विकासमा पनि सहयोग पुग्छ ।

नेपाल प्राकृतिक स्रोत साधनमा धनी मुलुक हो । नेपालका प्रमुख प्राकृतिक, आर्थिक स्रोत साधनहरू भूमि, जलस्रोत, वन, खनिज आदि हुन् ।

## (क) भूमि



भूमि नेपालका प्राकृतिक स्रोत साधनमध्ये एक महत्त्वपूर्ण स्रोत हो । नेपालको कुल क्षेत्रफलको १८ प्रतिशत भूभाग खेतीयोग्य छ । खेतीयोग्य जमिन धेरै भयो भने कृषि उत्पादन पनि धेरै हुन्छ । विविध अन्न बाली लगाउन सकिन्छ । हाम्रो धरातल, हावापानीमा विविधता भएकाले विभिन्न ठाउँमा पाइने माटाको अवस्था र गुण फरक फरक छ । आफ्नो क्षेत्रमा पाइने जमिनको अवस्था र गुणको प्रकृति बुझी खेती गरेमा कृषि उत्पादन बढाउन सकिन्छ । नेपालको तराई क्षेत्रमा पाँगो माटो पाइन्छ । यस किसिमको माटो कृषि उत्पादन धान, उखु, सुर्तीका लागि उपयुक्त हुन्छ । त्यस्तै काठमाडौं उपत्यकामा तलैया माटो पाइन्छ जुन धान, गहुँ, सागपातको उत्पादनमा बढी उपयुक्त मानिन्छ । हिमाली क्षेत्रमा जौ, आलु, फापर उत्पादनका लागि उपयुक्त खालको माटो पाइन्छ । पहाडी क्षेत्रमा पाउने रातामाटामा मकै र फलफूलको उत्पादन राम्रो हुन्छ ।

## (ख) जलस्रोत

जलस्रोत नेपालको अर्को महत्त्वपूर्ण प्राकृतिक स्रोत हो । नेपालमा करिब ६ हजारभन्दा बढी नदीनाला छन् । नदीनालाका अतिरिक्त धेरै ताल, कुण्ड र पोखरीहरू छन् । नेपालका नदीनाला, ताल, कुण्ड र पोखरीहरू आर्थिक विकासका आधार हुन् । यस्ता नदीहरूमा जल यातायात सञ्चालन

गर्न सकिन्छ । नदीनाला तालबाट सिँचाइ गर्न र विद्युत् उत्पादन गर्न सकिन्छ । सप्तकोशी, सप्तगण्डकी र कर्णाली नेपालका ठुला नदीहरू हुन् । यस्ता नदीहरू ठुला जलविद्युत् परियोजना र सिँचाइ आयोजनाका लागि बढी उपयोगी मानिन्छ ।



जलयात्रा र्‍याफ्टिङ, बोटिङ जस्ता साहसिक पर्यटन प्रवर्धन गर्न सकिन्छ । त्यसैले जलस्रोत नेपालको आर्थिक विकासको मेरुदण्ड हो ।



## अभ्यास

(क) प्राकृतिक स्रोत भनेको के हो ?

(ख) भूमिलाई किन आर्थिक स्रोतका रूपमा लिइएको हो ? कारण उल्लेख गर्नुहोस् ।

(ग) नदीनालाको आर्थिक उपयोगिताको उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईं बसोबास गरेको स्थान/जिल्लामा कस्ता प्रकारका प्राकृतिक स्रोत साधन पाइन्छन्, साथीहरूबिच छलफल गर्नुहोस् ।

२. नेपालको जलस्रोत आर्थिक विकासको आधार हो । समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको जिल्ला वा प्रदेशमा नदीनालाको उपयोग कसरी भएको छ ? त्यसले समुदायको विकासमा कस्तो प्रभाव परेको छ । यदि उपयोग भएको छैन भने कस्ता कार्यमा उपयोग गर्न सकिन्छ ? कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

पाठ ६

# हाम्रा आर्थिक साधन : वन, खनिज र मानव संसाधन

वन, खनिज र मानव संसाधन हाम्रा महत्त्वपूर्ण आर्थिक साधन हुन् । वन र खनिज प्राकृतिक साधन हुन् । वन र खनिजको उचित प्रयोगबाट मानव जीवनमा सकारात्मक प्रभाव पर्छ । वन र खनिज आर्थिक स्रोतका महत्त्वपूर्ण आधार हुन् । विभिन्न प्राकृतिक स्रोत साधनको उचित र जिम्मेवारपूर्वक परिचालन गर्ने काम मानव संसाधनले गर्ने गर्दछ ।

## (क) वन

नेपालको भूधरातल, हावापानी र माटामा विविधता छ । यस्तो विविधताले वनस्पतिलाई प्रभाव पार्छ । त्यसैले नेपालको वनजङ्गल र वनस्पतिमा पनि विविधता छ । तराईदेखि हिमाली क्षेत्रमा विभिन्न किसिमका वनजङ्गल र वनस्पतिहरू पाइन्छन् ।

वनजङ्गल आर्थिक एवम् वातावरणीय दृष्टिले महत्त्वपूर्ण प्राकृतिक साधन हो । नेपालको वनजङ्गल आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । पशुपालन व्यवसायका लागि आवश्यक पर्ने घाँस स्याउला, सोत्तरको प्रमुख स्रोत वनजङ्गल नै हो । साल, सिसौ, खयर नेपालमा पाइने महत्त्वपूर्ण वनस्पति हुन् । यस्ता वनस्पतिबाट काष्ठ उद्योग सञ्चालन गर्न सकिन्छ । हिमाली क्षेत्रमा महत्त्वपूर्ण औषधीजन्य जडीबुटी पाइन्छ । जसबाट आयुर्वेदिक औषधालयहरू स्थापना गर्न सकिन्छ । वनजङ्गल वन्यजन्तु र पशुपन्छीको वासस्थान हो । ठुला वनजङ्गल भएका ठाउँमा निकुञ्ज, आरक्षण केन्द्र, सिकार क्षेत्र स्थापना गर्न सकिन्छ । वन पर्यटन प्रवर्धन गर्ने माध्यम पनि हो ।







विभिन्न भौगोलिक क्षेत्रमा पाइने वनजङ्गलले वातावरणीय संरक्षण गर्न मदत गर्छ । वनले बाढी पहिरो जस्ता प्राकृतिक विपद् रोक्न सहयोग गर्छ ।

## खनिज

खनिज सम्पदा प्राकृतिक स्रोतमध्येको महत्त्वपूर्ण स्रोत हो । तामा, कोइला, चुनढुङ्गा, पेट्रोलियम पदार्थ, ग्याँस, स्लेट ढुङ्गा, चुनढुङ्गा, सिसा आदिलाई खनिज भनिन्छ । खनिज पदार्थको उत्खनन र उपयोगबाट ठुला ठुला उद्योगहरू सञ्चालन गर्न सकिन्छ । विकसित राष्ट्रहरूमा खनिज सम्पदाको राम्ररी सदुपयोग भएको छ ।

नेपालमा फलाम, तामा, म्याग्नेसाइट, चुनढुङ्गा, खरी, मार्बल स्लेट, गेरु, सुन, चाँदी, सोडा, बिरेनुन, निकल जस्ता खनिज साधनहरू पाइन्छन् । नेपालमा खनिज उत्खननका प्रयास भइरहेका छन् ।

## मानव संसाधन

मानव संसाधन आर्थिक विकासको महत्त्वपूर्ण स्रोत हो । मानव संसाधन भनेको दक्ष, सक्षम र सिपयुक्त जनशक्ति हो । शिक्षित, दक्ष, सक्षम, स्वस्थ, तालिम प्राप्त, सिर्जनशील, उद्यमशील जनशक्ति नै मानव संसाधनको आधार हो । वन, जलस्रोत, भूमि, खनिजलगायतका प्राकृतिक स्रोत साधनको परिचालन र उचित उपयोग गर्न दक्ष जनशक्ति आवश्यक पर्छ । मानव संसाधनले नयाँ नयाँ सिर्जनशील उपायहरू, नीति योजनाहरू लागु गर्न मदत गर्छ । मानव संसाधनलाई उचित ढङ्गले उपयोग गरियो भने आर्थिक गतिविधिका कार्यक्रमहरू छिटो, छरितो र प्रभावकारी हुन्छन् ।

देशका प्राकृतिक स्रोत साधनको सदुपयोग गर्न नसक्नुमा मानव संसाधनको अभाव हुनु पनि हो । पर्याप्त मानव संसाधन नभएकाले हामीले ती प्राकृतिक स्रोत साधनबाट आर्थिक लाभ लिन सकेका छैनौँ ।

सरकारले दक्ष जनशक्ति तयार पार्न प्राविधिक र गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ । व्यावसायिक शिक्षामा लगानी बढाउनुपर्दछ । दक्ष मानव संसाधन विकासले मात्र देशको आम्दानीका स्रोत बढाउन सक्छ । यसबाट आर्थिक लाभ लिन सकिन्छ । त्यसैले मानव संसाधन विकासको स्पष्ट योजना बनाउनुपर्छ र लगानी वृद्धि गर्नुपर्छ ।

## अभ्यास

(क) नेपालमा पाइने खनिज साधनहरूको सूची तयार पार्नुहोस् ।

(ख) वन क्षेत्र संरक्षण गर्न किन आवश्यक छ, कारण उल्लेख गर्नुहोस् ।

(ग) 'मानव संसाधन' को अर्थ प्रस्ट पार्नुहोस् ।

## क्रियाकलाप

१. वनजङ्गलको आर्थिक र वातावरणीय महत्त्व छुट्टाछुट्टै सूचीमा प्रस्तुत गर्नुहोस् ।

२. नेपालमा खनिज सम्पदाको विकास हुन नसक्नुका कारणहरू खोजी गर्नुहोस् ।

३. मानव संसाधन आर्थिक गतिविधिको महत्त्वपूर्ण साधन हो, आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

## समूहगत कार्य

कक्षाका विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजित हुनुहोस् । तपाईंको समुदाय, जिल्लामा उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको भिन्न भिन्न समूहले भिन्न भिन्न सूची बनाउनुहोस् । ती प्राकृतिक स्रोत साधन कसरी मानिसको आर्थिक गतिविधिसँग जोडिएका छन्, पत्ता लगाउनुहोस् र कक्षामा छलफल गर्नुहोस् ।

एकाइ
सात

# हाम्रो पृथ्वी

## सिकाइ उपलब्धि

- पृथ्वीको परिचय दिई आकार र संरचनालाई सचित्र देखाउन
- पृथ्वीको बनावट वर्णन गर्न
- नेपाललाई हावापानी, नदीनाला र वनस्पतिका आधारमा विभाजन गरी यिनीहरूको मानव जीवनसँगको सम्बन्ध उल्लेख गर्न
- प्राकृतिक स्रोतको वितरण र स्थानीय स्तरको सामाजिक, आर्थिक जनजीवनबिचको सम्बन्ध पहिचान गर्न
- आफ्नो गाउँपालिका तथा नगरपालिका को नक्सामा विभिन्न तथ्यहरू प्रस्तुत गर्न
- विपत्को परिचय दिई यसबाट बच्ने उपायहरू अवलम्बन गर्न





पाठ
१

# पृथ्वीको परिचय

## पृथ्वीको परिचय

ब्रह्माण्डमा असङ्ख्य तारा, ग्रह, उपग्रह र उल्का पिण्ड, धुलकण र ग्याँसहरू रहेका छन् । तीमध्ये सूर्य, पृथ्वीसहित अन्य ग्रह र उपग्रहहरू सौर्यमण्डल वा सूर्यको परिवारमा छन् । करिब ४.५ अरब वर्ष पहिला पृथ्वीको उत्पत्ति भएको अनुमान छ । वैज्ञानिकहरूका अनुसार पृथ्वीको उत्पत्तिसम्बन्धी विभिन्न मत छन् । तीमध्ये कुनै एक मतअनुसार सौर्य परिवार सुरुमा धुलो र ग्याँसको बादल थियो । गुरुत्व बलले गर्दा धुलो थुप्रिँदै गयो । त्यो पिण्ड आफैँ घुम्न थाल्यो । त्यही पिण्ड सूर्यमा परिणत भयो । सूर्यको जन्म भएपछि हलुका ग्याँसहरू सौर्य वायुले गर्दा टाढा टाढा पुगे । तिनै कणहरू थुप्रिएर ग्रह, उपग्रह र पिण्डहरू बन्दै गए । पृथ्वी पनि तिनै गह्रौं तथा हलुका पदार्थहरू मिलेर निर्माण भयो । पृथ्वीको कुल क्षेत्रफल करिब ५० करोड ९७ लाख वर्ग किलोमिटर छ । यसको स्थलखण्डले लगभग २९ प्रतिशत र जल खण्डले ७१ प्रतिशत भाग ओगटेको छ । पृथ्वीको बाहिरी भागमा वायुमण्डल छ ।





पृथ्वीको आकार झन्डै झन्डै गोलो छ । अर्थात् दुवै ध्रुवीय भाग थेप्चो र बिचको भाग फुकेको सुन्तलाको दाना जस्तो छ । यसको आकारलाई ग्लोबमा हेर्नुहोस् ।

पृथ्वीको आकारका विषयमा प्रमाणित गर्ने तथ्यहरू

(क) अन्तरिक्षबाट खिचिएका तस्बिरहरूमा पनि पृथ्वी गोलो देखिनु

(ख) अन्य ग्रह, उपग्रह सबै गोला हुनु

(ग) कुनै निश्चित स्थानबाट पूर्व वा पश्चिम जाँदा घुमेर फेरि त्यही ठाउँमा आइपुग्नु

(घ) पृथ्वीलाई चारैतिरबाट वायुमण्डलले घेरिएको हुनु ।

## पृथ्वीको आकार गोलाकार हुनुका परिणामहरू

(क) पृथ्वी गोलाकार हुनाले सूर्य उदाउँदा आधा भागमा सूर्यको किरण पर्दछ तर आधा भागमा पर्दैन । दिन र रात हुनुको कारण पृथ्वी गोलाकार हुनु हो ।

(ख) हामी उत्तर वा दक्षिणतिर जाँदा पहिले देखिएका ताराहरू बिलाउँदै गएर नयाँ ताराहरू देखिनु पनि पृथ्वी गोलाकार हुनुको कारणले गर्दा हो ।

(ग) उचाइतिर जाँदा टाढा टाढाका वस्तुहरू देखिनु पनि पृथ्वी गोलाकार हुनाले हो ।

(घ) ध्रुवीय भागमा बढी र भूमध्यरेखीय भागमा कम गुरुत्वाकर्षण हुन्छ । यसले गर्दा वस्तुको तौल ध्रुवमा धेरै र भूमध्य रेखामा कम हुन्छ ।







पृथ्वीको उत्तरको बिन्दुलाई उत्तरी ध्रुव र दक्षिणको बिन्दुलाई दक्षिणी ध्रुव भनिन्छ । यी दुई ध्रुवको ठिक बिचमा पर्ने गरी खिचिएको रेखालाई भूमध्यरेखा भनिन्छ । यो रेखादेखि उत्तरको आधा भागलाई उत्तरी गोलार्ध र दक्षिणको आधा भागलाई दक्षिणी गोलार्ध भनिन्छ ।

बेलायतको लन्डनस्थित ग्रिनबिच भन्ने ठाउँमा पर्ने गरी गोलो पृथ्वीलाई आधा पार्ने गरी उत्तरी ध्रुव र दक्षिणी ध्रुवसम्म जोड्ने ठाडो रेखालाई प्रधान मध्याह्न रेखा भनिन्छ । सो रेखादेखि पूर्वतर्फको आधा भागलाई पूर्वी गोलार्ध र पश्चिमतर्फको आधा भागलाई पश्चिमी गोलार्ध भनिन्छ ।

## पृथ्वीको संरचना (Structure of Earth)

पृथ्वीको आन्तरिक संरचना हामीले उसिनेको अन्डासँग तुलना गरेर हेर्न सक्छौं । अन्डाको कडा बाहिरी भाग पृथ्वीको बाह्य सतह, सेतो भाग मध्य मण्डल वा मध्यवर्ती तह र पहेंलो भाग केन्द्र मण्डल मानेर व्याख्या गर्न सकिन्छ ।

(क) बाह्य तह वा स्थलमण्डल (Lithosphere): पृथ्वीको सबैभन्दा माथिल्लो तहलाई बाह्य तह वा स्थलमण्डल भनिन्छ । यो तह बाहिरदेखि १०० कि.मि. भित्रसम्म फैलिएको अनुमान छ । यहाँ नरम र कम धनत्व भएका ढुङ्गा, माटो जस्ता ठोस रूपमा रहेका पदार्थ र खनिजहरू पाइन्छन् ।

(ख) मध्यमण्डल वा मध्यवर्ती तह (Pyro-sphere): स्थलमण्डलभन्दा भित्रको तहलाई मध्यमण्डल वा मध्यवर्ती तह भनिन्छ । यस तहमा मध्यम खालका घनत्व भएका पदार्थहरू अर्ध तरल तथा लचकदार अवस्थामा रहेका हुन्छन् । यो तह बाहिरी सतहभन्दा भित्र करिब २९०० कि.मि गहिराइसम्म भएको अनुमान छ ।

(ग) केन्द्र मण्डल (Barysphere): पृथ्वीको सबैभन्दा भित्री भागलाई केन्द्र मण्डल वा केन्द्रीय तह भनिन्छ । यहाँ बढी घनत्व भएका खनिजहरू रहेको अनुमान छ । यो तह मध्यमण्डलभन्दा पनि भित्र छ ।

## पृथ्वीको गति

पृथ्वी आफ्नो मेरुदण्डमा घुम्दै गरेर सूर्यलाई पनि फन्को लगाउँछ । पृथ्वीको मेरुदण्डलाई अक्ष भनिन्छ । पृथ्वीले सूर्यलाई फन्को मार्ने बाटालाई पृथ्वीको कक्ष भनिन्छ । पृथ्वीले अक्ष र कक्षमा घुमेर आफ्नो दैनिक र वार्षिक गति देखाउँछ ।

## दैनिक गति

पृथ्वी आफ्नो अक्षमा पश्चिमबाट पूर्वतर्फ फन्को मार्छ । हामीले बिहान पूर्वमा देखेको सूर्यलाई त्यही ठाउँमा देख्नलाई २४ घण्टाको समय पर्खनुपर्छ । यसको अर्थ पृथ्वीलाई आफ्नो

अक्षमा एक फन्को घुम्न २४ घण्टा लाग्छ । यसलाई हामी दैनिक गति अर्थात् परिभ्रमण (Rotation) पनि भन्छौँ । पृथ्वी गोलो भएका कारण यसको आधा भागमा उज्यालो र आधा भागमा अँध्यारो देखिन्छ । हामी उज्यालालाई दिन र अँध्यारालाई रात भन्छौँ । उज्यालो दिन र अँध्यारो रात दुवै गरेर २४ घण्टाको एक दिन हुन्छ ।

यो कुरालाई स्पष्ट पार्न कक्षामा भएको ग्लोबलाई घुमाउँदै झ्यालबाट आउने उज्यालामा फर्काएर वा टर्चलाइटको प्रकाश दिएर पनि गर्न सकिन्छ ।

### वार्षिक गति

पृथ्वी अन्डा आकारजस्तो बाटो हुँदै  सूर्यको वरिपरि घुम्छ । पृथ्वीले सूर्यको वरिपरि घुम्ने गतिलाई परिक्रमण (Revolution) भनिन्छ । पृथ्वीले सूर्यको वरिपरि एक चक्कर लगाउन ३६५ दिन ६ घण्टा वा एक वर्ष लगाउँछ । त्यसैले यसलाई वार्षिक गति भनिएको हो ।  यही परिक्रमण गतिका कारण हरेक वर्षमा जाडो, गर्मी, हिउँद, वर्षा आदि क्रमश: आइरहेको अनुभव हामीले गरेका हुन्छौँ ।

## अभ्यास

१. पृथ्वी एउटा ग्रह हो, पुष्टि गर्नुहोस् ।

२. ग्रिनबिच भन्नाले के बुझिन्छ ?

३. पृथ्वीको आकार गोलाकार हुनुका परिणामहरू के के हुन् ?

४. पृथ्वीको आन्तरिक संरचना कस्तो छ ? सचित्र स्पष्ट पार्नुहोस् ।

५. पृथ्वीको परिक्रमण र परिभ्रमणको परिचय दिनुहोस् ।

### क्रियाकलाप

१. पृथ्वीको उत्पत्तिसम्बन्धी कुनै एक सिद्धान्त खोजी गरी लेख्नुहोस् ।

२. पृथ्वीको आन्तरिक संरचनालाई उसिनेको अन्डासँग कसरी तुलना गर्न सकिन्छ, जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### समूह कार्य

माटो वा अन्य पदार्थको प्रयोग गरी पृथ्वीको आन्तरिक संरचनाको नमुना तयार पार्नुहोस् ।

पाठ
२

# अक्षांश र देशान्तर

## अक्षांश (Lattitude)



© Encyclopædia Britannica, Inc.

पृथ्वीको उत्तरतिरको भागमा उत्तरी धुव्र र दक्षिणतिरको भागमा दक्षिणी धुव्र छ । उत्तरी धुव्र र दक्षिणी ध्रुवको ठिक बिचमा पृथ्वीको सतह वरिपरि रेखा खिचिएको हुन्छ । यसलाई भूमध्य रेखा भनिन्छ । यस रेखालाई ०° अक्षांश पनि भनिन्छ । भूमध्यरेखादेखि उत्तर वा दक्षिणको कोणिक दुरीलाई अक्षांश भनिन्छ । यो दुरी पृथ्वीको केन्द्रबाट डिग्रीमा नापिन्छ । त्यसैकारण उत्तरी ध्रुव र दक्षिणी ध्रुवका बिन्दुहरू पृथ्वीको केन्द्रबाट ९० डिग्रीमा रहेका हुन्छन् ।

भूमध्यरेखाबाट उत्तरतिर ९० डिग्री र दक्षिणतिर ९० डिग्री गरी अक्षांश रेखाहरू खिचिएका हुन्छन् । यी रेखाहरू वृत्तका रूपमा खिचिन्छन् । जति उत्तर वा दक्षिणतिर गयो यी रेखाहरू छोटा हुँदै जान्छन् र धुव्रमा बिन्दुमात्र हुन्छ । यी रेखाहरू एकापसमा जोडिँदैनन् । त्यसैले यिनलाई समानान्तर रेखा पनि भनिन्छ ।

अब हामी अक्षांशको उपयोगिता चर्चा गरौं :

(क) अक्षांश रेखाको मदतले कुनै ठाउँ भूमध्य रेखादेखि कति टाढा वा नजिक दुरीमा पर्दछ भन्ने थाहा पाउन सकिन्छ ।

(ख) कुनै पनि ठाउँको हावापानीको अवस्था थाहा पाउन सकिन्छ ।

(ग) कुनै निश्चित ठाउँको दिन र रातको लम्बाइ थाहा हुन्छ ।

## देशान्तर (Longitude)

पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुवलाई जोड्ने अर्ध वृत्ताकार रेखाहरूलाई देशान्तर रेखा भनिन्छ । देशान्तर रेखाहरू एउटा वृत्तको कोणिक दुरीका आधारमा खिचिने हुँदा यिनीहरू

जम्मा ३६० डिग्री बराबरका हुन्छन् । यिनीहरूलाई पनि डिग्री, मिनेट र सेकेन्डमा लेखिन्छ । लन्डनको ग्रिनविच भन्ने ठाउँलाई आधार मानेर त्यहाँ मध्यान्ह हुँदा त्यसै बराबर उत्तर र दक्षिणतर्फ पनि खिचिएको रेखालाई प्रधान मध्याह्न (Prime Meridian) रेखा भनिन्छ । यो रेखा ०° देशान्तरमा रहेको मानिन्छ । प्रधान मध्याह्न रेखादेखि पूर्व वा पश्चिमतिरको कोणिक दुरीअनुसार देशान्तरहरू बढ्दै जान्छन् । यसरी ग्रिनविचभन्दा पूर्वतर्फ १८०° सम्मका देशान्तर रेखालाई पूर्वी देशान्तर र १८०° सम्मका पश्चिमतिरका रेखालाई पश्चिमी देशान्तर भनिन्छ । ती दुवै रेखाहरू प्रधान मध्याह्न रेखाको ठिक अर्को भागको रेखामा मिल्छन् । ती पूर्व र पश्चिमका देशान्तर मिल्ने रेखालाई अन्तर्राष्ट्रिय तिथिरेखा भनिन्छ । एक र अर्को देशान्तर रेखामा चार मिनेटको समय फरक हुन्छ ।




देशान्तर रेखाको उपयोगिता

(क) समयको मापन गर्नमा प्रयोग गर्न

(ख) कुनै पनि ठाउँको अवस्थिति बताउन

(ग) नक्सामा कुनै पनि ठाउँको अवस्थितिलाई देखाउन

## अभ्यास

१. अक्षांश भनेको के हो ?

२. अक्षांश रेखाको परिभाषा दिनुहोस् ।

३. देशान्तर रेखाको परिचय दिनुहोस् ।

४. १८०° देशान्तरलाई किन अन्तर्राष्ट्रिय तिथि रेखा भनिन्छ ?

५. अक्षांश र देशान्तरबिच भिन्नता छुट्याउनुहोस् ।

६. अक्षांशको उपयोगिता चर्चा गर्नुहोस् ।

### क्रियाकलाप

१. अक्षांश र देशान्तर रेखाहरूको चित्र तयार पार्नुहोस् ।

२. कुनै ठाउँको समय चलाख वा ढिलो हुने कारणहरू खोजेर लेख्नुहोस् ।

### कक्षाकार्य

शिक्षकसँग सल्लाह गरेर कुनै पनि ठाउँको समय कसरी निर्धारण गरिन्छ भन्ने विषयमा समूहमा छलफल गर्नुहोस् । छलफलबाट प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ पृथ्वीको बाहिरी तहको बनोट

हामी यहाँ पृथ्वीको बनोटअन्तर्गत बाहिरी तह (स्थलमण्डलमा) वा बाहिरी खोलका विषयमा छलफल गर्छौं । पृथ्वीको बाहिरी तहमा जमिन, पानी र हावा रहेका हुन्छन् । त्यस्तै पृथ्वीको बाहिरी भागमा जमिनको भाग (स्थल भूखण्ड), पानीको भाग (जलमण्डल) र हावापानीको भाग (वायुमण्डल) रहेका छन् ।




## १. स्थल भूखण्ड (Land mass)

स्थल भूखण्डले पृथ्वीको बाहिरी तहको कुल भूभागको करिब २९% भाग ओगटेको छ । ती भूखण्डहरू विभिन्न ठुला ठुला टुक्रामा विभाजित छन् । यिनै जमिनका भूभागहरू नै महादेशहरू हुन् । पृथ्वीको सम्पूर्ण स्थलीय भागलाई ओगट्ने गरी सातओटा महादेशको नामकरण गरिएको छ । यी महादेशहरूमा एसिया, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, युरोप, अस्ट्रेलिया र अन्टार्कटिका पर्दछन् ।




**एसिया महादेश** : क्षेत्रफलका हिसाबले यो विश्वको सबैभन्दा ठुलो महादेश हो । यो महादेशको अधिकांश भूभाग उत्तरी गोलार्धमा पर्दछ । यसले विश्वको कुल भूभागको २९.४% भूभाग ओगटेको छ । यसलाई विषमताको महादेश भनिन्छ । यो महादेशअन्तर्गत ५१ ओटा देशहरू छन् । यस महादेशमा संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथा र होचो भाग मृतसागरको किनारी भाग पर्दछन् ।

**अफ्रिका महादेश** : क्षेत्रफलको हिसाबले यो दोस्रो ठुलो महादेश हो । यो महादेशलाई भूमध्यरेखाले झन्डै बिचबाट काटेको छ । यस महादेशले विश्वको कुल भूभागको करिब २०.२% भूभाग ओगटेको छ । अफ्रिका महादेशमा ५४ ओटा देशहरू छन् ।




**उत्तर अमेरिका** : क्षेत्रफलका हिसाबले विश्वको तेस्रो ठुलो महादेश उत्तर अमेरिका हो । यस महादेशले विश्वको कुल भूभागको १६.९% क्षेत्रफल ओगटेको छ । यस महादेशअन्तर्गत २३ ओटा राष्ट्रहरू पर्दछन् ।




**दक्षिण अमेरिका** : क्षेत्रफलका हिसाबले यो चौथो ठुलो महादेश हो । यो महादेश पश्चिमी गोलार्धमा पर्दछ । यसले विश्वको भूभागको करिब ११.७% भूभाग ओगटेको छ । संसारको सबैभन्दा लामो पर्वत श्रेणी एन्डिज यही महादेशमा पर्दछ । यस महादेशअन्तर्गत १२ ओटा राष्ट्रहरू पर्दछन् ।



**युरोप** : युरोप महादेश दोस्रो सानो महादेश हो । यो महादेशको पुरै भूभाग उत्तरी गोलार्धमा पर्दछ । यो महादेशको लामो सिमाना एसिया महादेशसँग जोडिएको छ । यस महादेशले विश्वको कुल भूभागको करिब ७% भूभाग ओगटेको छ । यो महादेशअन्तर्गत ४४ ओटा राष्ट्रहरू पर्दछन् ।




**अस्ट्रेलिया** : अस्ट्रेलिया महादेश क्षेत्रफलका आधारमा विश्वको सबैभन्दा सानो महादेश हो । यसले विश्वको कुल भूभागको करिब ५.९% भूभाग ओगटेको छ । यो महादेश दक्षिणी गोलार्धमा पर्दछ । यो महादेशको खोजी क्याप्टेन कुकले गरेका हुन् । यस महादेशअन्तर्गत १४ ओटा राष्ट्रहरू पर्दछन् ।




**एन्टार्कटिका महादेश :** क्षेत्रफलका आधारमा यो पाँचौं ठुलो महादेश हो । यसले विश्वको कुल भूभागको करिब ८.९५% भूभाग ओगटेको छ । यो महादेश सबैभन्दा पछि पत्ता लागेको हो । यहाँ मानव बसोबास छैन । वैज्ञानिक अनुसन्धानका लागि यो महादेश महत्त्वपूर्ण मानिन्छ ।



## २. जलमण्डल (Hydrosphere)

पानीले ढाकिएर रहेको भागलाई जलमण्डल भनिन्छ । पृथ्वीको कुल सतहको लगभग ७१.% भाग पानीले ढाकेको छ । जलमण्डलअन्तर्गत महासागर, सागर, नदीनाला, खोला, ताल आदि पर्दछन् । दक्षिणी गोलार्धमा बढी पानी पाइने हुनाले यसलाई जल गोलार्ध पनि भनिन्छ । जलमण्डलको ठुला भागलाई महासागरको नामकरण गरिएको छ । यसअन्तर्गत प्रशान्त महासागर, आन्ध्र महासागर, हिन्द महासागर, कुमेरु महासागर र सुमेरु महासागर पर्दछन् ।




(क) प्रशान्त महासागर : यो विश्वको सबैभन्दा ठुलो र गहिरो महासागर हो । यस महासागरले पृथ्वीको जलमण्डलको करिब ४९.९% भाग ओगटेको छ । यस महासागरको औसत गहिराइ ४३०० मिटर छ । यस महासागरको सबैभन्दा गहिरो भाग मरियाना ट्रेन्च हो ।

(ख) आन्ध्र महासागर : यो दोस्रो ठुलो महासागर हो । यसले सम्पूर्ण जलमण्डलको करिब २५.७% भाग ओगटेको छ । यसको औसत गहिराइ करिब ३७०० मि. छ । यो महासागर व्यापार तथा वाणिज्यका दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

(ग) हिन्द महासागर : यसले कुल जलमण्डलको २०.५% भाग ओगटेको छ । यस महासागरको औसत गहिराइ ३९०० मि. छ । यस महासागरबाट मनसुनी वायु चलेर वर्षा हुने हुनाले मनसुनी महासागर पनि भनिन्छ ।

(घ) सुमेरु महासागर : यस महासागर उत्तरी धुव्रको नजिक गोलाकार आकृतिमा फैलिएको छ । यस महासागरले कुल जलमण्डलको करिब ४% भाग ओगटेको छ । यस महासागरको औसत गहिराइ ९८७ मिटर छ ।

(ङ) कुमेरु महासागर : यस महासागरले अन्टार्कटिका महादेशलाई घेरेको छ । यो महासागर २ करोड ५२ लाख २८ हजार व.कि.मि. मा फैलिएको छ । यस महासागरको औसत गहिराइ २४०० मि. जति छ । यस महासागरले कुल जलमण्डलको ७% भाग ओगटेको छ ।

यी महासागरबाहेक भूमध्यसागर, क्यास्पियन सागर, लाल सागर पनि जलमण्डलमा पर्दछ । यसै गरी अमेजन, नाइल, ह्वाङ्हो, गङ्गा, ब्रह्मपुत्र आदि नदी जलमण्डलका उदाहरण हुन् । ग्रेटलेक, बैकाल ताल, रारा ताल पनि जलमण्डलमा नै पर्दछन् ।

## ३. वायुमण्डल (Atmosphere)

पृथ्वीको बाहिरी सतहको वरिपरि हजारौँ किलोमिटरको उचाइसम्म फैलिएको विभिन्न ग्याँसको मिश्रित खोलको रूपलाई वायुमण्डल भनिन्छ । वायुमण्डल पनि जलमण्डल र स्थलमण्डल जस्तै पृथ्वीको बनोटअन्तर्गत पर्दछ । गुरुत्वाकर्षण शक्तिका कारण वायुमण्डलले पृथ्वीमा चारैतिरबाट दबाब दिइरहेको हुन्छ । यही वायुमण्डल हुनाले पृथ्वीमा जीवजन्तु र वनस्पति पाइएको हो । वायु मण्डलमा विभिन्न ग्याँसहरू, जलवाष्प र धुलोका कणहरू छन्, जसको विवरण निम्नअनुसार छ :

(क) ग्याँस (Gas) : वायुमण्डलमा धेरै प्रकारका ग्याँसहरू पाइन्छन् जसमा नाइट्रोजन र अक्सिजनको मात्रा ९९ प्रतिशत छ भने अरू ग्याँसहरू एक प्रतिशत मात्र छन् ।

(ख) जलवाष्प (Water Vapour) - वायुमण्डलको अर्को महत्त्वपूर्ण तत्त्व जलवाष्प हो । यो समुद्र, नदी, ताल आदिबाट वाष्पीकरणद्वारा वायुमण्डलमा जम्मा हुन्छ । वायुमण्डलमा बन्ने बादल, वर्षा, तुसारो, असिना, शीत सबै जलवाष्पबाट निर्माण हुन्छन् ।

(ग) धुलकण (Dust Particle) - वायुमण्डलमा ग्याँस, जलवाष्प मात्र होइन धुलाका कणहरू पनि पाइन्छन् । यी कणहरू वायुमण्डलको तल्लो तहमा वायुसँगै मिसिएका हुन्छन् ।

वायुमण्डल समुद्र सतहदेखि हजारौँ किलोमिटर माथिसम्म फैलिएको अनुमान गरिन्छ । वायुमण्डलको ९९% वायु र यसका गतिविधि २९ कि.मि. माथिसम्म सक्रिय हुन्छन् । कार्बनडाइअक्साइड, नाइट्रोजन र अक्सिजन जस्ता तल्लो तहमा र आर्गन, हिलियम, नियोन, क्रिस्टोन जस्ता ग्याँसहरू वायुमण्डलको माथिल्लो तहमा हुन्छन् ।

## अभ्यास

१. स्थल मण्डल भनेको के हो ?

२. महासागर केलाई भनिन्छ ?

३. वायुमण्डलमा पाइने ग्याँसहरू कुन कुन हुन् ?

४. जलवाष्प भनेको के हो ?

५. सबैभन्दा ठुलो र सानो महादेश कुन कुन हुन् ?

६. तपाईं बस्ने महादेशको परिचय दिनुहोस् ।

७. अफ्रिका महादेशलाई किन अन्धकारको महादेश भनिन्छ ?

८. वायुमण्डलको संरचना व्याख्या गर्नुहोस् ।

९. संसारका पाँचओटा महासागरका मुख्य विशेषताहरू लेख्नुहोस् ।

## क्रियाकलाप

१. महासागर र सागरहरू कसरी बने होलान् ? विभिन्न स्रोतहरू प्रयोग गरेर खोज्नुहोस् र प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पृथ्वीसम्बन्धी भिडियो वा अन्य सामग्री खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. विश्वको नक्सामा सातओटा महादेशको अवस्थिति र भौगोलिक तथ्यहरू खोजेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

पाँचओटा महासागरसँग सम्बन्धित फैलावट, गहिराइ र क्षेत्रफल जस्ता कुराहरू खोज्नुहोस् र प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# नेपालको भौगोलिक विवरण

## नेपालको अवस्थिति, सिमाना र क्षेत्रफल

नेपाल एक भूपरिवेष्टित देश हो । यो एसिया महादेशको मध्यभागमा अवस्थित छ । यसले विश्वको ०.०३% र एसियाको ०.३% भूभाग ओगटेको छ । नेपालबाट सबैभन्दा नजिकको समुद्र बङ्गालको खाडी हो ।

नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारत पर्दछ । उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ । नेपालको पूर्वी सिमाना नदी मेची हो भने पश्चिममा महाकाली नदी बग्दछ । दक्षिणतिर दशगजाले नेपाल र भारतलाई छुट्याएको छ । उत्तरतर्फ अग्ला हिमालय पर्वत श्रेणीहरू पर्दछन् ।



## धरातलीय स्वरूपका आधारमा नेपालको विभाजन

धरातलीय स्वरूपका आधारमा नेपाललाई हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । यसलाई निम्नअनुसारको तालिकामा देखाइएको छ :

| धरातलीय स्वरूपका आधारमा प्रदेश | सालाखाला उचाइ | ओगटेको औसत भूभाग | भैगोलिक प्रदेश |
|---|---|---|---|
| हिमाली प्रदेश | ३३००-८८४८.८६ मि | १५% | १. मुख्य हिमाल,<br>२. भोट उपत्यका क्षेत्र<br>३. सीमान्त हिमाल |
| पहाडी प्रदेश | ६००-३३०० मि | ६८% | १. मध्य पहाडी उपत्यका तथा बेँसीहरू<br>२. पहाडी श्रेणी<br>३. महाभारत लेक |
| तराई प्रदेश | ५९-६०० मि | १७% | १. चुरे तथा भावर<br>२. भित्री मधेस,<br>३. तराई |

प्राकृतिक स्वरूपका आधारमा हेर्दा हिमाली प्रदेश सबैभन्दा उत्तरी भागमा पर्दछ । यस प्रदेशको मुख्य हिमाली भाग ५००० मि. माथि पर्दछ । ८००० मि. भन्दा अग्ला विश्वका १४ ओटा शिखरहरूमध्ये आठओटा यही प्रदेशमा पर्दछन् । मुख्य हिमाली प्रदेश र तिब्बतसँग जोडिएका भागमा हिमाली उपत्यकाहरू छन् । यिनलाई भोट उपत्यका पनि भनिन्छ । भोट उपत्यकाभन्दा उत्तरतिर हिमशिखरहरू पाइन्छन् । यस क्षेत्रलाई सीमान्त हिमाल क्षेत्र भनिन्छ । यहाँ तिब्बत प्रवेश गर्ने नाकाहरू तथा भन्ज्याङ्गहरू छन् ।

पहाडी प्रदेश दक्षिणका तराई प्रदेश र उत्तरको हिमाली प्रदेशको बिचमा ६०० मि. देखि ३३०० मि. सम्म फैलिएको छ । यसअन्तर्गत महाभारत लेक, मध्य भाग र उपत्यका र बेँसीहरू पर्दछन् । यस प्रदेशमा विभिन्न नदीका टार र नदीले बनाएका उपत्यका पर्दछन् । यहाँको हावापानी रमणीय र स्वस्थकर छ ।

नेपालको दक्षिण भागमा तराई प्रदेश पर्दछ । यो समुद्र सतहबाट ५९ मि. देखि ६०० मि. सम्म फैलिएको छ । तराई प्रदेशमा चुरे श्रेणी, भावर प्रदेश, भित्री मधेस र मुख्य तराई छन् । उत्तरमा महाभारत पर्वत शृङ्खलाको दक्षिणमा चुरे पर्वत श्रेणी पर्दछ । सबैभन्दा दक्षिणतिरको भागलाई मुख्य तराई प्रदेश भनिन्छ । यो पाँगो माटाले बनेको छ । यो पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । यसलाई नेपालको अन्नभण्डार पनि भनिन्छ । मुख्य तराई र चुरे क्षेत्रको बिच भागलाई भावर प्रदेश भनिन्छ । यो क्षेत्र रोडा, ढुङ्गा, कङ्कड आदिद्वारा निर्मित छ । यही क्षेत्रमा घना जङ्गल पाइन्छ । यस जङ्गललाई चारकोसे झाडी पनि भनिन्छ । चुरे पर्वत श्रेणीबिचको चारैतिर पहाडले घेरिएको क्षेत्रलाई भित्री मधेस भनिन्छ । यहाँको हावापानी न्यानो छ । सुर्खेत, दाङ, नवलपरासी (सुस्तापूर्व), चितवन, उदयपुर, सिन्धुली, मकवानपुर जिल्लाहरू भित्री मधेसमा पर्दछन् ।

## अभ्यास

१. नेपालको पूर्व पश्चिम औसत लम्बाइ कति छ ?

२. नेपालबाट सबैभन्दा नजिकमा पर्ने सागर वा खाडी कुन हो ?

३. नेपालको तराई प्रदेशलाई किन अन्नको भण्डार भनिन्छ ?

४. पहाडी प्रदेशको छोटो परिचय दिनुहोस् ।

५. हिमाली प्रदेशका कुनै चारओटा विशेषताहरू लेख्नुहोस् ।

### क्रियाकलाप

१. नेपालको नक्सा कोरी प्राकृतिक स्वरूपका आधारमा विभाजन गर्नुहोस् ।

२. नेपालको अवस्थिति, सिमाना आदि झल्किने गरी गीत वा कविता लेख्नुहोस् ।

३. तपाईं बस्ने ठाउँ कुन भौगोलिक प्रदेशमा पर्छ खोजी गरेर त्यहाँका भौगोलिक विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. समूह समूहमा छलफल गरी आफ्नो प्रदेशको भौगोलिक विवरण तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# नेपालको हावापानी

भौगोलिक बनोटअनुसार नेपालको हावापानीमा विविधता छ । हावापानी भन्नाले वायुमण्डलको लामो समयको मौसमको सालाखाला (औसत) अवस्था भन्ने बुझिन्छ । हावापानीको अवस्थाको वितरणलाई सामान्यतया तापक्रम र वर्षाका आधारमा विभिन्न क्षेत्रमा विभाजन गरिन्छ । कुनै पनि ठाउँको तापक्रम, वर्षा, जमिनको उचाइ, पहाडको ढाल, समुद्रदेखिको दुरी, आक्षांश, वायुको बहने दिशालगायत विभिन्न तत्त्वले फरक पार्दछ । नेपालको हावापानीलाई पनि ती तत्त्वहरूको प्रत्यक्ष प्रभाव छ । धरातलीय स्वरूपका आधारमा नेपालको हावापानीलाई पाँच भागमा विभाजन गर्न सकिन्छ ।

## (क) उपोष्ण मनसुनी हावापानी



*उपोष्ण मनसुनी हावापानी क्षेत्रमा पाइने जङ्गल*

यो हावापानी तराई, दुन र चुरे पर्वतको लगभग १२०० मिटरसम्मको उचाइमा पाइन्छ । ग्रीष्ममा यहाँको तापक्रम ३८° से. देखि ४२° से. सम्म पुग्छ । हिउँदमा १५° से. देखि ५° से. सम्म आइपुग्छ । मनसुनी वायुले वर्षभरिमा २०० से.मि सम्म वर्षा गराउँछ । वर्षाको मात्रा पूर्वबाट पश्चिमतिर क्रमशः घट्दै जान्छ । यो हावापानीको क्षेत्रमा पूर्वी तराईभन्दा

पश्चिम तराईमा ग्रीष्ममा बढी गर्मी हुन्छ । यसो हुनाको कारण पश्चिम भारतबाट बहने तातो हावाका कारणले गर्दा हो । हिउँदमा पश्चिमी वायुले गर्दा नेपालको पश्चिमी भागमा केही बढी वर्षा हुन्छ । यो क्षेत्रको हावापानी स्वस्थकर भने हुँदैन ।

### (ख) न्यानो समशीतोष्ण हावापानी



*महाभारत क्षेत्रको वनस्पति र जङ्गल*

यो हावापानी चुरे पर्वत र महाभारत पर्वतको क्षेत्रमा १२०० मिटरदेखि २१०० मिटरको उचाइसम्म पाइन्छ । यसप्रकारको हावापानी पाइने क्षेत्रमा ग्रीष्ममा न्यानो र हिउँदमा ठन्डा हुन्छ । ग्रीष्मको औसत तापक्रम २४$^0$ से. देखि ३५$^0$ से र हिउँदको औसत तापक्रम ५$^0$ से. देखि १०$^0$ से. हुन्छ । यहाँको हावापानी स्वास्थकर मानिन्छ । ग्रीष्ममा २०० से.मि. सम्म वर्षा हुन्छ । उत्तर भाग भने वायुविमुख भागमा पर्ने हुनाले वर्षा १०० से.मि. जति हुन्छ । हिउँदमा पश्चिमी वायुको प्रभावले केही वर्षा हुन्छ । माथिल्लो भागमा भने हिउँ पर्छ । पोखराको लुम्ले, ललितपुरको गोदावरी र सङ्खुवासभामा भने केही बढी वर्षा हुन्छ ।

### (ग) ठन्डा समशीतोष्ण हावापानी

यो हावापानी २१०० देखि ३३०० मिटरको उचाइसम्ममा पाइन्छ । यस्तो हावापानीमा ग्रीष्म न्यानो र हिउँद ठन्डा हुन्छ । यहाँ ग्रीष्मको तापक्रम १५$^0$ से. देखि २०$^0$ से. सम्म हुन्छ भने हिउँदमा औसत तापक्रम ५$^0$ से.भन्दा कम हुन्छ । यहाँ ग्रीष्म छोटो र हिउँद केही लामो

हुन्छ । ग्रीष्ममा मनसुनी वायुले गर्दा १०० से.मि. जति वर्षा हुन्छ । उत्तर पट्टिको भूभागमा भन्दा दक्षिण फर्केको भूभागमा वर्षा बढी हुन्छ । वर्षा उचाइ बढ्दै जाँदा कम हुँदै जान्छ । हिउँदमा भने हिउँ पर्छ ।

### (घ) लेकाली हावापानी

यो हावापानी ३३०० मि. देखि ५००० मि. को उचाइसम्म पाइन्छ । यहाँ बढी उचाइ हुने भएकाले ग्रीष्ममा १०°-१५° सेल्सियस र हिउँदमा ०° सेल्सियस भन्दा तल तापक्रम पुग्दछ । यहाँ ग्रीष्म केही न्यानो र छोटो तर हिउँद ठन्डा र लामो हुन्छ । यहाँ वर्षा ३० से.मि. जति तर हिउँका रूपमा पर्दछ । मनाङ, मुस्ताङ, डोल्पा आदि वृष्टि छायामा पर्ने हुनाले यहाँ निकै कम वर्षा हुन्छ ।



*लेकाली हावापानीमा हुर्कने सल्ला र अन्य वनस्पति*

### (ङ) टुन्ड्रा हावापानी

यो हावापानी ५००० मिटर (१६००० फिट) को उचाइभन्दा माथि पाइन्छ । यहाँको तापक्रम बर्सैभरि ०° भन्दा निकै कम हुन्छ । बर्सैभरि जाडो हुन्छ र वर्षा पनि हिउँका रूपमा मात्र हुन्छ । यहाँको हावापानीलाई हिमाली मरुभूमि जलवायु पनि भनिन्छ ।



*टुन्ड्रा हावापानी क्षेत्र*

## अभ्यास

१. हावापानी भनेको के हो ?

२. तपाईं बस्ने ठाउँमा कुन प्रकारको हावापानी पाइन्छ ?

३. वृष्टि छाया भन्नाले के बुझिन्छ ?

४. तपाईं बस्ने ठाउँमा पाइने हावापानीका विशेषता चर्चा गर्नुहोस् ।

५. पूर्वी नेपालमा ग्रीष्म र पश्चिम नेपालमा हिउँदमा बढी वर्षा हुनाका कारणहरू के के होलान् ?

६. नेपालको तराई क्षेत्रमा पाइने हावापानी कस्तो प्रकारको छ, यसका विशेषताहरू लेख्नुहोस् ।

### क्रियाकलाप

१. नेपालको हावापानीका प्रकार र तिनका विशेषताहरू तालिकामा देखाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको हावापानीका क्षेत्रमध्ये सबैभन्दा उपयुक्त हावापानी पाइने क्षेत्र र उपयुक्त हुनाका कारणहरू कक्षामा छलफल गर्नुहोस् ।

३. नेपालको नक्सामा हावापानीका प्रदेशहरू उपयुक्त सङ्केतको प्रयोग गरी देखाउनुहोस् ।

४. नेपालमा हावापानीमा विविधता देखिनुका कारणहरू छलफल गर्नुहोस् ।

### परियोजना कार्य

नेपालका विभिन्न हावापानी क्षेत्रमा पाइने बिरुवाहरू वा रुखका चित्र सङ्कलन गरी एक एल्बम तयार पार्नुहोस र कक्षामा प्रदर्शन गर्नुहोस् ।

# पाठ ६

# नदी, हिमनदी र तालहरू

जमिनको सतहमा बगेको पानीले निश्चित बाटो बनाएर नियमित रूपमा बग्ने प्रणालीलाई नदी भनिन्छ । यसको नियमितता ताल वा समुद्र वा सागर र महासागरसम्म हुन्छ । नदीलाई नदीमा भएको पानीको मात्रा र नियमितताअनुसार विभिन्न नाम दिइन्छ । हिउँसहित बग्नेलाई हिमनदी, हिउँ पग्लेर पानी बनेर बर्सैभरि नियमित बग्नेलाई नदी भनिन्छ । वर्षात्को पानीबाट उत्पत्ति भएर बग्नेलाई खोला र वर्षात्को समयमा पानी उर्लेर बग्नेलाई खहरे भनिन्छ । सानो र साँगुरो बाटाबाट बग्ने पानीको खोलालाई नाला भनिन्छ । नदी जुन ठाउँबाट उत्पत्ति हुन्छ, त्यसलाई मुहान र खस्ने ठाउँलाई मुख भनिन्छ । मुख्य नदीमा आएर मिसिने नदीलाई सहायक नदी र मुख्य नदीबाट हाँगा फाटेर जाने नदीलाई शाखा नदी भनिन्छ । दुईओटा नदी मिसिने ठाउँलाई दोभान र तीन नदी मिसिने ठाउँलाई त्रिवेणी भनिन्छ ।

नेपालका नदीहरूलाई उत्पत्तिका आधारमा निम्नअनुसार वर्गीकरण गरिएको छ :

(क) पहिलो स्तरका नदी : हिमालय क्षेत्रबाट उत्पत्ति भएर बग्ने नदीलाई पहिलो स्तरका नदी मानिन्छ । यसअन्तर्गत सप्तकोसी, सप्तगण्डकी वा नारायणी र कर्णाली जस्ता नदीहरू पर्दछन् । यी नदीहरूमा बर्सैभरि पानी हुन्छ ।

(ख) दोस्रो स्तरका नदी : मध्य पहाडी क्षेत्र तथा महाभारत पर्वतमा उत्पत्ति भएर बग्ने नदीलाई दोस्रो श्रेणीका नदी भनिन्छ । यी नदीहरूमा बर्सैभरि पानी हुन्छ । तर सुक्खा याममा केही कम हुन्छ । मेची, कन्काई, त्रियुगा, कमला, रापती, बाग्मती आदि यस श्रेणीमा पर्दछन् ।

(ग) तेस्रो स्तरका नदी : चुरे क्षेत्रबाट उत्पत्ति भएर बग्ने नदीलाई तेस्रो श्रेणीका नदी भनिन्छ । यी नदीहरूमा वर्षा याममा प्रशस्त पानी हुन्छ तर हिउँदमा पानीको मात्रा कम हुने वा सुक्खा हुन्छन् । रातु, रतुवा, सिर्सिया, हर्दिनाथ, वाणगङ्गा, तिलाने आदि यस श्रेणीका नदीहरूमा पर्दछन् ।

नदी प्रवाह क्षेत्रका आधारमा नदीलाई कोसी, गण्डकी र कर्णाली गरी तीनओटा क्षेत्रमा विभाजन गरिएको छ :

(क) कोसी नदी प्रवाह क्षेत्र : पूर्वमा कञ्चनजङ्घा हिमालदेखि पश्चिममा लाङ्टाङ हिमालबिचको जलप्रवाहको क्षेत्रलाई कोसी नदी प्रवाह क्षेत्रले चिनिन्छ । यस नदी प्रवाह क्षेत्रका सातओटा सहायक नदी हुनाले सप्तकोसी पनि भनिन्छ । सुनकोसी, दुध कोसी, तामाकोसी, इन्द्रावती, लिखु, अरूण र तमोर सप्तकोसीका मुख्य सहायक नदीहरू हुन् । सुनसरीको चतरानजिकै पुगेपछि यसलाई कोसी नामले चिनिन्छ । यो नेपालको सबैभन्दा ठुलो नदी हो । यसलाई भारतमा दामोदर नदी भनिन्छ । धेरै बाढी आउने र धन जनको नोक्सान गर्ने हुँदा यसलाई विहारको दु:ख उपनामले समेत चिनिन्छ ।

(ख) गण्डकी नदी प्रवाह क्षेत्र : लाङ्टाङ हिमालदेखि धौलागिरि हिमालसम्मको जलप्रवाह क्षेत्रलाई गण्डकी नदी प्रवाह क्षेत्र मानिन्छ । यस क्षेत्रमा त्रिशूली, बुढी गण्डकी, दरौदी, मर्स्याङ्दी, मादी, सेती, र कालीगण्डकी नदीहरू बहन्छन् । सातओटा नदीहरू मिसिने हुँदा यसलाई सप्तगण्डकी पनि भनिन्छ । देवघाटबाट तलतिर यसलाई नारायणी नदीका नामले चिन्ने गरिन्छ । यस नदी प्रवाह क्षेत्रमा कालीगण्डकी सबैभन्दा ठुलो र त्रिशुली सबैभन्दा सानो नदी हो । गण्डकी नेपालको सबैभन्दा गहिरो नदी हो ।

(ग) कर्णाली नदी प्रवाह : धौलागिरि हिमालदेखि व्यासऋषि हिमालसम्मको जलप्रवाह क्षेत्रलाई कर्णाली नदी क्षेत्र भनिन्छ । यो नेपालको सबैभन्दा लामो नदी हो । कर्णाली नदीका पनि सातओटा सहायक नदीहरू छन् । ती सहायक नदीहरू हुम्ला कर्णाली, मुगु कर्णाली, ठुली भेरी, सानी भेरी, सेती, बुढीगङ्गा र तिला हुन् । भारतमा पुगेपछि यसलाई घाँघरा भनिन्छ । यस नदीमा डल्फिन पाइन्छ ।

## ताल, कुण्ड र पोखरीहरू

वरिपरि जमिनले घेरिएर पानी जमेको स्थानलाई ताल भनिन्छ । हिमाली क्षेत्रमा खाल्डामा हिउँ जमेर बनेका काललाई हिमताल भनिन्छ । ठुला ठुला पानी जमेका दहलाई ताल भनिन्छ । ससाना मानव निर्मित तथा प्रकृतिक खाल्डामा जमेको पानीलाई पोखरी भनिन्छ । नेपालमा धेरै प्राकृतिक तालहरू छन् । उच्च हिमाली क्षेत्रमा हिमतालहरू समेत छन् । च्छोरोल्पा, गोक्यो हिमताल हुन् । मौसम परिवर्तनका कारण केही हिमतालहरू फुट्ने खतरामा छन् । केही तालहरू मानव निर्मित हुन् । राराताल, फेवा ताल, फोक्सुन्डो ताल, गोसाइकुण्ड, तिलिचो तालका उदाहरणहरू

हुन् । यीमध्ये सबैभन्दा ठुलो ताल राराताल हो भने मानव निर्मित ताल इन्द्र सरोबर हो । जल यतायात, सिँचाइ, मत्स्यपालन, विद्युत् उत्पादन आदिमा यी तालहरू प्रसिद्ध छन् ।

### हिम नदीहरू

उच्च हिमाली क्षेत्रमा निरन्तर हिउँ पर्दै जाँदा माथिको हिउँको दबाबले तलको हिउँ बिस्तारै बग्न थाल्छ । यसरी हिउँ पग्लेर बन्ने नदीलाई हिमनदी भनिन्छ । यी नदीहरू बग्ने गति एकदमै ढिलो हुन्छ । नेपालको सबैभन्दा ठुलो हिमनदी खुम्बु हिमनदी हो । सबैभन्दा लामो हिमनदी लाङ्टाङ हिमनदी हो । कञ्चनजङ्घा, थालुङ, बरुण, नुप्चु आदि मुख्य हिमनदीहरू हुन् ।

## अभ्यास

१. नदी भनेको के हो ?

२. ताल भन्नाले के बुझ्नुहुन्छ ?

३. हिमनदीको परिभाषा दिनुहोस् ।

४. नेपालका प्रमुख नदीहरूको नाम लेख्नुहोस् ।

५. उत्पत्तिका आधारमा नेपालका नदीलाई कति भागमा विभाजन गर्न सकिन्छ ?

६. नदी प्रवाह प्रणालीका आधारमा नेपालका नदीलाई कति भागमा विभाजन गर्न सकिन्छ, विवरण दिनुहोस् ।

७. नदी र तालको महत्त्व उल्लेख गर्नुहोस् ।

### क्रियाकलाप

१. नेपालका प्रमुख नदीहरू प्रवाह क्षेत्रका आधार खोजी गरी यिनका विशेषताहरू समूहमा छलफल गर्नुहोस् ।

२. कोसी, गण्डकी र कर्णाली नदीका सहायक नदीहरू नक्सा वा ग्लोवमा खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. नेपालको नक्सामा मुख्य नदीहरू देखाउनुहोस् र राम्रो नक्सा बनाउन समस्या हुनेलाई राम्रो गर्न प्रोत्साहित गर्नुहोस् ।

पाठ ७

# प्राकृतिक वनस्पति

नेपालमा पाइने रुखबिरुवा, घाँसपात र जडीबुटीलाई नेपालका वनस्पति भनिन्छ । वनस्पतिलाई भौगोलिक स्वरूप, हावापानी, माटो आदिले प्रभाव पार्दछ ।

वनजङ्गलले हामीलाई अक्सिजन दिन्छ र हामीले फालेको कार्बन डाइअक्साइड आफूले ग्रहण गर्दछ । भूक्षय नियन्त्रण, उद्योगका लागि कच्चा पदार्थहरू हामीले जङ्गलबाट नै प्राप्त गर्दछौँ । नेपालमा पाइने वनस्पति, प्रकार र तिनका विशेषताहरूको जानकारीका लागि तलको तालिकामा हेरौँ :

| प्राकृतिक वनस्पति | उचाइ | विशेषताहरू | मुख्य वनस्पति र वन्यजन्तुहरू |
|---|---|---|---|
| उपोष्णप्रदेशीय जङ्गल | १२०० मि.सम्म | १. तराई, भित्री मधेस र चुरे क्षेत्रमा पाइन्छ<br>२ घना जङ्गल हुन्छ ।<br>३. रुखहरू अग्ला कडा जातका हुन्छन् ।<br>४. घाँस र लहराको झाडी हुन्छन् । | साल, सिसौ, खयर, आँप, सिमल आदि पाइन्छन् ।<br>वन्यजन्तु : पाटे बाघ, भालु, गैँडा, मृग, हात्ती आदि पाइन्छन् । |
| समशीतोष्ण पतझर जङ्गल | १२०० मि. -२१०० मि. | १. चुरे पहाडको माथिल्लो भाग र महाभारत श्रेणीको तल्लो भागमा पाइन्छ ।<br>२. हिउँदमा बोटबिरुवाको पात झर्ने हुन्छन् ।<br>३. नरम जातका रुखहरू पाइन्छन् ।<br>४. बोटबिरुवामा प्रशस्त हाँगाबिङ्गा हुन्छन् । | चिलाउने, मौवा, वर, पिपल, कटुस, ओखर, बाँस, सिरिस, गुराँस र केही उचाइमा सल्लो, चाँप, देवदार, आदि पाइन्छन् ।<br>वन्यजन्तु : बाघ, चितुवा, बदेल, मृग, हरिण आदि पाइन्छन् । |

| | | | |
|---|---|---|---|
| समशीतोष्ण सदावहार कोणधारी जङ्गल | २१००-३३०० मि | १. कोणधारी वनस्पति पाइन्छ । <br>२. पातहरू सियो जस्ता चुच्चो भएका हुन्छन् । <br>३. सदावाहर वनस्पतिहरू पाइन्छ । <br>४. नरम काठका रुखहरू पाइन्छ । | वेत, बाँस, भोजपत्र, उत्तिस, धुपी, सल्लो, निगालो आदि <br>वन्यजन्तु : भालु, बँदेल, कस्तूरी, मृग, हरिण, नाउर, घोरल, च्याखुरा, आदि |
| लेकाली वनस्पति (घाँसे मैदान) | ३३००-५००० मि | १. उच्च पहाडी प्रदेशमा पाइने <br>२. बोटबिरुवा नउम्रने हुन्छन् । <br>३. प्रशस्त घाँस पाइन्छन् । <br>४. प्रशस्त हिमाली जडीबुटीहरू पाइन्छन् । | गुराँस, निगालो, बुकीफूल र जडीबुटीहरू <br>वन्यजन्तु : हाब्रे डाँफे, मुनाल, हिउँ चितुवा, चौँरीगाई आदि |
| हिमाली वा टुन्ड्रा वनस्पति | ५००० मि भन्दा माथि | १. तल्ला भागमा फूलहरू र वन औषधीहरू पाइन्छन् । <br>२. काई, झ्याउँ र लेउ पाइन्छन् । | काई, लेउ, बुकीफूल र जडीबुटीहरू <br>वन्यजन्तु : हिउँ चितुवा, हिमाली मृग आदि |

## अभ्यास

१. नेपालमा पाइने प्रमुख वनस्पतिहरूको नाम लेख्नुहोस् ।

२. तपाईंको समुदायमा पाइने वनस्पतिहरू कुन कुन हुन् ?

३. पहाडी प्रदेशमा पाइने बोट बिरुवाको पात झर्नुको कारण के हो ?

४. तपाईंको समुदायमा वन संरक्षण गर्न के के प्रयासहरू भएका छन् ?

५. भौगोलिक क्षेत्रअनुसार वनस्पतिको विविधता छ, पुष्टि गर्नुहोस् ।

## क्रियाकलाप

१. नेपालको नक्सामा नेपालमा पाइने वनस्पति देखाउनुहोस् ।

२. तपाईंको स्थानीय ठाउँमा पाइने वनस्पतिका विशेषताहरू खोजी गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. वन सम्पदाको महत्त्व समावेश गरी संवादको नमुना तयार पार्नुहोस् र जोडी जोडीमा रही साथीहरूसँग संवाद पनि गर्नुहोस् ।

## परियोजना कार्य

पुस्तक, इन्टरनेट तथा अन्य माध्यमबाट नेपालमा वनसम्पदाको महत्त्व, वर्तमान अवस्था, वन विनाशका कारणहरू, वन संरक्षण गर्दा हुने फाइदाहरू खोज्नुहोस् । प्राप्त विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ८

# प्राकृतिक सम्पदा र मानव सम्बन्ध

शिक्षक सरिताले नेपालको प्राकृतिक स्वरूप, हावापानी, नदीनाला, वनस्पतिसँग मानव जीवनको सम्बन्धका विषयमा समूह बनाई छलफल गर्न भन्नुभएको थियो । विभिन्न समूहमा छलफल गरी विद्यार्थीहरूले आफ्नो प्रस्तुतिलाई निम्नानुसार प्रस्तुत गरेका थिए ।

### नदीनाला समूह

नदीनाला र मानव जीवनबिचको सम्बन्ध

(क) नदीनाला, ताल र मानव जीवनबिच अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

(ख) नदी, ताल आदिबाट खानेपानी आपूर्ति गर्न सकिन्छ ।

(ग) मानिसहरूलाई खाना पकाउन, लुगा धुन, नुहाउन, खेतबारीमा सिँचाइ गर्न चाहिने पानी नदीनाला र तालबाट प्राप्त हुन्छ ।

(घ) त्यसैले नदीनाला, ताल आदि पानीका स्रोत भएका क्षेत्र वरिपरि घना मानव बसोबास रहेको पाइन्छ ।

(ङ) नदीनाला, ताल आदिमा माछा मार्ने व्यवसाय पनि सञ्चालन गर्न सकिन्छ ।

(च) कतिपय मानिसहरूले पर्यटकलाई घुमाएर अर्थोपार्जन पनि गर्दछन् ।

(छ) नेपालका थुप्रै ठुला सहरहरू नदी किनारमा अवस्थित भएको पाइन्छ ।

(ज) नदीनालाबाट उत्पादित बिजुलीले मानव जीवनलाई सहज बनाउँछ ।

(झ) नेपालका केही जातिहरूको जीवीकोपार्जन नै नदी तालबाट भएको पाइन्छ ।

(ञ) यसरी नदीनाला र मानव जीवनबिच अन्योन्याश्रित सम्बन्ध भएको कुरा पुष्टि हुन्छ ।

## हावापानी समूह

हावापानी र मानव जीवनबिचको सम्बन्ध

(क) हावापानीअनुसार मानिसहरूले आर्थिक क्रियाकलाप गर्ने गर्छन् । हिमाली प्रदेशमा पशुपालन, तराई प्रदेशमा कृषि, पहाडी प्रदेशमा फलफूल खेती र पशुपालन गरिन्छ ।

(ख) हावापानीअनुसार मानिसहरूले पोसाक लगाउने गर्छन् । जाडो ठाउँमा बस्ने मानिसहरू बाक्ला उनीका लुगा लगाउछन् । समशीतोष्ण हावापानीको क्षेत्रमा बस्ने मानिसहरूले ग्रीष्ममा पातला र हिउँदमा बाक्ला लुगा लगाउँछन् । गर्मी हावापानीको क्षेत्रमा बस्ने मानिसहरूले पातला लुगा लगाउने गर्छन् ।

(ग) हाम्रा सामाजिक गतिविधिहरू पनि हावापानीअनुसार फरक छन् । हिमाली भेगमा ठन्डा हावापानी पाइन्छ । घरवस्तीहरू एकै ठाउँमा गुजुमुज्ज हुन्छन् । घर साना, थेप्चो वा समतल छाना भएका र झ्यालढोका पनि थोरै भएका हुन्छन् । घर निर्माणमा स्थानीय सामग्रीको प्रयोग हुन्छ ।

## वनस्पति समूह

वनस्पति र मानव जीवनबिचको सम्बन्ध

(क) हाम्रो वरिपरि पाइने बोटबिरुवा, घाँसपात, जडीबुटीलाई वनस्पति भनिन्छ ।

(ख) प्राकृतिक वनस्पतिले मानिसका आवश्यकता पूरा गर्न सहयोग गर्छ ।

(ग) हामीलाई काठ, दाउरा उपलब्ध गराउँछ ।

(घ) यसले हामीलाई आवश्यक पर्ने पानीका स्रोतलाई संरक्षण गर्न सहयोग गर्छ ।

(ङ) गाउँघरमा मानिसहरू बिरामी हुँदा स्थानीय जडीबुटी प्रयोग गरेर उपचार गर्छन् ।

(च) पशुहरूलाई घाँस, स्याउला जङ्गलबाट नै प्राप्त हुन्छ ।

(छ) प्राकृतिक वनस्पतिले माटाको संरक्षण गर्छ ।

(ज) उद्योगको कच्चा पदार्थ उपलब्धता र जीविकोपार्जनमा वनस्पतिले सघाउ पुर्‍याउँछ ।

## अभ्यास

१. हावापानी र मानव जीवनबिचको सम्बन्ध चारओटा बुँदामा लेख्नुहोस् ।

२. तपाईंको स्थानीय निकाय वा प्रदेशमा अवस्थित मुख्य नदीहरू र तिनको उपयोगको अवस्था उल्लेख गर्नुहोस् ।

३. नेपालको तराई क्षेत्रमा पाइने हावापानी र मानवजीवनसँगको सम्बन्ध लेख्नुहोस् ।

४. प्राकृतिक वनस्पतिको महत्त्व चर्चा गर्नुहोस् ।

५. वनजङ्गल विनाशका कारण र समाधानका उपायहरू लेख्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा मनाइने चाडपर्वहरू हावापानीसँग सम्बन्धित हुन्छन् भन्ने कुरा आफ्नो समुदायमा खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पानी भएन भने हामी बाँच्न सक्दैनौँ तर अहिले कतिपय पहाडी क्षेत्रमा पानीका स्रोतहरू सुकेर मानिसहरू बसाइँ सर्न थालेका छन् । यस्तो अवस्थामा पानीका स्रोत जोगाउन के गर्नुपर्ला, जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

३. तपाईंको समुदायमा पाइने मुख्य प्राकृतिक स्रोतहरू के के हुन्, खोजी गरेर लेख्नुहोस् ।

## समूह कार्य

कक्षालाई पाठको जस्तै समूहमा विभाजन गरेर स्थानीय समुदाय र हावापानी, वनस्पति तथा नदीनालासँगको सम्बन्ध खोजी गर्नुहोस् । प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

# नेपालका प्राकृतिक स्रोतहरू

रामविनय सदा सामाजिक अध्ययन र मानव मूल्य शिक्षा विषयका शिक्षक हुनुहुन्छ । उहाँले कक्षा ६ मा हाम्रो देशका प्राकृतिक स्रोत र तिनले हाम्रो जनजीवनमा पारेको प्रभाव सम्बन्धमा छलफलका लागि विषयवस्तु र सामग्री ल्याउनुभएको छ । यसलाई यसरी प्रस्तुत गरिएको छ :

शिक्षक रामविनय : आज पाठ सुरु गर्नुअघि म केही चित्रहरू देखाउँछु । तपाईंहरू राम्रोसँग हेर्नुहोस् है त !






यहाँ प्रस्तुत गरिएका चित्रहरू प्राकृतिक स्रोत साधनका चित्र हुन् । यिनीहरू प्राकृतिक सम्पत्ति पनि हुन् ।  हाम्रो देश मूलत: तराई, पहाड र हिमाली क्षेत्रमा विभाजित छ । हामीले चित्रमा देखेका प्राकृतिक साधनहरू सबै ठाउँमा एकै प्रकारले पाइँदैन । उदाहरणका तराईमा पाइने माटो र पहाडमा पाइने माटाको प्रकृति फरक हुन्छ । त्यसैले ती ठाउँमा उत्पादन हुने अन्नबाली, फलफूल पनि अन्य ठाउँमा भन्दा फरक फरक हुन्छन् ।

अब हामी हाम्रो विभिन्न भौगोलिक क्षेत्रका बालीनाली र  फलफूलका केही उदाहरण हेरौँ :

| भौगोलिक क्षेत्र | मुख्य उत्पादन |
|---|---|
| तराई, बेँसी | धान, सनपाट, उखु, सुर्ती आदि |
| महाभारत | फलफूल, चिया, आलु, मकै आदि |
| उपत्यका | धान, गहुँ, सागपात आदि |
| हिमाल | जौ, आलु, फापर आदि |

माथि देखाइएका भौगोलिक क्षेत्रमा पाइने माटोको प्रकृति भिन्न भिन्न हुने भएकाले खेती गरिने बालीनाली, फलफूल पनि फरक फरक हुन्छन् ।

कला आचार्य : सर, हाम्रो तराई, पहाड, हिमाली क्षेत्रमा हावापानी पनि फरक फरक हुन्छ, हो ?

रामविनय सदा : अब म (तालिका देखाउँदै), हाम्रो देशमा तराई, पहाड र हिमाली क्षेत्रको हावापानीको विशेषता बताउँछु ल !

| हावापानी | भौगोलिक क्षेत्र | हावापानीको विशेषता |
|---|---|---|
| मनसुनी तथा न्यानो | तराई, भावर, चुरे, महाभारत | वर्षा ऋतुमा बढी वर्षा हुने, गर्मी, जाडामा ठन्डा, अन्नबाली उत्पादनका लागि अनुकूल |
| ठन्डा हावापानी | उच्च महाभारत तथा पहाडी क्षेत्र | ग्रीष्म ऋतुमा न्यानो, हिउँदमा निकै जाडो, कम वर्षा, खेतीपाती कम, तर स्वास्थ्यको दृष्टिले उपयुक्त हावापानी |
| लेकाली हावापानी | हिमाली क्षेत्र | हिउँदमा अधिक चिसो, अत्यन्तै कम वर्षा, पशुपालन, पर्यटकीय गतिविधिका लागि अनुकूल |

सुरज सुनार : भौगोलिक विविधता फरक फरक भएर हाम्रो रहनसहन, वेशभूषा पनि फरक भएको हो सर ?

रामविनय सदा : तपाईंले ठिक भन्नुभयो, हाम्रो भौगोलिक अवस्थाअनुसारको रहनसहन, वेशभूषा, पेसा/व्यवसायमा पनि विविधता छ । तपाईंहरूले यी चित्र हेर्नुभयो भने अभ्र प्रस्ट हुनुहुने छ :






हामीले भौगोलिक अवस्था, हावापानी तिनले हाम्रो जनजीवनमा पारेको प्रभाव विषयमा चर्चा गऱ्यौं । जलस्रोत, खनिज पनि उत्तिकै महत्त्वपूर्ण प्राकृतिक स्रोतसाधन हुन् । हाम्रा अधिकांश नदीनालाहरू हिमाल तथा महाभारत क्षेत्रमा उत्पत्ति भई तराईतर्फ बगेका हुन् । हाम्रो भौगोलिक विकटताका कारण हिमाली तथा महाभारतबाट उत्पत्ति भएका नदीनालाहरू त्यहाँ दैनिक जीवनमा सोचेअनुरूप उपयोग गर्न सकिएको छैन ।

शर्मिला मगर : सर, यी पानीका स्रोतहरूमा सधैँभरि नै पानी हुन्छ ?

शिक्षक : तपाईंले राम्रो प्रश्न गर्नुभयो । हाम्रो देशमा खासगरी ग्रीष्म ऋतुमा बढी पानी पर्ने र हिउँदमा न्यून वर्षा हुने भएकाले पनि हिउँदमा नदीनालाका मुहानहरू सुक्ने गर्छन् । त्यसैले

कतिपय पहाडी क्षेत्रमा टाढा टाढाबाट पानी ओसार्नुपर्छ । तराईका कतिपय क्षेत्रमा शुद्ध पानीको केही अभाव देखिन्छ । हाम्रो देशमा फलाम, सिसा, खरी, कोइला, म्याग्नेसाइट आदि पाइन्छन् । यी खनिजहरू खास गरी पहाडी क्षेत्रहरूमा बढी मात्रामा पाइन्छ । आज हामीले हाम्रो देशको प्राकृतिक स्रोतसाधन, हावापानीले मानव जीवनमा पारेको प्रभाव सम्बन्धमा छलफल गर्‍यौं । अब तपाईंहरूले आफ्नो छरछिमेक र समुदायमा परेको प्रभावको खोजी गर्न सक्नुहुने छ ।

## अभ्यास

१. प्राकृतिक स्रोत साधनको परिचय एक वाक्यमा उल्लेख गर्नुहोस् ।

२. तपाईं बसोबास गर्ने ठाउँमा पाइने कुनै दुई प्राकृतिक स्रोत साधनको नाम लेख्नुहोस् ।

३. तपाईंको समुदायमा बसोबास गर्ने कुनै दुई जातजातिको नाम उल्लेख गर्नुहोस् ।

४. तपाईं बसोबास गर्ने स्थानका मानिसहरूको मुख्य दुई पेसाको नाम लेख्नुहोस् ।

### क्रियाकलाप

१. तपाईं बस्ने स्थानको हावापानीले त्यहाँका मानिसको जनजीवनमा कस्तो प्रभाव पारेको छ ? कक्षामा छलफल गरी निष्कर्ष पत्ता लगाउनुहोस् ।

२. तलको तालिका पूरा गर्नुहोस् :

| तपाईं बस्ने स्थानको भौगोलिक पहिचान | हावापानीका विशेषता | मुख्य पेसा/व्यवसाय |
|---|---|---|
| १.<br>२. | १.<br>२. | १.<br>२. |

३. तपाईंको समुदायमा उत्पादन हुने तीन प्रकारका बाली वा फलफूलको नाम लेखी ती बाली कस्तो समय र माटामा लगाउन सकिन्छ ? खोजी गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

४. भौगोलिक अवस्थाअनुसार मानिसको वेशभूषा फरक हुन्छ, कसरी ? आफ्नो समुदायका मानिसले लगाउने वेशभूषा र तपाईंले थाहा पाएको कुनै अर्को भौगोलिक क्षेत्रका मानिसको वेशभूषा तुलना गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### समूहगत कार्य

कक्षाका विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजित हुनुहोस् । आफ्नो समुदायका मानिसहरूसित सोधखोज गरी उनीहरूले प्रयोग गर्ने पानीका स्रोतहरू टिपोट गर्नुहोस् । ती स्रोतहरूको हिउँद वर्षामा कस्तो अवस्था छ, पहिचान गर्नुहोस् र कक्षामा टिपोट गरेको विवरण सुनाउनुहोस् ।

# पाठ १०

# नक्सा अध्ययन

यहाँ कुरुले तेनुपा मा.वि. धनकुटामा कक्षा छ मा पढ्ने मान्यता शर्माले आफ्नो गाउँको विवरण यसरी उल्लेख गरेकी छन् :




माथि दिइएको नक्सा कुरुले तेनुपा भन्ने ठाउँको नक्सा हो । यो ठाउँ चौबिसे गाउँपालिकाको वडा न. ३ र ४ मा पर्छ । मेरो घर वडा न. ४ मा छ भने विद्यालय वडा न. ३ मा पर्दछ ।

साथीहरू नक्सा भनेको कुनै पनि ठाउँलाई निश्चित नापद्वारा समतल सतह वा कागजमा उतार्ने कार्य हो । हामीले नक्साको तलपट्टि स्केल लेखेको देखेका छौँ । त्यो कागज र जमिनको दुरीको अनुपात हो । यसलाई १ से.मि.= ५० कि.मि. भनेर देखाइयो भने जमिनको ५० कि.मि. नक्सामा १ से.मि. ले जनाइन्छ । नक्सामा सङ्केत, रङ आदिको प्रयोग गरिन्छ । यहाँ म केही सङ्केतहरू प्रस्तुत गर्छु :

| सङ्केतको नाम | सङ्केत |
|---|---|
| टाकुरा |  |
| नदी |  |
| पहाडी शृङ्खला |  |
| ताल |  |
| भन्ज्याङ |  |
| मन्दिर |  |
| गोरेटो बाटो |  |
| सडक |  |
| पुल |  |

अब म मेरो गाउँका बारेमा तपाईंहरूलाई बताउँछु । म बस्ने गाउँलाई गैरीगाउँ भनिन्छ । मेरो गाउँमा गढीगाउँ भन्ने ठाउँमा शिवमन्दिर छ । गैरीगाउँमा सरस्वतीको मन्दिर छ । यहाँ रामनवमीमा मेला लाग्छ । हाम्रो गाउँको उत्तरपट्टि तमोर नदी छ । यहाँका अन्य मुख्य खोलाहरू नयाँ खोला, छरुवा खोला हुन् । हाम्रो वडामा चारओटा आधारभूत विद्यालयहरू छन् । एउटा स्वास्थ्य केन्द्र छ । हाम्रो घरभन्दा माथि बाक्लो जङ्गल छ । यस जङ्गललाई वनपालो भनिन्छ । यसै गरी हाम्रो गाउँलाई छिमेकी गाउँसँग जोड्ने झोलुङ्गे पुल छ । यो पुल धनकुटा जिल्ला र पाँचथर जिल्लाको सिमानामा छ । हाम्रो गाउँ भएर सडक पनि जान्छ ।

हाम्रो गाउँको तल्लो भागमा प्रशस्त उब्जाउ हुने समतल भाग भएका खेतहरू छन् । त्यसलाई हामी बेँसी भन्छौँ । ठुलागाउँ, बाजथला, सुरुङ्गी, गढी आदि हाम्रा छिमेकी गाउँहरू हुन् ।

साथीहरू मैले त आफ्नो गाउँका विषयमा बताएँ । तपाईंहरूले पनि आफ्नो ठाउँका सांस्कृतिक महत्त्वका स्थानहरू, विद्यालय आदि खोजी गर्नुहोस् । आफ्नो ठाउँमा भएका अन्य महत्त्वपूर्ण स्थान आदि खोजी गरेर नक्सामा भर्न सिक्नुपर्छ ।

## अभ्यास

१. नक्सा भनेको के हो ?

२. स्केल भनेको के हो ?

३. नक्सामा निम्नलिखित तथ्यहरू कस्तो सङ्केतद्वारा देखाइन्छ, सङ्केतमा देखाउनुहोस् ।
मन्दिर, नदी, विद्यालय, पर्वत चुचुरो, सडक, ताल

४. तपाईंको घरबाट विद्यालय जाने बाटाको नक्सा बनाउनुहोस् ।

५. तपाईं बस्ने वडाको नक्सा खोजी गरी धार्मिक, सांस्कृतिक तथा भौगोलिक तथ्यहरू भर्नुहोस् ।

## क्रियाकलाप

१. इन्टरनेटका माध्यमबाट तपाईं बस्ने स्थानीय तहको नक्सा खोजी गरी उक्त नक्सामा उल्लेख गरिएका तथ्यहरू साथीहरूसँग छलफल गर्नुहोस् ।

२. भौगोलिक नक्सा र राजनीतिक नक्साको भिन्नता शिक्षकसँग सोधेर प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ११

# विपद् व्यवस्थापन





माथिको चित्रले वि.सं. २०७२ सालको भूकम्पका कारणले सिर्जना भएको अवस्थालाई दर्साउँछ । त्यसो भए अब हामी विपद्का बारेमा छलफल गरौँ :

विपद् भनेको कुनै पनि स्थानमा प्राकृतिक प्रकोप र महामारीका कारण आपत्कालीन अवस्था सिर्जना भई जनधनको क्षति हुनु हो । विपद्ले धनजनको क्षति मात्र हुँदैन, जीवनयापन र वातावरणमा पनि प्रतिकूल असर पार्दछ । हाम्रो देशमा २०७२ सालमा भूकम्प आयो । त्यो प्राकृतिक विपत्ति हो । भूकम्प, असिना, बाढीपहिरो, आँधी, हुरीबतास, डढेलो आदि सबै प्राकृतिक विपद् हुन् । गैरप्राकृतिक विपद् मानवीय गतिविधिले गर्दा हुने विपद् हो । अर्थात् कतिपय विपद्हरू हाम्रो असावधानीले सिर्जित हुन्छन् । यिनलाई गैरप्राकृतिक विपद् भनिन्छ । त्यसैले समग्रमा विपद् भनेको आपत्कालीन अवस्था सिर्जना भई धनजनको क्षति हुनु हो । यहाँ हामी आगलागी, डढेलो र बाढीपहिरो जस्ता विपद्को चर्चा गर्छौं ।

## आगलागी

आगलागीले पनि विपद् निम्त्याउँछ । यो मानवीय असवाधानीले गर्दा सिर्जना हुन्छ । यस्ता विपद्ले घर, धनजनको क्षति हुन्छ । नेपालको सन्दर्भमा भूकम्प, बाढीपहिरोपछि तेस्रो ठुलो

विपद्को रूपमा आगलागीलाई लिइन्छ । त्यसैले एकातिर हामीले विपद्मा परेका व्यक्ति वा मानिसलाई जोगाउनुपर्छ भने अर्कोतिर आगलागीबाट बच्ने उपाय अपनाउनुपर्छ ।



### आगलागीबाट बच्ने उपायहरू :

(क) केटाकेटीले भेट्ने ठाउँमा सलाई लाइटर राख्नु हुँदैन ।

(ख) भान्सामा ग्याँस वा आगो बालेर लामो समय बाहिर जानु हुँदैन ।

(ग) काम सकिएपछि ग्याँस सिलिन्डर बन्द गर्नुपर्छ ।

(घ) समय समयमा विद्युतीय सामग्रीको अवस्था जाँच गरिरहनुपर्छ ।

विपद्मा परेका व्यक्ति वा मानिसहरूको व्यवस्थापन कार्य महत्त्वपूर्ण हुन्छ । विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम न्यूनीकरण, खोज उद्धार, राहत, सुरक्षित स्थानमा सार्नेलगायत पुनर्स्थापना, पुनर्निर्माण कार्यलाई बुझाउँछ । आगलागीका कारण विपद्मा परेका व्यक्तिहरूलाई निम्नानुसारका उपायहरू अवलम्बन गरी व्यवस्थापन गर्न सकिन्छ ।

(क) विपद् भएको क्षेत्रमा खोज तथा उद्धार गर्ने

(ख) आगलागी अरू घर वा समुदायमा नफैलियोस् भनेर सतर्कता अपनाउने

(ग) आगलागीमा परेका मानिसहरूलाई सुरक्षित ठाउँमा लैजाने

(घ) आगलागीबाट पीडितहरूलाई समुदाय, स्थानीय सरकार आदि मिलेर राहत प्रदान गर्ने

(ङ) आगलागीबाट भएको क्षतिलाई मूल्याङ्कन गर्ने

(च) आगलागी पीडित व्यक्तिलाई पुनर्स्थापित गर्ने

## डढेलो



डढेलो भन्नाले वनजङ्गल क्षेत्रमा सुक्खा याममा लाग्ने आगलागीलाई जनाउँछ । मानिसहरूको असावधानीले यस्तो विपद् आउँछ । तर कहिलेकाहीँ जानाजान आगो लगाउने गरेको पनि पाइन्छ । त्यसैले गर्दा अधिकांश डढेलो लाग्ने काम मानिसहरूका कारणले हुन्छ । नेपालमा डढेलो डरलाग्दो विपद् मानिन्छ । हाम्रो देशको वनक्षेत्रमा लाग्ने डढेलाले बिरुवा र जनावर मात्र हैन मानवीय क्षति पनि पुऱ्याउने गरेको पाइन्छ । यसले गर्दा जङ्गल नजिकका बस्तीहरू र जङ्गली जनावर पनि जोखिममा पर्दछन् । त्यसैले डढेलो नियन्त्रणमा हामी सबैले ध्यान दिनु आवश्यक छ । डढेलो लाग्ने समयमा वन क्षेत्रमा बढी निगरानी बढाउने, चुरोट, बिँडी खाएर त्यतिकै फ्याँक्ने जस्ता कार्यलाई नियन्त्रण गर्ने, अग्नी रेखाहरू निर्माण गर्ने गर्नाले डढेलाबाट हुने विपद् नियन्त्रण गर्न सकिन्छ ।

## बाढीपहिरो

बाढी भनेको नदी खोला आदिको जल सतह वा पानीमा हुने वृद्धिले गर्दा नदी वरिपरिको भागमा कटान हुनु हो । यसरी कटान हुँदा नदीले रुखबिरुवा आदि बगाउँछ । घरखेत तथा अन्य संरचना बगाउँछ । धनजनको क्षति हुन्छ । वर्षा अत्यधिक हुँदा पहाडको भिरालो भाग धसिने, डाँडाहरू बग्ने आदि गतिविधिलाई पहिरो भनिन्छ । बाढीपहिरोले गर्दा धनजनको क्षति हुन्छ । पूर्वाधारहरू भत्किन्छन् । त्यसैले यो जटिल प्राकृतिक विपत्ति हो । यसको रोकथाम गर्न वृक्षरोपण गर्ने, निर्माण कार्य वैज्ञानिक ढङ्गले गर्ने, नदी किनारबाट नजिकै संरचनाहरू नबनाउने, तटबन्ध निर्माण गर्ने जस्ता पूर्वसावधानी अपनाउन सकिन्छ ।

## प्राकृतिक विपद्बाट बच्न विद्यालयको भूमिका

(क) प्राकृतिक विपद् सम्बन्धमा विद्यार्थीहरूबिच जानकारीमूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

(ख) विद्यालयले विपद्को जोखिम कम गर्ने उपायहरूका सम्बन्धमा अभिभावक, विद्यार्थीको भेला छलफलद्वारा सचेत गराउनुपर्दछ ।

(ग) विद्यालयले वृक्षरोपण र वनजङ्गल संरक्षणका सम्बन्धमा भेला छलफलका माध्यमबाट सचेतना वृद्धि गर्नुपर्दछ ।

(घ) विपद जोखिम न्यूनीकरणका उपायहरूका सम्बन्धमा छलफल, बहस र न्यालीको आयोजना गर्नुपर्दछ ।

(ङ) विपद्का कारण र त्यसका असरका बारेमा छलफल गरी समुदायलाई सचेत गराउनुपर्दछ ।

(च) विपद्मा परेका मानिसलाई विद्यालयमा बस्ने व्यवस्था मिलाउनुपर्छ ।

(छ) विद्यालय आसपासका क्षेत्रहरूमा विपद् जोखिमका क्षेत्रहरू पहिचान गर्ने, त्यस्ता क्षेत्रमा आउजाउ नियन्त्रण गर्नुपर्दछ ।

## विपद् व्यवस्थापनमा समुदायको भूमिका

(क) विपद् आउने सक्ने कारण र असरका बारेमा समुदायमा छलफल गर्नुपर्दछ ।

(ख) स्थानीय वनजङ्गल संरक्षण गर्नुपर्दछ ।

(ग) वनजङ्गल फँडानीको नियन्त्रण गर्नुपर्दछ ।

(घ) नदी किनारमा तटबन्ध निर्माण गर्नुपर्दछ ।

(ङ) पहिरो जाने ठाउँमा वृक्षरोपण गर्नुपर्दछ ।

(च) विपद्का सम्भावित क्षेत्रहरू पहिचान गरी छलफल गर्नुपर्दछ ।

(छ) विपद्मा परेकालाई उद्धार र सहयोग गर्नुपर्दछ ।

(ज) बस्ती विकासमा स्थानीय तहसँग मिलेर काम गर्नुपर्दछ ।

## अभ्यास

१. विपद् भनेको के हो ?

२. विपद् आउनाका कारण के के हुन् ?

३. डढेलो भनेको के हो ?

४. बाढी भन्नाले के बुझिन्छ ?

५. आगलागीबाट बच्ने उपायहरू के के हुन् ?

६. विपद्मा परेका व्यक्तिलाई तपाईं कसरी सहयोग गर्नुहुन्छ ?

७. विपद्को व्यवस्थापनमा विद्यालय र समुदायले कस्तो भूमिका खेल्नुपर्छ, चर्चा गर्नुहोस् ।

## क्रियाकलाप

१. प्राकृतिक र गैरप्राकृतिक विपद्को छुट्टाछुट्टै सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. विपद् व्यवस्थापनमा क्षति न्यूनीकरणका उपाय, विपद्को समयमा गरिने कार्य र विपद्पछि गरिने कार्यबारे शिक्षकको सहायताले छलफल गर्नुहोस् । यसका लागि हिमाली र पहाडी क्षेत्रमा पहिरो तथा तराई क्षेत्रमा बाढीलाई विपद्का रूपमा लिन सकिन्छ । प्राप्त निष्कर्ष समूहको नेताले कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. प्रत्येक वर्ष आगलागी, डढेलो र अन्य विपद्बाट थुप्रै जनधनको क्षति हुने गरेको समाचार सुनिन्छ । यस्ता विषयसँग सम्बन्धित समाचार सङ्कलन गरेर कक्षाकोठाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायमा के कस्ता विपद्हरू आउने गरेका छन् ? ती विपद्को व्यवस्थापनमा स्थानीय निकाय (वडा, गाउँ, नगर, उपमहानगर, महानगर) ले गरेका गतिविधि खोजी गर्नुहोस् र प्राप्त विवरणलाई अनुच्छेदका रूपमा लेखी कक्षामा सुनाउनुहोस् ।

एकाइ आठ

# जनसङ्ख्या र यसको व्यवस्थापन




यस एकाइको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- जनसाङ्ख्यिकीको परिचय दिन र जनसङ्ख्याका तत्त्वहरू बोध गरी तथ्याङ्कको स्रोत वर्णन गर्न
- राष्ट्रिय जनगणनाको परिचय र महत्त्व उल्लेख गर्दै जनगणना प्रक्रिया प्रस्तुत गर्न
- नेपालको जनसाङ्ख्यिक अवस्थालाई तालिका, चार्ट वा रेखाचित्रमा प्रस्तुत गर्न
- जनसङ्ख्या व्यवस्थापनको परिचय र महत्त्व बोध गर्न
- जनसङ्ख्या व्यवस्थापनका उपायहरू उल्लेख गर्न

# जनसङ्ख्या र जनसाङ्ख्यिकी

## परिचय

'जनसङ्ख्या', 'जन' र 'सङ्ख्या' दुई शब्द मिलेर बनेको शब्द हो । जसको अर्थ मानिसहरूको सङ्ख्या भन्ने हुन्छ । कुनै निश्चित ठाउँ, सहर, जिल्ला, प्रदेश वा देशमा बसोबास गर्ने सबै वर्ग, उमेर, धर्म आदि मानिसहरूको सङ्ख्या नै जनसङ्ख्या हो ।

जनसङ्ख्या सबै ठाउँमा एकैनासको हुँदैन । मानिसको बसोबासमा भौगोलिक अवस्था, हावापानी वा अन्य सुविधाले प्रभाव पारेको हुन्छ । जुन ठाउँमा सुविधाहरू बढी हुन्छन् त्यहाँ धेरै मानिसको बसोबास हुन्छ । त्यसैले हाम्रो देशको हिमाली वा पहाडी क्षेत्रमा भन्दा तराईमा जनसङ्ख्या बढी छ । गाउँमा भन्दा सहरमा बढी जनसङ्ख्या चाप छ ।

महत्त्व : जनसङ्ख्याले उत्पादनमा टेवा दिन्छ । यसले घरायसी र समाजमा हुने कार्यलाई सहज ढङ्गले सम्पन्न गर्न मदत गर्छ । यसको महत्त्वलाई तलको चार्टबाट थप स्पष्ट पार्न सकिन्छ ।




जनसङ्ख्या समाजको महत्त्वपूर्ण पक्ष हो । जनसङ्ख्याले पारिवारिक, सामाजिक एवम् आर्थिक गतिविधिमा महत्त्वपूर्ण भूमिका खेल्छ । परिवारमा उपयुक्त सङ्ख्या हुँदा घरायसी काम बाँडफाँड गरेर गर्न सहज हुन्छ । सक्षम र दक्ष जनशक्ति प्रशस्त भएमा स्थानीय स्रोतसाधनको खोजी र परिचालन गर्न सकिन्छ ।

देशको अवस्थाअनुसारको जनसङ्ख्या भएमा स्रोत परिचालनमा सहयोग पुग्छ र विकासले गति लिन्छ । आर्थिक एवम् उत्पादनमूलक कार्यहरू गर्न सकिन्छ ।

## जनसाङ्ख्यिकी

जनसङ्ख्या बृहत् विषय समेटिएको मानव जीवनको पक्ष हो । जनसङ्ख्या गतिशील हुन्छ जनसङ्ख्या वितरणको गणितीय अध्ययन जनसाङ्ख्यिकी हो । जनसाङ्ख्यिकीले जनसङ्ख्याको आकार, वितरण र परिवर्तनलाई अध्ययन गर्छ ।

जनसाङ्ख्यिकीमा जन्म, मृत्यु र बसाइँसराइले प्रभाव पारेका हुन्छन् । यी तत्त्वहरूले जनसङ्ख्याको आकार, बनोट, वितरणमा समेत प्रभाव पारेका हुन्छन् ।

### जनसाङ्ख्यिकीका तत्त्वहरू

- जन्मदर
- मृत्युदर
- बसाइँसराइ

## जन्म दर (Birth Rate)

जन्म जनसङ्ख्याको महत्त्वपूर्ण पक्ष हो । जन्म प्राकृतिक प्रक्रिया हो । यो निरन्तर चलिरहन्छ । एउटा शिशु आमाको कोखबाट छुट्टिँदा उसले श्वास फेर्ने, शरीरका अङ्ग चलाउने, रुने, कराउने आदि क्रियाकलाप गऱ्यो भने त्यसलाई जन्म भनिन्छ । जन्मले कुनै पनि गाउँ, सहर वा देशको जनसङ्ख्या बढाउँछ ।

## मृत्युदर (Death Rate)

मानिस जन्मेपछि मर्छ । मानिसका जीवित क्रियाकलापको अन्त्य हुनु मृत्यु हो । रोग लागेर, दुर्घटनामा परेर, महामारीको कारण, बुढो भएर, युद्धमा परेर मानिसको मृत्यु हुन्छ । मृत्युले जनसङ्ख्या घटाउँछ ।

## बसाइँसराइ दर (Migration Rate)



मानिसहरू आफू जन्मेको, बसोबास गर्दै आएको स्थानबाट अर्को स्थानमा बसोबासका लागि जाने गर्छन् । कतिपय मानिसहरू स्थायी रूपले त कतिपय अस्थायी रूपले स्थान परिवर्तन गर्छन् । यसरी सुविधा, अवसर, रोजगारी

आदिको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नुलाई बसाइँसराइ भनिछ । हाम्रो देशमा बसाइँसराइले जनसङ्ख्या वितरणमा ठुलो प्रभाव पारेको छ ।

## अभ्यास

१. जनसङ्ख्याको परिचय दिनुहोस् ।

२. 'जनसाङ्ख्यिकी' को अर्थ प्रस्ट पार्नुहोस् ।

३. बसाइँसराइले जनसङ्ख्यामा कसरी परिवर्तन ल्याउँछ ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप

१. भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या फरक हुन्छ, किन ?

२. बसाइँसराइका कारणहरू छोटकरीमा वर्णन गर्नुहोस् ।

३. तपाईंको समुदायमा विगत छ महिनाको अवधिमा भएका जन्म, मृत्यु र बराइँसराइका घटनाको तथ्याङ्क सङ्कलन गरी त्यसलाई वृत्त चित्र (Pie Chart) मा देखाउनुहोस् ।

पाठ
२

# जनगणना ऐतिहासिकता, परिचय र महत्त्व

जनगणना अङ्ग्रेजी शब्द census बाट आएको हो । census शब्द ल्याटिन भाषाको censere बाट उत्पत्ति भएको हो । censere को अर्थ मूल्य वा कर हुन्छ । त्यसैले प्राचीन कालमा कर तिर्न सक्ने, सैनिक सेवामा भर्त्ती हुन सक्ने मानिसहरूको सूची बनाउन जनगणना गरिन्थ्यो । विश्वमा जनगणनाको थालनी इसापूर्व करिब ४००० वर्ष अघि इजिप्टबाट भएको पाइन्छ । वैज्ञानिक जनगणनाको सुरुआत भने सत्रौं र अठारौं शताब्दीमा भएको पाइन्छ । सर्वप्रथम १६६५ मा क्यानडामा वैज्ञानिक तरिकाले पहिलो पटक जनगणना लिएको थियो ।

नेपालमा जनगणना प्राचीनकालदेखि नै गरिने गरेको पाइन्छ । गुठी सञ्चालनका लागि आवश्यक पर्ने रकम जोहो गर्न घरधुरीको सङ्ख्या गणना गरिन्थ्यो । पृथ्वीनारायण शाह र भिमसेन थापाको पालामा सैन्य भर्तीका लागि गणना गर्ने गरिन्थ्यो ।

नेपालमा जनगणनाको लिखित इतिहासलाई हेर्दा वि.सं. १९६८ सालबाट सुरु भएको पाइन्छ । राणा प्रधानमन्त्री जङ्गबहादुरले वि.सं. १९१०, १९११ र १९१३ मा तीन वर्ष लगाएर जनगणना गरेको इतिहास भेटिन्छ । त्यति बेलाको जनगणनामा घरको प्रकार, परिवार सङ्ख्या, श्रीमान्, श्रीमतीको विवरण, घरमुलीको नामलगायतका विवरणहरू सङ्कलन गरिएको थियो ।

नियमित र प्रणालीगत रूपमा जनगणना लिने कार्य चन्द्रसमसेरको पालामा वि.सं १९६८ सालबाट सुरु भयो । वैज्ञानिक किसिमले जनगणना लिने कार्य चाहिँ वि.सं १९८८/१९९९ बाट सुरु भयो । हाम्रो देशमा असार ८ गतेलाई जनगणना दिवसको रूपमा इतिहास मनाउने गरिन्छ ।

जनगणनाको अर्थ र विधि

जनगणना कुनै निश्चित समयमा कुनै खास स्थानमा बसोबास गर्ने सबै व्यक्तिहरूको जनसाङ्ख्यिक, आर्थिक, सामाजिक विवरण सङ्कलन गरी यथार्थ तथ्याङ्क प्रकाशन गर्ने प्रक्रियालाई बुझाउँछ । जनगणना कार्य सञ्चालनका लागि अपनाइने प्रक्रिया नै जनगणना प्रक्रिया हो । जनगणना प्रक्रियालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) जनगणनाको तयारी र प्रश्नावली निर्माण

(ख) पूर्व परीक्षण (जनगणना प्रक्रियामा प्रश्नहरूको परिक्षण गर्ने)

(ग) तालिम (जनगणनामा संलग्न व्यक्तिहरूलाई दिने)

(घ) गणना

(ङ) प्रश्नावलीहरूको सङ्कलन

(च) सम्पादन र साङ्केतीकरण

(छ) तालिकामा प्रस्तुतीकरण र प्रकाशन

जनगणना कसरी गरिन्छ भन्ने कुरालाई विधि भनिन्छ । जनगणनामा मुख्य तीनओटा विधिहरू प्रयोग गरिन्छ :

(क) वास्तविक उपस्थिति विधि (De-facto method)

यस विधिमा व्यक्ति जहाँ छ त्यहींबाट उसको गणना गरिन्छ ।

(ख) वैधानिक उपस्थिति विधि (De-jure method)

व्यक्ति बसेको क्षेत्रबाट उसको गणना गरिन्छ भने त्यसलाई वैधानिक उपस्थिति विधि भनिन्छ ।

(ग) परिमार्जित स्थायी बसोबास विधि (Moder Re-Jure method)

बसोबासको आधारमा लिइने जनगणनालाई परिमार्जित स्थायी बसोबास विधि भनिन्छ । यो विधिअन्तर्गत वास्तविक उपस्थिति र वैधानिक उपस्थिति हुने विधिहरू प्रयोग गरेर जनगणना गरिन्छ ।

## जनगणनाको महत्त्व

नेपालमा जनगणनालाई जनसङ्ख्याको भर पर्दो स्रोतको रूपमा लिनुपर्दछ । जनगणनाको महत्त्वलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

(क) वडा तहसम्मको जनसङ्ख्या तथा परिवार सङ्ख्या निकाल्न सघाउ पुग्छ ।

(ख) उमेर, लिङ्ग, जातजाति, भाषा, धर्म, अपाङ्गता जस्ता विषयको सूचना प्राप्त गर्न सकिन्छ ।

(ग) जनसङ्ख्याको आर्थिक पक्षका बारेमा थाहा पाइन्छ ।

(घ) साक्षरता तथा शैक्षिक अवस्थाको जानकारी पाइन्छ ।

(ङ) बसाइँसराइ, प्रजनन दर, मृत्यु दर

## अभ्यास

१. जनगणना भनेको के हो ?

२. नेपालमा जनगणनाको सुरुआत कहिलेदेखि भएको हो ?

३. जनगणना प्रक्रियालाई व्याख्या गर्नुहोस् ।

४. वास्तविक उपस्थिति विधि र वैधानिक उपस्थित विधिमा के फरक छ ।

५. जनगणनाको महत्त्व किन छ ? चर्चा गर्नुहोस् ।

क्रियाकलाप

१. जनगणना प्रक्रियालाई चार्टमा देखाउनुहोस् ।

२. जनगणनाको महत्त्व सम्बन्धमा दुई साथीबिचको संवादको नमुना तयार पार्नुहोस् ।

पाठ ३

# जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू

जनसाङ्ख्यिकी जनसङ्ख्याको गणितीय अध्ययन हो । जनसाङ्ख्यिकी तत्त्वहरूको अध्ययन र विश्लेषण गर्न तथ्याङ्क सङ्कलन गरिन्छ । तथ्याङ्क सङ्कलनका लागि जनगणना, नमुना सर्वेक्षण, व्यक्तिगत घटना दर्ता, जनसङ्ख्या रजिस्ट्रेसन वा अन्य माध्यम अपनाइन्छ । तीमध्ये केही जनसङ्ख्या तथ्याङ्कका स्रोतलाई तल उल्लेख गरिएको छ :

## जनगणना

जनसङ्ख्याको तथ्याङ्क सङ्कलनको महत्त्वपूर्ण स्रोत जनगणना हो । जनगणना गर्दा घरपरिवारको सदस्य सङ्ख्या, व्यक्तिको उमेर, धर्म, भाषा, शैक्षिक अवस्था, जन्म, मृत्यु, विवाह आदि व्यक्तिगत विवरण सङ्कलन गरिन्छ । जनगणना गर्ने काम प्रत्येक दश वर्षमा हुन्छ । नेपालमा जनगणना वि.सं. १९६८ सालबाट सुरु भएको हो । नेपालमा जनगणना सुरु भएको १०० वर्ष अवसर पारेर असार ८ लाई जनगणना दिवस (Census Day) का रूपमा मनाउन थालिएको छ ।

वि.सं.२०६८ मा एघारौँ जनगणना भएको थियो । उक्त जनगणनाअनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेको थियो । नेपालमा जनगणना बसोबासका आधारमा गरिन्छ । जनसङ्ख्याको आकार, बनोट, परिवर्तन र वितरणसम्बन्धी तथ्याङ्क सङ्कलन गर्नु जनगणनाको उद्देश्य हो । वि.सं. २०७८ साल बाह्रौँ जनगणना वर्ष हो ।

## पञ्जीकरण

जनसङ्ख्या तथ्याङ्क सङ्कलनमा पञ्जीकरण महत्त्वपूर्ण स्रोत हो । एक जनगणनाबाट अर्को जनगणनाबिचको अवधिभर मानिसको जन्म, मृत्यु, विवाह, बसाइँसराइ आदि विवरण अद्यावधिक हुन्छ । व्यक्तिगत वा पारिवारिक सूचना राख्ने कार्य पञ्जीकरण हो ।

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाको दर्ता अद्यावधिक गर्नुलाई पञ्जीकरण भनिन्छ । पञ्जीकरणलाई व्यक्तिगत घटना दर्ता पनि भनिन्छ ।

पञ्जीकरण व्यक्तिगत घटनाको अभिलेख हो । पञ्जीकरणले नागरिकलाई नागरिकता प्राप्त गर्न, राज्यबाट कानुनबमोजिमका सुविधा लिन सहयोग प्रदान गर्छ । पञ्जीकरणले जनसङ्ख्याको विवरण, जनसाङ्ख्यिकी तत्त्वको विश्लेषण गर्न वास्तविक सूचना प्रदान गर्छ । नेपालमा वि.सं. २०३४ साल वैशाख १ गतेबाट पञ्जीकरण (व्यक्तिगत घटना दर्ता) सुरु भएको हो ।

## अभिलेख

जनसङ्ख्यासम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने अर्को स्रोत अभिलेख हो । यस्ता अभिलेखहरू आआफ्ना कार्यालयका कामकाजमा सघाउ पुऱ्याउने हिसाबले छुट्टाछुट्टै संस्थाहरूले सङ्कलन गरेका हुन्छन् । त्यसैले यिनमा सबै खालका सूचनाहरू हुँदैनन् । यस्ता अभिलेखमा खास गरी मतदाता नामावली, नागरिकताको लगत, टेलिफोन डाइरेक्टरी, विद्यालय भर्ना लगत आदि पर्छन् । खास गरी अनुसन्धान कर्ता, प्रशासक र योजनाविद्हरूको प्रयोगका निम्ति यस्ता अभिलेख उपयोगी हुन्छन् ।

## अभ्यास

१. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरूको सूची तयार पार्नुहोस् ।

२. नेपालमा पहिलो र पछिल्लो जनगणना कहिले कहिले भएको थियो ?

३. पञ्जीकरण भनेको के हो ? नेपालमा पञ्जीकरण कहिलेबाट सुरु भएको हो ?

## क्रियाकलाप

१. जनसङ्ख्याको सही सूचना प्राप्त गर्न जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू महत्त्वपूर्ण हुन्छन्, कसरी ? उल्लेख गर्नुहोस् ।

२. तपाईंको घरपरिवार वा समुदायमा कसैले आफ्नो परिवारको व्यक्तिगत घटना दर्ता नगराएको व्यक्ति भेट्नुभयो भने उहाँलाई दर्ता गर्नुका फाइदा उल्लेख गरी कसरी सम्झाउनुहुन्छ ?

## सामुदायिक कार्य

आफ्नो वडाको गत एक महिनाको पञ्जीकरण अद्यावधिकताको अवस्था अध्ययन गरी कक्षामा प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# नेपालको जनसङ्ख्याको अवस्था



जनसङ्ख्या परिवर्तन भइरहन्छ । यो निरन्तर प्रक्रिया हो । त्यसैले जनसङ्ख्याको वास्तविक आकार यही हो भनी निश्चित गर्न कठिन हुन्छ । तर निश्चित ठाउँ र समय तोकेमा जनसङ्ख्याको परिणाम वा मात्रा भन्न सकिन्छ । कुनै निश्चित भौगोलिक क्षेत्रमा निश्चित समयमा रहेको जनसङ्ख्यालाई नै जनसङ्ख्याको आकार भनिन्छ । जनसङ्ख्याको आकार बुझ्न निश्चित समय तोकिनुपर्छ । वि.सं. १९६८ मा नेपालको जनसङ्ख्या ५६,३८,७४९ थियो । वि.सं. २०६८ सालको जनगणनामा नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५०४ थियो ।

जनसङ्ख्याको आकारमा घटबढ हुनु जनसङ्ख्या परिवर्तन हो । जनसङ्ख्या परिवर्तनका तीन पक्षहरू हुन्छन्, जन्म, मृत्यु र बसाइँसराइ । यी तीन पक्षका कारण कुनै निश्चित समयावधिमा कुनै मुलुकको कुल जनसङ्ख्याको आकारमा आउने परिवर्तनलाई जनसङ्ख्या वृद्धि भनिन्छ । प्रतिसय जनसङ्ख्यामा प्रतिवर्ष वृद्धि हुने सङ्ख्यालाई जनसङ्ख्या वृद्धिदर भनिन्छ । उदाहरणका लागि वि.स. २०५८ को जनगणनाअनुसार नेपालको वार्षिक जनसङ्ख्या वृद्धिदर २.२५ प्रतिशत थियो । त्यस्तै जनगणना २०६८ अनुसार वार्षिक जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेको छ ।

नेपालको जनसङ्ख्या वृद्धिदरको प्रवृत्ति हेर्दा यो पछिल्लो दशकमा वृद्धिदरको अनुपात घट्दो क्रममा रहेको देखिन्छ । विगतका जनगणनामा जनसङ्ख्या वृद्धिदर दुई प्रतिशत हाराहारी भए पनि पछिल्लो जनगणनाअनुसार जनसङ्ख्या वृद्धिदरमा कमी आएको छ ।

उमेर लिङ्ग जाति, धर्म, पेसा, भाषा आदि जनसङ्ख्याका आधारभूत पक्षहरू हुन् । उल्लिखित पक्षले जनसङ्ख्याको बनोटलाई जनाउँछ । जनसङ्ख्या बनोटले समाज, समुदाय र समग्र राष्ट्रको यथार्थ जनसङ्ख्यालाई बताउँछ । जनसङ्ख्या बनोटले देशको विकासका गतिविधिमा प्रभाव पार्छ । उदाहरणका लागि १५-५९ वर्ष उमेर समूहलाई पेसागत क्षमता वा सक्रिय जनसङ्ख्या मानिन्छ । यो उमेर समूहको जनसङ्ख्या बढी हुनु भनेको स्रोत साधन परिचालनमा सहयोग पुग्नु हो ।

त्यस्तै लैङ्गिक बनोट भन्नाले जनसङ्ख्यामा महिला, पुरुष र तेस्रो लिङ्गीको अवस्था वा बनोटलाई बताउँछ । त्यस्तै प्रतिसय महिलाहरूमा पुरुषहरूको अनुपातलाई लैङ्गिक अनुपात भनिन्छ ।

नेपालमा वि.सं.२०६८ को जनगणना अनुसार

| जनगणना वर्ष | जम्मा जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|
| २०६८ | २,६४,९४,५०४ | १,२८,४९,०४१ | १,३६,४५,४६३ |

भौगोलिक क्षेत्रअनुसार (वि.सं. २०६८) नेपालको जनसङ्ख्या

| भौगोलिक क्षेत्र | कुल जनसङ्ख्या | प्रतिशत | महिला | पुरुष |
|---|---|---|---|---|
| हिमाल | १७,८१,७९२ | ६.७३ | ९,१९,२०० | ८,६२,५९२ |
| पहाड | १,१३,९४,००७ | ४३.०१ | ५९,५३,९४० | ५४,४०,०६७ |
| तराई | १,३३,१८,७०५ | ५०.२७ | ६७,७२,३२३ | ६५,४६,३८२ |

जनसङ्ख्याको महत्त्वपूर्ण पक्ष साक्षरता पनि हो । पछिल्लो जनगणनाअनुसार नेपालको साक्षरता दरको अवस्था सुधारउन्मुख छ । नेपालको जनगणना २०६८ अनुसार ६५.९% मानिस साक्षर थिए । जसमा पुरुष साक्षरता ७५.१% र महिला साक्षरता ५७.४% रहेको थियो ।

जनघनत्व जनसङ्ख्या अध्ययनको महत्त्वपूर्ण पक्ष हो । जनघनत्व भन्नाले कुनै निश्चित भौगोलिक क्षेत्रभित्र प्रतिवर्ग माइल वा प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा बसोबास गर्ने व्यक्तिको सङ्ख्या हो । बढी आर्थिक सामाजिक सुविधा भएका ठाउँमा जनघनत्व बढी हुन्छ । जनघनत्वले सामाजिक सुविधाको वितरण र उपभोगमा प्रभाव पार्छ । बढी जनघनत्व भएका ठाउँमा खानेपानी, सरसफाइलगायत सामाजिक सुविधा वितरण चुनौतीपूर्ण हुन सक्छ । जनगणना २०६८ अनुसार नेपालको जनघनत्व १८० र जनगणना २०५८ अनुसार १५० रहेको थियो ।

## अभ्यास

१. जनसङ्ख्या वृद्धिको परिभाषा उल्लेख गर्नुहोस् ।

२. लैङ्गिक अनुपात कसरी निकालिन्छ ?

३. जनसङ्ख्या वितरणमा प्रभाव पार्ने तत्त्वहरू उल्लेख गर्दै छोटकरीमा वर्णन गर्नुहोस् ।

## क्रियाकलाप

१. नेपालको पछिल्लो जनगणनाअनुसार नेपालका प्रदेशको जनसङ्ख्या वितरण वृत्तचित्रमा देखाउनुहोस् ।

२. तपाईं बसेको जिल्लाको जनसङ्ख्या र जनघनत्व सोधखोज गरी पत्ता लगाउनुहोस् ।

## समूह कार्य

तपाईंको जिल्ला वा प्रदेशको जनघनत्व कस्तो छ, उल्लेख गर्नुहोस् । बढी वा कम जनघनत्व हुँदा तपाईंको जिल्ला वा प्रदेशमा परेको प्रभाव उल्लेख गर्नुहोस् ।

पाठ ५

# जनसङ्ख्या व्यवस्थापन

जनसङ्ख्या व्यवस्थापन भन्नाले उपलब्ध स्रोत साधनको न्यायोचित उपयोग हुने गरी जनसङ्ख्यालाई सही रूपले वितरण गर्ने कार्यलाई बुझाउँछ । जनसङ्ख्यासँगै प्राकृतिक स्रोतहरू वृद्धि गर्न सकिँदैन । बढ्दो जनसङ्ख्याले हाम्रा न्यूनतम आवश्यकताहरू गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा जस्ता दैनिक आवश्यकताहरू सहज हुन सक्दैनन् ।

राज्यमा उपलब्ध स्रोत र साधनभन्दा बढी जनसङ्ख्या भयो भने नागरिकको गुणस्तरीय जीवनमा नकारात्मक प्रभाव पर्छ । बढ्दो जनसङ्ख्याले प्राकृतिक स्रोत र साधनको जथाभावी दोहन हुन्छ । प्राकृतिक स्रोत र साधन मासिँदै जान्छन् । यसले वातावरणमा नराम्रो प्रभाव पार्छ । यस्ता समस्या सिर्जना हुन नदिन जनसङ्ख्या व्यवस्थापनमा ध्यान दिनुपर्छ ।

जनसङ्ख्या व्यवस्थापनको महत्त्व




जनसङ्ख्या वृद्धिदरलाई उपयुक्त सीमाभित्र राख्नु जनसङ्ख्या व्यवस्थापनको प्रमुख कार्य हो । बसाइँसराइ दरलाई व्यवस्थित गर्न सक्दा देशको जनसङ्ख्यालाई खानपान, शिक्षादीक्षा, स्वास्थ्य सेवा तथा रोजगारीको अवसर उचित किसिमले उपलब्ध गराउन सकिन्छ । देशमा बसोबास गर्ने नागरिकलाई सानो, सुखी, गुणस्तरीय परिवार बनाउन जिम्मेवार बनाउनु नै जनसङ्ख्या व्यवस्थापनको मुख्य सरोकार हो ।

जनसङ्ख्या व्यवस्थापनको पहिलो कार्य प्राकृतिक स्रोत, वातावरण र मानव जीवनको सन्तुलन कायम गर्नु हो । जनसङ्ख्या व्यवस्थापनले वातावरण सन्तुलन हुन्छ । मानिसमा वातावरण संरक्षण कसरी गर्ने भनी चेतना फैलाउँछ ।

जनसङ्ख्या व्यवस्थापन भनेको नै देशलाई चाहिने उपयुक्त ढाँचाको जनसङ्ख्याको आकार कायम गर्नु पनि हो । जनसङ्ख्या उचित व्यवस्थापन हुँदा गुणस्तरीय र दक्ष जनशक्ति उत्पादनमा मदत पुग्छ । स्रोत साधनको अधिकतम परिचालन हुन्छ । यसले गर्दा देशको आर्थिक सामाजिक विकासमा मदत पुग्छ ।

## अभ्यास

१. जनसङ्ख्या व्यवस्थापनको परिचय दिनुहोस् ।

२. जनसङ्ख्या व्यवस्थापनको महत्त्व उल्लेख गर्नुहोस् ।

३. वातावरणीय सन्तुलन कायम गर्न जनसङ्ख्या व्यवस्थापनले कसरी मदत गर्छ ?

## क्रियाकलाप

१. तपाईंको समुदायको जनसङ्ख्या बढी, कम वा सन्तुलित के छ, उल्लेख गर्दै त्यसले पारेको प्रभावको सूची बनाउनुहोस् ।

२. गुणस्तरीय जीवनका लागि जनसङ्ख्या व्यवस्थापन शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

३. जनसङ्ख्या व्यवस्थापनले आर्थिक विकासमा कसरी टेवा दिन्छ ? समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

पाठ ६

# जनसङ्ख्या व्यवस्थापन र स्थानीय निकायको भूमिका

जनसङ्ख्या व्यवस्थापन आजको आवश्यकता हो । नागरिकको माग हो । हाम्रो देशको सन्दर्भमा त जनसङ्ख्या व्यवस्थापन झन् आवश्यक छ । स्वास्थ्य सेवाको अभाव, लैङ्गिक विभेद, बालविवाह, अशिक्षा, आर्थिक विभेद जस्ता सामाजिक कारण हाम्रो देशमा जनसङ्ख्या व्यवस्थापनका मुख्य चुनौती हुन् ।

जनसङ्ख्या व्यवस्थापनले देशको बढ्दो जनसङ्ख्याको आकारलाई देशका लागि उपयुक्त हुने आवश्यक ढाँचामा राख्न मदत गर्छ । नागरिकका न्यूनतम आवश्यकता पूरा गर्न सहयोग गर्छ । त्यसकारण हाम्रो देशको बढ्दो जनसङ्ख्यालाई उपयुक्त आकारमा राख्न अर्थात् जनसङ्ख्या व्यवस्थापन गर्न जरुरी छ ।

### जनसङ्ख्या व्यवस्थापनका उपायहरू

(क) ढिलो विवाह गर्नुपर्दछ । जसले धेरै बच्चा जन्माउने अवस्थालाई नियन्त्रण गर्छ ।

(ख) शिशु स्तनपानमा जोड दिनुपर्दछ ।

(ग) सर्वसुलभ स्वास्थ्यसेवाको विस्तार गर्नुपर्दछ ।

(घ) रोजगारीका अवसरको वृद्धि गर्नुपर्दछ ।

(ङ) परिवार नियोजन शिक्षा सबैलाई दिनुपर्दछ ।

(च) व्यवस्थित बसाइँसराइलाई जोड दिनुपर्दछ ।

(छ) जनसङ्ख्या शिक्षामा जोड दिनुपर्दछ ।

(ज) लैङ्गिक विभेदको अन्त्य गरिनुपर्छ ।

बसाइँसराइ जनसङ्ख्या व्यवस्थापनको आधारभूत पक्ष हो । सरकारले सबै प्रदेश र स्थानीय तहमा विकासका कार्यक्रम सञ्चालन गर्न सक्नुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका आधारभूत आवश्यकता स्थानीय तहमा उपलब्ध हुन सके बसाइँसराइ केही कम हुन्छ ।

उमेर पुगेपछि मात्र विवाह गर्ने कानुनी व्यवस्थाको कडाइको साथ पालना हुनुपर्दछ । परिवार नियोजनका स्थायी अस्थायी साधनको प्रयोगमा जोड दिनुपर्छ । विद्यालय तहदेखि नै जनसङ्ख्या शिक्षा प्रदान गरिएमा जनसङ्ख्या व्यवस्थापनमा सहयोग पुग्छ ।

आयमूलक कार्यक्रमहरू, रोजगारीका अवसर सिर्जना हुन सके मानिस व्यस्त हुन्छ । यसले जन्मदरमा कमी ल्याउँछ । विकसित मुलुकको जनसङ्ख्या वृद्धिदर कम हुनुको प्रमुख कारण मानिसको कार्य व्यस्तता पनि हो ।

## जनसङ्ख्या व्यवस्थापनमा स्थानीय सरकार र सङ्घसंस्था

जनसङ्ख्या व्यवस्थापन गर्ने प्रमुख दायित्व सरकारको हो । नेपाल सरकारअन्तर्गतका स्वास्थ्य केन्द्र, महिला स्वयम्सेवकले घर घरमा मातृशिशु प्रजनन स्वास्थ्यसम्बन्धी सल्लाह सुझाव प्रदान गर्छन् ।

गाउँपालिका तथा नगरपालिकाका कार्यअन्तर्गत परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, महिला बालबालिकाको कुपोषण न्यूनीकरण तथा रोकथाम आदि उल्लेख गरिएका छन् । स्थानीय तहले जनसङ्ख्या व्यवस्थापनका विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्छन् । सचेतना कार्यक्रम, रोजगारीको अवसर प्रदान आदि मार्फत स्थानीय तहले जनसङ्ख्या व्यवस्थापनमा भूमिका निर्वाह गर्न सक्छन् ।

जनसङ्ख्या व्यवस्थापनमा परिवार नियोजन सङ्घ तथा अन्य स्थानीय सामाजिक सङ्घसंस्थाले चेतनामूलक कार्यक्रम सञ्चालन गरेको पाइन्छ । स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजनलगायतका सञ्चार माध्यमहरूले जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कार्यक्रम प्रकाशन एवम् प्रसारण गरेका हुन्छन् । यी कार्यक्रम उपलब्धिमूलक छन् । विद्यालय तहमा जनसङ्ख्या शिक्षा अध्यापनले पनि जनसङ्ख्या व्यवस्थापनमा सहयोग गरेको छ ।

सरकारले विभिन्न सामाजिक सङ्घसंस्थासित समन्वय गरेर व्यावसायिक तालिम सञ्चालन गरेको छ । मानिसहरू विभिन्न आयमूलक कार्यक्रममा सहभागी भएका छन् कार्य व्यस्तताका कारण जनसङ्ख्या व्यवस्थापनमा पनि सहयोग पुगेको छ ।

### अभ्यास

१. नेपालमा जनसङ्ख्या व्यवस्थापनका कुनै दुई चुनौतीहरू उल्लेख गर्नुहोस् ।

२. जनसङ्ख्या व्यवस्थापनमा कार्यरत कुनै दुई सरकारी कार्यालय र तिनको भूमिका उल्लेख गर्नुहोस् ।

३. जनसङ्ख्या व्यवस्थापनमा विद्यालयको भूमिका उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंको गाउँपालिका वा नगरपालिकाले जनसङ्ख्या व्यवस्थापनमा गरेका कार्यहरूको सूची तयार पार्नुहोस् ।

२. नेपाल सरकारले जनसङ्ख्या शिक्षा प्रवर्धन गर्न गरेका गतिविधि खोजी गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## समूहगत कार्य

कक्षाका विद्यार्थीहरू विभिन्न समूहमा विभाजित हुनुहोस् । तपाईंको समुदायमा जनसङ्ख्या स्थापनमा कार्यरत सामाजिक संस्था र स्थानीय सरकारको गतिविधि समेटी टिपोट तयार पार्नुहोस् ।

# एकाइ नौ अन्तर्राष्ट्रिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि

## सिकाइ उपलब्धि

- नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोगको अवस्था जानकारी लिई उल्लेख गर्न
- सूचना प्रविधिको परिचय दिन र उचित प्रयोग गर्न
- समसामयिक गतिविधि र घटनाहरू सङ्कलन गरी त्यसको प्रभाव बताउन







पाठ
१

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध

तलको चार्ट हेर्नुहोस् :




चित्रमा उल्लेख भएजस्तै व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ । परिवार परिवारले समाज बन्छ । समाज समाजबाट राष्ट्र हुन्छ । राष्ट्रहरूको सिङ्गो समूह विश्व हो ।

व्यक्तिहरूका आवश्यकता असीमित हुन्छन्, जुन पूरा गर्न कठिन हुन्छ । यस्तो बेलामा एक व्यक्तिले अर्को व्यक्तिलाई सहयोग गर्छ । राष्ट्रहरूबिच एकआपसमा सम्बन्ध कायम भएको हुन्छ । आजको प्रविधिको युगमा त सम्बन्धको दायरा अझ फराकिलो भएको छ । राष्ट्र राष्ट्रहरूबिच मैत्रीपूर्ण औपचारिक सम्बन्ध कायम हुनु अन्तर्राष्ट्रिय सम्बन्ध हो । अन्तर्राष्ट्रिय सम्बन्ध औपचारिक हुन्छ । दुवै देशका सरकारबिच लिखित रूपमा सम्बन्ध कायम भएको हुन्छ । अन्तर्राष्ट्रिय सम्बन्धका केही आधारहरू हुन्छन्, यसलाई परराष्ट्रनीति भनिन्छ । सामान्यतया संयुक्त राष्ट्रसङ्घ (UNO) का सदस्य राष्ट्रहरूबिच अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित भएको हुन्छ । सबै जसो राष्ट्रहरू UN का सिद्धान्त र मूल्य मान्यताप्रति प्रतिबद्ध भएकाले उनीहरूको परराष्ट्र नीति पनि सोहीअनुसार निर्देशित हुन्छ ।

नेपालको परराष्ट्र नीति पनि संयुक्त राष्ट्रसङ्घको सिद्धान्त, असंलग्नता, अन्तर्राष्ट्रिय मूल्य, मान्यता र पञ्चशीलको सिद्धान्तबाट निर्देशित छ । यिनै सिद्धान्त र मूल्य मान्यताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम रहन्छन् ।

राष्ट्रहरूले विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग पनि सम्बन्ध कायम गरेका हुन्छन् । उक्त सङ्घसंस्थाबाट आवश्यक परेका बेला सहयोग प्राप्त हुन्छ । यी आर्थिक, सामाजिक, सङ्घसंस्था धेरै राष्ट्रहरूमा क्रियाशील हुने भएकाले राष्ट्रहरूबिच समन्वय कायम गर्न सहज हुन्छ । देशहरूबिचको साझा समस्या समाधान गर्न सहज हुन्छ । यसरी विभिन्न बहुराष्ट्रिय निकायहरू, एसियाली विकास बैङ्क (ADB), विश्व बैङ्क (World Bank) को सदस्यता पनि अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वयको उदाहरण हो ।

राष्ट्रहरूबिच क्षेत्रीय सङ्गठन, मञ्चहरू निर्माण गर्ने, साझा समस्या र विचारमा छलफल गर्ने प्रचलन छ । साथै विभिन्न क्षेत्रीय चासो र मुद्दाहरूमा सहयोग, सहकार्य र समन्वय पनि गर्ने पद्धति छ । South Asian Association for Regional Co-operation (SAARC), European Union आदि क्षेत्रीय मञ्चहरू पनि अन्तर्राष्ट्रिय सम्बन्धका उदाहरण हुन् ।

नेपालको पहिलो अन्तर्राष्ट्रिय दौत्यसम्बन्ध संयुक्त अधिराज्य (बेलायत) सँग भएको थियो । नेपाल र बेलायतबिच सन् १८१६ मा दौत्यसम्बन्ध कायम भएको थियो । अहिलेसम्म (25 Sep. 2019) १६८ राष्ट्रसँग नेपालको अन्तर्राष्ट्रिय दौत्यसम्बन्ध रहेको छ । पछिल्लो दौत्यसम्बन्ध कायम भएको राष्ट्र घाना हो ।

नेपालको द्विपक्षीय अन्तर्राष्ट्रिय सम्बन्धका अतिरिक्त एसियाली विकास बैङ्क, युरोपियन युनियनलगायतका बहुराष्ट्रिय एवम् क्षेत्रीय मञ्चसँग पनि अन्तर्राष्ट्रिय सम्बन्ध छ ।



भारतको नयाँ दिल्ली स्थित नेपाली राजदुतावासको कार्यालय

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा राष्ट्रले एकअर्काको देशमा राजदूतावास स्थापना गर्छन् । नेपालले विभिन्न देशमा राजदूतावास स्थापना गरेको छ । यस्ता दूतावासमार्फत विदेशमा रहेका नेपाली नागरिकका समस्यालाई बुझ्ने र समाधानमा पहल गर्ने काम हुन्छ । अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्नु भनेको विश्वमा आफ्नो देशलाई चिनाउनु हो । अन्तर्राष्ट्रिय सम्बन्ध कायमपछि एकअर्कालाई आवश्यक सहयोग र आपत्विपत्मा मदत पुग्छ । सहयोग र समन्वयको अवसर प्राप्त हुन्छ । एक राष्ट्रले ल्याएका विकासको नयाँ अवधारणा अर्को राष्ट्रमा आदानप्रदान हुन्छ । राष्ट्रहरूबिच रहेका साझा समस्या समाधानमा सामूहिक भावना र प्रतिबद्धता कायम गर्न सहज हुन्छ । राष्ट्रहरूबिच प्रविधि, रोजगारी र व्यापार बढाउन सहयोग पुग्छ । रोजगार, पर्यटन प्रवर्धन, खेलकुद जस्ता क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वयले महत्त्वपूर्ण निर्वाह गर्छ ।

## अभ्यास

(क) 'अन्तर्राष्ट्रिय सम्बन्ध' को परिचय दिनुहोस् ।

(ख) परराष्ट्र नीति भनेको के हो ? प्रस्ट पार्नुहोस् ।

(ग) नेपालको दौत्य सम्बन्ध कायम भएको पहिलो र पछिल्लो राष्ट्रको मितिसहित नाम उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

(क) नेपालको द्विपक्षीय सम्बन्ध कायम भएका केही राष्ट्रहरू र सङ्घसंस्थाहरूको छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

(ख) नेपाललाई अन्तर्राष्ट्रिय सम्बन्ध कायम भएबाट के के फाइदा पुगेको छ ? जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) नेपालको परराष्ट्र नीतिका आधारहरूको चार्ट बनाई कक्षामा टाँस्नुहोस् ।

पाठ
२

# नेपालको विकासमा अन्तर्राष्ट्रिय सहयोग

नेपालको हालसम्म (सन् २०१९) १६८ राष्ट्रसँग दौत्यसम्बन्ध कायम भएको छ । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क जस्ता बहुराष्ट्रिय संस्थासँग पनि हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वय छ । युरोपियन युनियन (EU), आसियान (ASEAN) लगायतका क्षेत्रीय मञ्चहरूले पनि नेपालको आर्थिक, सामाजिक विकासमा सहयोग पुऱ्याएका छन् ।

विभिन्न मुलुकहरूले नेपालको भौतिक पूर्वाधारको विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् । जापान, चीन, भारतलगायतका छिमेकी तथा मित्रराष्ट्रहरूले सडक, विद्युत्, खानेपानीका क्षेत्रमा सहयोग पुऱ्याएका छन् । शिक्षा, स्वास्थ्यलगायतका सामाजिक विकासमा विश्व बैङ्क, युनिसेफ (UNECEF), युनेस्को (UNESCO) जस्ता सङ्घसंस्थाको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालको आर्थिक गतिविधिमा पनि दातृनिकायको भूमिका महत्त्वपूर्ण छ ।

नेपालको विकासमा मित्रराष्ट्र तथा सङ्घसंस्थाले पुऱ्याएको योगदानका केही उदाहरण हेरौँ :



छिमेकी राष्ट्र भारत नेपालको विकासको महत्त्वपूर्ण साझेदार राष्ट्र हो । नेपाल र भारतबिच १७ जुन १९४७ मा दौत्यसम्बन्ध कायम भएको थियो । भारतले नेपालको विकासमा महत्त्वपूर्ण योगदान गरेको छ । भारतले वीर अस्पताल, साना तथा ठुला जलविद्युत् आयोजनाको निर्माण, सडक तथा रेल सेवा निर्माणलगायतका विकास कार्यमा सहयोग गरेको छ । भारत नेपालको व्यापार साझेदार मुलुक पनि हो । भारतले बर्सेनि ठुलो सङ्ख्यामा एम्बुलेन्स, विद्यालय बस तथा नेपाली विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । भारतले बर्सेनि नेपाललाई आर्थिक सहयोग तथा ऋण पनि उपलब्ध गराउँदै आएको छ ।

अर्को छिमेकी राष्ट्र जनवादी गणतन्त्र चीन नेपालको विकासको महत्त्वपूर्ण साझेदार राष्ट्र हो । नेपाल र चीनबिच १ अगस्ट १९५५ मा दौत्यसम्बन्ध कायम भएको थियो ।

चीनले पनि नेपालको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, काठमाडौँ रिङरोड विस्तार परियोजना, निजामती कर्मचारी अस्पताललगायतको निर्माणमा चीनले महत्त्वपूर्ण योगदान गरेको छ । साना तथा ठुला जलविद्युत् आयोजनाको निर्माण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तारलगायतका विकास कार्यक्रममा पनि नेपाललाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।



मित्रराष्ट्र जापान नेपालको विकासको अर्को महत्त्वपूर्ण साझेदार राष्ट्र हो । नेपाल र जापानबिच September 1956 A.D. मा दौत्यसम्बन्ध कायम भएको थियो । जापानले नेपालका सडक निर्माणमा महत्त्वपूर्ण योगदान गरेको छ । बी.पी.राजमार्ग, कोटेश्वर सूर्य विनायक सडक विस्तार, नागढुङ्गा नौबिसे सुरुङमार्ग, कर्णालीको पुल, तनहुँ जलविद्युत् आयोजना, खानेपानी आयोजनालगायतका विकास कार्यक्रममा जापानको सहयोग रहेको छ । मानव संसाधन विकासमा पनि जापानले नेपाली नागरिकलाई छात्रवृत्ति उपलब्ध गराउँछ ।



संयुक्त राज्य अमेरिका (USA) र नेपाल पुरानो दौत्यसम्बन्ध कायम भएका मुलुक हुन् । नेपाल र अमेरिकाबिच April, 1974 A.D. मा दौत्यसम्बन्ध कायम भएको हो । अमेरिका नेपालको वैदेशिक व्यापारको महत्त्वपूर्ण साझेदार राष्ट्र हो । नेपाली गलैँचा, पस्मिना ठुलो मात्रामा अमेरिका निर्यात हुन्छ । अमेरिका सरकारले बर्सेनि विभिन्न विषयमा छात्रवृत्ति उपलब्ध गराउँछ । बालाजु औद्योगिक क्षेत्र अमेरिकी सहयोगमा स्थापना भएको हो । अमेरिकाले नेपालमा KISAN (Knowledge Integrated Sustainable Agricultural Nutrition) कार्यक्रम सञ्चालन गरेको छ । नेपालको कृषि आधुनिकीकरणमा पनि अमेरिकाले सहयोग पुऱ्याउँदै आएको छ ।



UNICEF को नेपालमा मातृ स्वास्थ्य, बाल मृत्युदर न्यूनीकरणमा विशेष योगदान रहेको छ । बालबालिका पोषण कार्यक्रम, बालबालिका विद्यालय, शिक्षा, सरसफाइका क्षेत्रमा UNICEF को सहयोग रहेको छ । UNESCO ले सम्पदाको संरक्षण, निकुञ्जको व्यवस्थापनमा सहयोग गरेको छ । UNDP ले भूकम्पलगायतका प्राकृतिक विपद्मा सहयोग गरेको छ । वातावरणीय संरक्षण, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा पनि UNDP ले सहयोग पुऱ्याएको छ ।

## अभ्यास

(क) नेपालको विकासमा भारतबाट भएका सहयोगहरूको सूची तयार पार्नुहोस् ।

(ख) चीन नेपालको विकासको महत्त्वपूर्ण दाता राष्ट्र हो, यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) नेपाल र जापानबिच कहिले दौत्यसम्बन्ध कायम भएको हो ?

(घ) अमेरिकाको सहयोगमा भएका विकासका कार्यक्रमको सूची तयार पार्नुहोस् ।

### क्रियाकलाप

(क) पाठ्यपुस्तकमा उल्लिखित दातृनिकायबाहेकका मित्रराष्ट्रहरू तथा सहयोगी संस्थाको योगदानको खोजी गरी कक्षामा छलफल गर्नुहोस् ।

(ख) पाठमा दिइएका विभिन्न दातृ निकायहरूको लोगो तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# सूचना प्रविधि

## सूचना प्रविधि

विभिन्न यन्त्र र प्रविधिको प्रयोग गरी गरिने ध्वनि, तस्बिर, अक्षर र अङ्कको सूचना गर्ने प्राविधिलाई सूचना प्रविधि भनिन्छ । विभिन्न प्रविधिहरू प्रयोग गरेर सूचना प्रवाह हुन्छ । तल दिइएका सूचनाको विभिन्न प्रविधिहरूले सूचना सङ्कलन, भण्डारन र व्यवस्थापनमा मदत गर्दछन् । हामी सर्च इन्जिनका रूपमा विभिन्न इन्जिनको प्रयोग गर्न सक्छौँ । गुगल सबैभन्दा बढी प्रयोग भएको सर्च इन्जिन हो ।



(क) कम्प्युटर : कम्प्युटर पनि सूचना सङ्कलन, भण्डारन र सम्प्रेषण गर्ने अर्को माध्यम हो । यसको सहयोगले कुनै पनि काम सजिलै गर्न सकिन्छ ।



(ख) इन्टरनेट : इन्टरनेट सूचना आदान प्रदान गर्न सघाउने माध्यम हो । यसका सहायताले हामी विभिन्न तथ्य एवम् सूचनाहरू खोजी गर्न र आदान प्रदान गर्न सक्छौँ ।



(ग) मोबाइल फोन : मोबाइल फोन सूचना सञ्चारको क्षेत्रमा सूचना सम्प्रेषण गर्ने माध्यम हो । यसबाट हामीले धेरै प्रकारका सूचना आदान प्रदान गर्न सक्छौँ । यस प्रविधिलाई कक्षाकोठामा सिकाइ सहजीकरणका लागि प्रयोग गर्न सकिन्छ ।



(घ) इमेल : इमेलका माध्यमबाट तपाईंले कुनै पनि चिठी पत्र, खबर आदान प्रदान गर्न सक्नुहुन्छ । याहु, जिमेल, आउटलुक जस्ता यन्त्रहरूले इमेल गर्न सहयोग पुऱ्याएका छन् ।

(ङ) फेसबुक : यो लोकप्रिय सूचना प्रदान गर्ने माध्यम हो । यसका माध्यमबाट धेरै

मानिसहरूसँग सम्पर्क कायम गर्न सकिन्छ । यसको प्रयोगका लागि एप डाउनलोड गरेर आफ्नो विवरण भर्नुपर्छ ।

(च) म्यासेन्जर : खबर आदानप्रदान गर्ने अर्को महत्त्वपूर्ण साधन म्यासेन्जर हो । यसले ध्वनि र अक्षरलाई आदानप्रदान गर्न सक्छ । यसबाट प्रत्यक्ष देखादेख गरी कुराकानी समेत गर्न सकिन्छ ।

(छ) ह्वाट्सएप/भाइबर/स्काइप : यी पनि ध्वनि र अक्षरहरू आदानप्रदान गर्न सकिने एप्सहरू हुन् । यिनीहरूका माध्यमबाट संसारका कुनै ठाउँमा भएका मानिससँग सहज तरिकाले कुरा गर्न सकिन्छ ।

Skype WhatsApp Viber

## सूचना प्रविधिबाट हुने फाइदा :










सूचना प्रविधिले हाम्रो ज्ञानको दायरा बढाउँछ । यसले नयाँ नयाँ विषयवस्तुको खोजीमा सघाउँछ । नयाँ विषयवस्तुसँग अद्यावधिक हुन मदत गर्छ । विभिन्न सेवा र सुविधा प्राप्त गर्न सहज हुन्छ । नयाँ विषयवस्तु र सूचना आदानप्रदान गर्न मदत पुग्छ ।

## अभ्यास

१. सूचना प्रविधि भनेको के हो ?

२. सूचना प्रविधिका साधनहरूको सूची बनाउनुहोस् ।

३. तपाईंले सूचना प्रविधिअन्तर्गत कुन उपकरणहरू प्रयोग गर्नुहुन्छ ?

४. सूचना प्रविधिका फाइदाहरू लेख्नुहोस् ।

## क्रियाकलाप

१. तपाईंले कुनै सामाजिक सञ्जाल प्रयोग गर्नुभएको छ ? छ भने कुन सञ्जाल प्रयोग गरेर साथी वा आफन्तसँग सम्पर्क गर्नुहुन्छ ? कक्षाका साथीहरूसँग छलफल गर्नुहोस् ।

२. सूचना प्रविधिको प्रयोग गर्दा के समस्याहरू आउँछन् ? छलफल गरी विवरण कक्षामा सुनाउनुहोस् ।

३. इन्टरनेटको प्रयोग गरी तपाईंले गृहकार्य वा कक्षाकार्य गर्नुभएको होला । भर्खरै मात्र कुन विषयवस्तुको खोजी गर्नुभयो, एकआपसमा अन्तरक्रिया गर्नुहोस् ।

पाठ ४

# सामाजिक सञ्जालको उचित प्रयोग

सूचना प्रविधिका साधनहरूले हामीलाई सूचना त दिन्छन् । यस्ता सूचना सबै राम्रा हुन्छन् भन्ने छैन । त्यसैले यस्ता साधनहरूको प्रयोगमा ख्याल राख्नुपर्छ । सूचना प्रविधिका साधनहरू प्रयोग गरेर अरूलाई गाली गर्ने, सामाजिक सञ्जालमा नराम्रा टिप्पणी गर्ने गतिविधि बढेको छ । त्यसलाई साइबर अपराध भनिन्छ । सामाजिक सञ्जालको प्रयोग गरेर हुने गलत र गैरकानुनी कार्यलाई साइबर अपराध भनिन्छ । साइबर अपराधअन्तर्गत निम्नलिखित विषयवस्तुहरू पर्दछन् :

(क) मानिसको तस्बिर जनावरको तस्बिरसँग जोड्ने

(ख) मोबाइलबाट धम्की दिने

(ग) नराम्रा, अश्लील तस्बिरहरू पठाउने

(घ) अरूको नाममा खाता खोलेर दुःख दिने

(ङ) सामाजिक सञ्जालबाट अरूलाई गालीगलौज र अपमान गर्ने आदि

यस्ता गतिविधि गरेमा जरिवाना वा जेल सजाय वा दुवै सजाय हुन सक्छ । यस्ता गलत कामबाट जोगिन निम्नलिखित उपायहरू अवलम्बन गर्नुपर्छ :

(क) आफ्नो पासवर्ड गोप्य राख्ने

(ख) काम सकिएपछि कम्प्युटर वा इन्टरनेट लगआउट गर्ने

(ग) सामाजिक सञ्जालमा आफ्ना गोप्य विवरणहरू नराख्ने

(घ) कम्प्युटर कहिल्यै पनि लगइन गरेर नराख्ने

(ङ) सामाजिक सञ्जालको प्रयोग गर्दा सभ्य र मर्यादित भाषाको प्रयोग गर्ने

(च) समय समयमा इमेल, फेसबुकलगायत सामाजिक सञ्जालका पासवर्डहरू परिवर्तन गरिरहने

हामीले सूचना प्रविधिका साधन प्रयोगमा सधैँ होसियारी अपनाउनुपर्छ । सूचना प्रविधिका साधनहरूको प्रयोग परिवारसँगै सँगै बसेर मात्र गर्नुपर्छ । आफूलाई आवश्यक पर्ने साइडहरू खोजी गर्ने, आधिकारिक वेबसाइडबाट मात्र सामग्रीहरू सङ्कलन गर्ने गर्नुपर्छ । नचिनेका मान्छेलाई सामाजिक सञ्जालमा साथी बनाउनु हुँदैन । आवश्यक परेको बेलामा मात्र साधन प्रयोग गर्नुपर्छ । नचिनेका मानिसले पठाएका म्यासेज, इमेल खोल्नु हुँदैन । विद्यार्थीहरूले त झन् आफूलाई आवश्यक पर्ने साइटहरू कुन कुन हुन् भनेर अभिभावक वा शिक्षकसँग सोध्ने गर्नुपर्छ र त्यस्ता साइटहरूमात्र खोल्नुपर्छ । आफ्नो पासवर्ड अरूलाई दिनुहुँदैन । इन्टरनेट र सामाजिक सञ्जालमा चाहिने मात्र होइन नचाहिने कुराहरू पनि हुन्छन् । ती कुराहरूले गलत सूचना दिने, नराम्रा कुरामा लत लाग्ने हुँदा त्यस्ता साइट र त्यहाँ राखिएका विषयवस्तु हेर्नु हुँदैन । सूचना प्रविधिका साधनको प्रयोग बढी गर्नाले व्यक्ति एकहोरो हुन्छ, आँखा कमजोर हुन्छ । त्यसैले यस्ता साधनहरू आवश्यकतानुसार मात्र प्रयोग गर्नुपर्छ ।

यस्ता सामग्री प्रयोगमा होसियारी अपनाइयो भने अनावश्यक तनावबाट मुक्त भइन्छ । असल व्यवहारको विकास हुन्छ । साइबर अपराधबाट जोगिन सकिन्छ । परिवारका सदस्यहरूको माया र साथ समर्थन पाइन्छ । आवश्यक परेका कुरा मात्र खोजी गर्ने बानीको विकास हुन्छ ।

## अभ्यास

१. साइबर अपराध भनेको के हो ?

२. साइबर अपराधअन्तर्गत कुन कुन अपराध पर्दछन् ?

३. साइबर अपराध गरेमा के सजाय हुन्छ ?

४. हामीले आफ्नो व्यक्तिगत सूचना कसरी सुरक्षित राख्न सक्छौँ ?

५. सूचना प्रविधिका साधनको प्रयोगमा होसियारी अपनाउँदा हुने फाइदा चार बुँदामा लेख्नुहोस् ।

## क्रियाकलाप

१. साइबर अपराधको परिचय र जोगिने उपाय सम्बन्धमा दुई समूह बनाई कक्षामा छलफल गर्नुहोस् र प्राप्त निष्कर्षलाई साथीहरूबिच आदान प्रदान गर्नुहोस् ।

२. सामाजिक सञ्जालमा सबैभन्दा बढी प्रयोग हुने सञ्जाल के हो ? उक्त सञ्जाल प्रयोग गरेर तपाईंले प्राप्त गरेका फाइदा र बेफाइदाबारे कक्षामा छलफल गर्नुहोस् ।

३. सूचना प्रविधिको प्रयोग गरेर सामाजिक अध्ययन र मानव मूल्य शिक्षा विषयको अध्ययन गर्दा के के फाइदा पाउनुभयो ? तपाईं र साथीहरूले प्राप्त गरेका फाइदाका विवरण सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## समूह कार्य

विद्यार्थीहरू चारओटा समूहमा विभाजित भई सूचना र प्रविधिको परिचय, महत्त्व, फाइदा र ध्यान दिनुपर्ने पक्षबारे समुदायका जानकार व्यक्तिसँग सोधी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ५

# समसामयिक गतिविधि

समसामयिक घटना वा गतिविधि भनेको हालसालै घटेका घटना वा गतिविधि हुन् । हाम्रो वरिपरि, देश तथा विदेशमा घटेका महत्त्वपूर्ण घटना वा गतिविधि समसामायीक विषयहरू पनि हुन् । विश्वमा घटेका केही समसामयिक गतिविधिको तल चर्चा गरिन्छ :

## कोरोना भाइरस र यसबाट बच्ने उपायहरू



कोरोना भाइरसको कारण सिर्जित रोगलाई कोभिड-१९ भनिन्छ । संसारका अधिकांश देशहरूमा यसको प्रभाव परेको छ । ठुलो सङ्ख्यामा मानिसहरू यसबाट प्रभावित हुँदा संसार नै बन्दाबन्दीको अवस्थाबाट गुज्रनु पऱ्यो । चीनको वुहानबाट सुरुभएको यस महामारीले धेरै जनधनको क्षति गरेको छ । सन् २०१९ को डिसेम्बरमा पत्ता लागेको यो भाइरस जनावरबाट मानिसमा सरेको आशङ्का गरिएको छ । विश्वका सबै जसो देशमा यसको सङ्क्रमण देखा परेको छ । अमेरिका, ब्राजिल, भारत, मेक्सिको, जर्मनी, बेलायत यसबाट धेरै प्रभावित देशहरू छन् । नेपाल पनि यस महामारीको कारण धेरै प्रभावित रह्यो । यसले शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापार आदि क्षेत्रमा नराम्रो असर पाऱ्यो । यसले मानिसहरूमा सङ्क्रमण गर्ने क्षमता अरू भाइरसमा भन्दा बढी हुन्छ । कोरोना भाइरसले सङ्क्रमण गरेपछि सुरुआती लक्षण रुगाखोकीसँग मिल्दोजुल्दो देखिन्छ । यस रोगको सङ्क्रमण हुँदा उच्च ज्वरो आउँछ । टाउको दुख्छ र सास फेर्न गाह्रो हुन्छ । कतिपय अवस्थामा बिरामीको मृत्यु पनि हुन सक्छ । यो भाइरस सजिलै एक व्यक्तिबाट अर्कामा सर्दछ । यो भाइरसबाट सुरक्षित हुने प्रमुख उपाय भनेको एक अर्काबिच भौतिक दुरी (शारीरिक दुरी) कायम गर्नु हो । रुगाखोकी

लागेका व्यक्तिहरूको सम्पर्कमा नरहने, भिडभाडबाट टाढा बस्ने, साबुन पानीले नियमित हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने र बाहिर हिँड्दा मास्क प्रयोग गर्ने गरेमा यस रोगबाट बच्न सकिन्छ ।

## नागढुङ्गा नौबिसे सुरुङ मार्ग



काठमाडौँ उपत्यका प्रवेश गर्ने मुख्य नाका नागढुङ्गामा सुरुङ मार्ग निर्माणको सुरुआत भएको छ । यो आयोजना सुरुङ र सडक गरी जम्मा पाँच किलोमिटर लामो हुने छ । यसअन्तर्गत सुरुङको लम्बाइ २.६८ किलोमिटर रहेको छ । आकस्मिक घटना भए सजिलै उद्धार गर्न आकस्मिक सुरुङको निर्माणसमेत गरिने छ । यो आयोजना ४२ महिनाभित्र कार्यसम्पन्न गरिसक्ने लक्ष्य छ । यो आयोजना सम्पन्न गर्न कुल २२ अर्ब रुपियाँ लाग्ने अनुमान छ । जापान सरकारको सहयोगमा यो आयोजना सञ्चालन गरिएको छ ।

## १३ औँ दक्षिण एसियाली खेलकुद





१३ औं दक्षिण एसियाली खेलकुद नेपालले सफलतापूर्वक सम्पन्न गऱ्यो । मिति २०७६ मङ्सिर १५ देखि २४ सम्म आयोजना गरिएको उक्त खेलमा कुल २६ खेल समावेश थिए । काठमाडौं, पोखरा र जनकपुरमा खेलिएका विभिन्न खेलहरूमा २९१० खेलाडी समावेश थिए । उक्त खेलकुदको मस्कट कृष्णसार थियो । १०६३ ओटा पदकका लागि खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए । उक्त खेलकुदमा नेपालले प्राप्त गरेका पदक तालिका यसप्रकार छ :

| देश | स्वर्ण | रजत | कास्य | जम्मा |
|---|---|---|---|---|
| भारत | १७४ | ९३ | ४५ | ३१२ |
| नेपाल | ५१ | ६० | ९५ | २०६ |
| श्रीलङ्का | ४० | ८३ | १२८ | २५१ |
| पाकिस्तान | ३१ | ४१ | ५९ | १३१ |
| बङ्गलादेश | १९ | ३२ | ८७ | १३८ |
| माल्दिभ्स | १ | ० | ४ | ५ |
| भुटान | ० | ७ | १३ | २० |
| जम्मा | ३१६ | ३१६ | ४३१ | १०६३ |

## अभ्यास

१. समसामयिक गतिविधि भनेको के हो ?

२. तपाईंको समुदायमा घटेका कुनै पाँचओटा समसामयिक घटनाको सूची बनाउनुहोस् ।

३. नेपालमा विगत छ महिना अघिदेखि हालसम्म घटेका समसामयिक घटनाको सूची बनाउनुहोस् ।

४. कोभिड-१९ ले तपाईंको समुदायमा पारेको प्रभाव लेख्नुहोस् ।

### क्रियाकलाप

१. समसामयिक घटना वा गतिविधि समावेश गरी हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्नुहोस् ।

२. विश्वमा महामारीका रूपमा फैलिएको कोभिड-१९ ले नेपाल र विश्वमा पारेको प्रभाव छलफल गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. नागढुङ्गा नौबिसे सुरुङ मार्गको निर्माणपछि पर्ने प्रभाव छलफल गरी प्राप्त विवरण साथीलाई सुनाउनुहोस् ।

४. पत्रपत्रिका, म्यागाजिन आदिबाट समसामयिक घटनाहरू समेटिएका समाचार चार्ट सङ्कलन गरी विद्यालयको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।